


## तपाईको
## नजिकैको खीष्टको
## मण्डलीमा भेटघाट गर्न
## तपाईलाई निमन्त्रणा गरिएको छ ।

- **खीष्टका मण्डलीहरुको पहिलो झुण्ड कहिले र कहाँबाट शुरुवाट भएको थियो?** (यशैया २:२,३; दानिएल २:४४; मत्ती १६:१८-२०; मर्कूस ९:१; लूका २४:४६-४९; प्रेरित १:५-८; २:१-४) ।
- **यसको संस्थापक र जग को हुनुहुन्छ?** (यशैया २८:१६; १ कोरिन्थी ३:११; मत्ती १६:१८) ।
- **मण्डलीलाई कुन नामद्धारा बोलाइयो?** (रोमी १६:१६; प्रेरित २०:२८; १ तिमोथी ३:१५) ।
- **यसका सदस्यहरुलाई के भनेर बोलाइयो?** (प्रेरित ९:१३,१४; ११:२६; २६:२८; १ पत्रुस ४:१६) ।
- **कसरी खीष्टको मण्डलीको सदस्य हुन्छन्?** (मत्ती २८:१८-२०; मर्कूस १६:१६; रोमी ६:३,४; हिब्रू ५:८,९; प्रेरित ८:२७-४०)
- **यसलाई कसरी संगठित गरियो?** (एफिसी १:२२,२३; फिलिप्पी १:१; १ तिमोथी ३:१-१२) ।
- **यसमा कसरी सेवा आराधना गर्छन्?** (यूहन्ना ४:२४; प्रेरित २:४२; कलस्सी ३:१६; एफिसी ५:१९; १ कोरिन्थी १६:१,२) ।

# The Voice of Truth International


**Staff:**

Editor : Byron Nichols
Associate Editor : Jerry Bates
: Louis Rushmore
Layout Editors : Betty Burton Choate
Typestting : Gay Nichols
Computer consultant : Bardly S. Choate

- ENGLISH EDITION IN INDIA AND BRAILLE EDITION:
**Managing Editors:**
Philemon Rajah & Kingsly Rajah

- TELUGU EDITION:
**Managing Editor, Translator:**
Joshua Gootam

- TAMIL EDITION:
**Managing Editor, Translators:**
Benny Martin, S. Rajanayagam

- HINDI EDITION:
**Managing Editor:**
Earnest Gill

- PAITE EDITION:
**Managing Editor:**
Thang Lien

- NEPALI EDITION:
**Nepal Center for Biblical Study**

- SPANISH EDITION:
**Managing Editor:**
Rafael Barrantes

- MARATHI EDITION:
**Managing Editor:**
Amul Bansod

Printed and Published in Nepal by:
**Nepal Center for Biblical Study**
**Seraphat, Chapagaon,**
**Godawari Municipality-11,**
**Lalitpur, Nepal**
E-Mail: ncbs2010@gmail.com

Computer Lay-out/Printing
**Dachhin Lalitpur Offset Press**
Chapagaon, Lalitpur
<dloffsetpress@gmail.com>
9841505969

**Publisher:**
The Voice of Truth Nepal
P.O.Box: 25999
Kathmandu, Nepal


Please send Nepali articles for publication to Gajendra Deshar
E-mail:
**<gajendra_deshar@yahoo.com>**
**<Ncbs2010@gmail.com>**

कृपया आफ्ना लेखहरु छन भने
प्रकाशनको निम्ति माथीको
इमेल र पोष्ट बक्समा
पठाउनु हुन विनम्र
अनुरोध गर्दछौ ।


**THE VOICE OF TRUTH INTERNATIONAL** is published by churches of Christ as non-profit effort. Write to us at World Evangelism, P.O.Box 72, Winona, Misssissippi, 38967, USA. Phone: 662-283-1192; Email address: Choate@worldEvangelism.org.


**THE CHURCHES OF CHRIST SALUTE YOU**
(Romans 16:16)

# सम्पादकीय

## दश कुष्ठरोगीहरु
## लूका १७:११-१९

प्रभु येशू ख्रीष्टले आफ्नो जीवन कालमा धेरै मानिसहरुको बीचमा उपस्थित भई विभिन्न ठाउँमा परमेश्वरको वचन प्रचार गर्नु भयो । उहाँको जीवनको मुख्य उद्देश्य हराएकालाई खोज्नु र बचाउनु थियो (लूका १९:१०) । यहि क्रममा उहाँ यरुशलेमतिर जानुभयो । येशू यरुशलेम जानुभएको यो तेस्रो पल्ट थियो । लूकाको अभिलेख अनुसार तीन घटनाहरु लूका ९:५१; लूका १३:२२; लूका १७:११ मा लेखेका छन् । सुसमाचार यूहन्नाले पनि येशू यरुशलेम जानु भएको तीनवटा घटना उल्लेख गरेका छन्: छात्राबासको चाडमा (यूहन्ना ७:२); लाजरसलाई मृत्युबाट जीवित पार्न जाँदा (यूहन्ना ११:१७); अन्तिम निस्तार चाड मनाउन (यूहन्ना १२:१) जानुभयो । यो उहाँको अन्तिम यात्रा थियो । प्रभुको यात्राको आफ्नै धार्मिक लक्ष्य र उद्देश्य थियो । यसबाट हामीलाई सन्देश दिन्छ कि हाम्रो यात्रामा पनि केही धार्मिक लक्ष्यहरु समावेश हुनुपर्छ ।

यस यात्रामा उहाँ उत्तरी सामरिया हुँदै दक्षिणी गालीलको सिमाना भएर जानुभयो । धेरै जसो यहूदीहरु सामरियाको बाटो भएर जाँदैनन् । सामरी त्यो समयको तल्लो जात थियो । यहूदीहरुले तिनीहरुलाई तुच्छ व्यवहार गर्थे । कोही यहूदीहरु गालील जानु पर्‍यो भने सामरियाको छोटो बाटो भएर नगईकन अर्कै लामो बाटो प्रयोग गर्थे । सामरीहरुसँग खानपान र अन्य व्यवहार चल्दैनथ्यो । तर परमेश्वरको पुत्रले सामाजिक र धार्मिक भेदभावलाई भन्दा पनि ईश्वरीय स्वभाव र मानवियता देखाउनु भयो । कतिपय हामी पनि हाम्रो समाजमा भएका जातिय भेदभाव देखाई ठुलो-सानो भन्ने भावना देखाउन खोज्छौ । हामी मानिस हौ भन्ने कुरा देखाउनु पर्छ । परमेश्वरले कसैलाई पक्षपातको व्यवहार गर्नुहुन्न (रोमी २:११; व्यवस्था १०:१७) । धार्मिक र सामाजिक छुवाछुतको भावनाले हामी कसैले पनि परमेश्वरमा आत्मा जित्न सक्दैनौं ।

उहाँ कुनै गाउँमा पस्नुहुँदा दश जना कुष्ठरोगीसँग भेट भयो । लेभीको पुस्तक १३:४५-५९ मा हेर्‍यौ भने पुरानो करारमा मोशाको व्यवस्था अनुसार कुष्ठरोगलाई एक प्रकारको पाप हो भन्थे, कस्तो विशिष्ट प्रकारको पाप भनेर उल्लेख गरेको छैनन् । पहिलो शताब्दीमा यो रोग डर लाग्दो र मृत्यु जनक रोगको रुपमा चिनिन्थ्यो । यो सरुवा रोग हो । यो रोग लागेका व्यक्तिहरुलाई घरमा राखेर उपचार गर्दैन्थ्यो । अरु परिवारका सदस्यहरुलाई सर्छ कि भन्ने डर थियो । तिनीहरुलाई गाउँमा पनि राखिदैनथ्यो । घर परिवार र गाउँमा रोगको महामारी फैलिने डरले गाउँबाट अलग्गै राखिदिन्थ्यो । उनीहरु साना छाप्रो बनाएर बस्नु पथ्यो । बाटोमा हिड्ने मानिसहरुसँग सहयोग मागेर आफ्नो जीवन गुजारा गर्नु पथ्यो । त्यसरी नै आत्मिक पापमा हराएका मानिसहरुको अवस्था पनि कुष्ठरोग लागेका मानिसहरु जस्तै हुन्छन भनी प्रेरित पावलले एफिसीको पुस्तक २:११-१३ मा भनेका छन् । पापी मानिसहरु पापको कारणले गर्दा परमेश्वरबाट अलग भएको, अशुद्ध र उ एक्लो भएर आशा रहित हुन्थे । उसको परिवार, आफन्त र समाजले उसलाई त्यागिसकेको हुन्छ । त्यस्तो दयनीय अवस्थामा पापी मानिसहरुको सहारा परमेश्वर मात्र हुनुहुन्छ । पापी मानिसहरु ताढैवाट परमेश्वरलाई पुकार गरेर भन्छन, "के येशू गुरुज्यू, हामीमाथि कृपा गर्नुहोस् ।" तिनीहरुले येशूलाई चिनेकै हुनुपर्छ वा उहाँको आश्चर्यकर्म र उहाँ को हुनुहुन्छ भन्ने वारेमा सुनेकै हुनुपर्छ । नत्र भने तिनीहरुले येशूलाई गुरुज्यू भनेर सम्वोधन गर्दैन्थ्यो । पापी मानिसहरुले परमेश्वरसँग उहाँको कृपा माग्छन् । माग त तिमीलाई दिइनेछ भन्ने कुरालाई नर्बिसनुहोस् (लूका ११:९-१३) ।

परमेश्वरले पापी मानिसहरुको पुकारा सुन्नुहुन्छ र ठीक समयमा जवाफ दिनुहुन्छ । प्रभु येशूले मानिसहरुलाई आश्चर्य कर्म गरी तिनीहरुको रोग निको पार्ने तरीका हाम्रो सोच विचार भन्दा फरकै थियो । कसैलाई तत्कालै छोएर निको पार्नु भयो भने, कसैलाई नछोइकन निको पार्नु भयो, कसैलाई यी कुराहरु अरुलाई नभन्नु भन्नुभयो भने कसैलाई भन्नको निम्ति आज्ञा गर्नुभयो, कुनै अवस्थामा तिनीहरुको आफ्नै विश्वासले निको भयो भने कुनै अवस्थामा अरुको विश्वासले निको भएको देख्छौं । तर यहाँ प्रसङ्ग अलि फरक देखिन्छ । प्रभुले तिनीहरुलाई पूजाहारीकहाँ आफैलाई देखाओ भन्नु भयो । तिनीहरुले मोशाको व्यवस्थालाई पालना गर्छन कि गर्दैनन र मैले भनेको कुरामा विश्वास गरेर त्यस अनुसारको काम गर्छन कि गर्दैनन भन्ने कुरा प्रभुले हेर्न चाहिरहनु भएको थियो । तिनीहरुले येशूको वचनमाथि विश्वास गरे । बाइबलमा विश्वास र काम नङ्ग र मासु जस्तै अलग हुन नसक्ने कुरा हो (याकूब २:१४-२६) । जब कुनै पापी मानिसले परमेश्वरको वचन र आज्ञाहरुलाई पालन गर्छन, तव त्यहाँ आश्चर्य कर्म हुन्छन् । नयाँ नियममा येशूको वचन पालना गरेर आफ्नो जीवन परिवर्तन भएका धेरै मानिसहरुको उदाहरणहरु पढ्न पाउँछौ ।

तिनीहरु यरुशलेमको बाटोमा जाँदा जाँदै निको भयो । जब कसैले परमेश्वरको वचन सुन्दछ र त्यसको पालना गर्दछन् तिनीहरुलाई परमेश्वरले आशिष दिनुहुन्छ । कुष्ठरोगको कारणले गर्दा तिनीहरु बोल्न नसक्ने

अवस्थामा थियो । जब परमेश्वरले तिनीहरुको जीवनमा अच्चमको काम गर्नुभयो तव उच्च स्वरले परमेश्वरको महिमा गर्दै येशू कहाँ फर्केर आए । उहाँका पाउमा घोप्टो परेर उहाँलाई धन्यवाद दिए । प्रभुले हाम्रो जीवनमा गर्नु भएका अदभुत अच्चमका कार्यहरु प्रति हामी उहाँमा धन्यवादी हुनु पर्छ । बालबच्चाहरुले परिवारप्रति धन्यवादी हुने, संगीसाथीहरुले एकले अर्कालाई धन्यवादी हुने र मानिसहरुले परमेश्वरप्रति धन्यवादी हुने कुरा सिकाउनु पर्छ । प्रभु येशू कहाँ हामी फर्केर जानु पर्छ । सामरीको कृतज्ञताले भविष्यमा अन्यजातिहरुले ख्रीष्टियानिटीलाई स्वीकार गर्छन भन्ने कुरा अनुमान गर्न सकिन्छ । दश जना शारीरिक रुपमा निको भएका थिए । तर एक जना मात्र येशूकहाँ आएर उहाँलाई धन्यवाद दिए । बाँकी नौ जना आफ्नै बाटोमा फर्केर गए । अन्यजातिहरु परमेश्वरप्रति धन्यवादी भए भने परमेश्वरका सन्तान भनिएका इस्रायलीहरु उहाँप्रति धन्यवादी भएनन् । किन तिनीहरु फर्केर आएनन् होला?

एक जना व्यक्ति साँच्चै नै निको भएको हो कि होइन भनेर पर्खेर बस्यो होला ।

एक जना त्यो व्यक्ति निको भएको कति लामो समयसम्म टिक्छ भनेर बस्यो होला ।

एक जना त्यो व्यक्तिले येशूलाई पछि भेट्ने भन्यो होला ।

अर्कोले भन्यो होला उसमा कुनै कुष्ठरोग नै थिएन ।

अर्कोले भन्यो होला उ अन्तैबाट निको भयो ।

अर्कोले पूजाहारीको प्रशंसा गऱ्यो होला ।

अर्कोले भन्यो होला, साँच्चै नै येशूले गर्नु भएको होइन् ।

अर्कोले भन्यो होला कुनै रब्बीले गरेको हो ।

अर्कोले भन्यो होला मेरो रोग पहिले नै निको राम्रो भएको थियो ।

कति लामो समयसम्म पाप क्षमा भएको व्यक्तिले परमेश्वरको अनुग्रह र मुक्तिप्रति प्रतिक्रिया गर्दैनन्? यी नौ जना कुष्ठरोग लागेका मानिसहरु दयनीय अवस्थामा, डरलाग्दो रोग लिएर उहाँलाई निको पार्न अनुरोध गरे । येशूले तिनीहरुलाई निको पार्नुभयो । तर तिनीहरुले येशूलाई “धन्यवाद” भनेनन् । आज मण्डलीमा परमेश्वरको दया, करुणा, कृपा, प्रेम, उद्धार मुक्ति, स्वर्गीय आशिषप्रति धन्यवाद नभएका जनहरुलाई उहाँले तिनीहरु कहाँ छन् भनी सोध्नुहुन्छ ।

# बिषय सूची

**शिर्षक** **पाना नम्बर**


येशू ख्रीष्टको पूर्व अस्तित्व र ईश्वरत्व...... ०
येशू ख्रीष्ट, अनन्तको बलिदान ...... ०
परमेश्वरको प्रेम प्रचार गर्ने...... ०
नोआको जलप्रलय...... ०
बाइबलमा इराक...... ०
अचम्मको बदलाव...... ०
विश्वास र कामहरुको विच्देछ...... ०
के उद्धारमुक्ति सधैंको निम्ति हो...... ०
परमेश्वरको राज्य र प्रभु येशूको बारे...... ०
महान मण्डलीका अवयवहरु...... ०
भातृसम्बन्ध...... ०
बाइबलका १२ दाताहरु...... ०
सुकेका हाडहरुको दर्शन...... ०
ब्वाँसाहरुको पहिचान र विरोध...... ०
बप्तिस्माको विरोध...... ०
मुक्तिवारे गलत बुझाई...... ०
परमेश्वरको ग्रहणयोग्य हुन अध्ययन गर्ने...... ०
अब म ख्रीष्टियन हुँ...... ०
अब ममा के को कमी छ...... ०
आराधना...... ०
आराधनालाई सरल राख्नुहोस्...... ०
आत्मिक भोकमरी...... ०
पवित्र...भययोग्य...अति उत्तम...डरलाग्दो...... ०
उहाँ उहाँका पिताको पुत्र हुनुहुन्छ...... ०
ख्रीष्टियन आराधनामा बाद्यय संगीत...... ०
यो चाडको अर्थ के हो...... ०
बच्चाहरुलाई तालीम देऊ...... ०
प्रभु मलाई अर्पण गर्नुहोस्...... ०
सबै भन्दा महान आज्ञा कुन हो...... ०
भरपर्दो गवाहीहरु...... ०
शैतानलाई बाहिर फालिने...... ०
त्यो मानिस जसले जहाज बनायो...... ०
गिदोनः हिचकिच्याउने नायक...... ०
मेरो निम्ति येशू मर्नुभएको हुनाले...... ०
ख्रीष्टियन परिवारको निर्माण...... ०
कलस्सी...... ०
एफिसी ४:४-६...... ०
दिमागको विश्वास वा हृदयको विश्वास...... ०
नम्रताबाट पवित्रता...... ०
मानिसको एक नम्बरको उत्तरदायित्व के हो?...... ०
धेरै तोडिएका हृदयहरु...... ०
बाइबलको उद्देश्य...... ०
ख्रीष्टियन जीवन के हो...... ०
ख्रीष्टियनलाई किन विवाह गर्ने...... ०
सम्प्रदाय विनाको ख्रीष्टियानिटी...... ०

# येशू खीष्टको
# पूर्व अस्तित्व र ईश्वरत्व

के येशू खीष्ट संसारमा आउनु भन्दा पूर्व अस्तित्वको अवस्थामा उहाँसंग चेतना थियो? कसैलाई यो प्रश्न सुन्दैमा तार्किकपूर्ण लाग्ला र कसैलाई जतिल लाग्ला । तर यो धेरै महत्वपूर्ण प्रश्न हो र जसलाई विचार गरी जवाफ दिनुपर्छ । किन? किनभने आज धेरै मानिसहरुले येशूको ईश्वरत्वलाई विश्वास गर्दैनन् । हामी यो लेख मार्फत धर्मशास्त्रद्धारा देखाउन चाहन्छौ कि येशू संसारमा आउनु भन्दा अघिको अवस्थामा थियो र त्यो अस्तित्वमा उहाँ सचेत हुनुहुन्थ्यो ।

येशू मानिस मात्र हुनुहुन्थ्यो र उहाँ संसारमा आउन अघिको अवस्थामा उहाँमा कुनै चेतना थिएन भन्ने धार्मिक सम्प्रदायहरुले फिलिपन्स देशमा आक्रमण रुपमा सिकाउदँछन् । यी मानिसहरुलाई त्यो देशमा “इगलेसिया नि क्रिस्टो” भनिन्छ । खीष्टद्धारा स्थापना भएको मण्डलीसित अलमल्ल नहुनुहोस् । फेलिक्स मनालो, फिलिपिनो प्रचारक जो १९११ मा बप्तिस्मा लिए । तर उनी पछि सत्यताबाट तल खसे । अनि १९१४ मा उनले यो समूह मनिलामा खडा गरे । उनी र उनका चेलाहरुले फिलिपिन्स लगायत संसारका अरु भागहरुमा पनि तिनीहरुले दबाव सहित गलत शिक्षा फैलाए । तथ्यपूर्ण रुपमा तिनीहरु अहिले हङ्गकङ्ग, साउदी अरेयिबा, हवाई र अमेरिकी महादेशको मुख्य भु-भागमा छन् । येशू परमेश्वर हुनुहुन्न र उहाँ पृथ्वीमा आउनु अघि परमेश्वरको सोच विचारमा मात्र अस्तित्व हुनुहुन्थ्यो भन्ने कुरा यी मानिसहरुले सिकाउने गर्दछन् ।

**यो पाठमा हामी निम्न कुराहरु देखाउँछौ :-**

(१) येशू अनन्तदेखि परमेश्वरको आमने सामने अस्तित्वमा हुनुहुन्थ्यो ।
(२) यो अस्तित्वमा येशू सचेत हुनुहुन्थ्यो ।
(३) येशू परमेश्वर जस्तै हुनुहुन्थ्यो ।
(४) येशू परमेश्वरसँग समान हुनुहुन्थ्यो ।
(५) येशू सबै कुराको सृष्टिकर्त्ता हुनुहुन्थ्यो ।
(६) येशू मानिस हुनुभयो ।

## येशू संसारमा आउनु अघि अनन्तमा परमेश्वरसित हुनुहुन्थ्यो ।

मसिह अनन्ततादेखि अर्थात प्राचीनकालदेखि आउनु भयो भनी अगमवक्ता मीका भन्दछन, *“तर ए बेथलेहेम एप्राता, तँ यहूदाका कूलहरुमध्ये सानो भए तापनि तँबाट मेरो निम्ति एक जना निस्कनुहुनेछ, जो इस्राएलका शासक हुनुहुनेछ, जसको सुरु पुरानो समयदेखि अर्थात प्राचीनकालदेखि नै छ”* (मीका ५:२) ।

मीकाको वचन पूरा गर्नको निम्ति येशू इस्राएलको शासक जस्तै भएर बेथलेहेम एप्राताबाट आउनु पथ्यो । तै पनि, हामीलाई यो भविष्यवाणीले बताउँदछ कि उहाँको अस्तित्व अनन्ततादेखि वा प्राचीनकालदेखि थियो । यो पदले येशूलाई नै प्रतिनिधित्व गर्दछन् भनी हामी कसरी जान्न सक्छौ ? उत्कृष्ट बाइबलको अनुवाद बाइबल आफै हो । सुसमाचारको पुस्तक मत्तीमा जव हेरोदले मसीह कहाँ जन्मनु पथ्यो भनी अनुसन्धान गरे, इस्राएलको अगुवाहरुले मीका ५:२ उदघृत गरे (मत्ती २:३-६) । यशैया ९:६ मा अझ प्रष्ट पार्दछन, *“किनभने हाम्रा निम्ति एक जना बालकको जन्म भएको छ । हाम्रा निम्ति एक जना छोरो दिइएको छ । शासक उहाँको काँधमा हुनेछ । उहाँ अच्चमका सल्लाहाकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाईनुहुनेछ ।”*

हेनुहोस् यो पदले भन्दछ कि येशू *“शक्तिशाली परमेश्वर”*, अनन्तका पिता हुनुहुन्छ । हामीलाई कसरी थाहा हुन्छ कि यो भविष्यवाणीले येशूलाई प्रतिनिधित्व गर्दछन्? हामीलाई थाहा छ कि यो यशैयाको अध्याय मत्ती ४:१२-१६ मा उदघृत गरेको छ, जहाँ खीष्टको कार्यको वर्णन गरेको छ । त्यस्तै गरी मत्ती १:२३ मा परमप्रभुको स्वर्गदूतले येशूलाई *“इम्मानुएल परमेश्वर हामीहरुसँग हुनुहुन्छ”* भन्नुभएको छ । अव हामी नयाँ नियमको अभिलेख हेरौ । प्रेरित यूहन्ना र पावल दुवैले आफ्नो लेखमा भनेका छन् कि उहाँ पृथ्वीमा आउनु अघि येशू खीष्ट पितासँग हुनुहुन्थ्यो । आउनुहोस तिनीहरुले भनेका कुरा हेरौः

*“आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो । सबैथोक उहाँद्धारा बनिए र बनिएको कुनै थोक पनि उहाँविना बनिएनन्...अनि वचन देहधारी हुनुभयो र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा बास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौ, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो”* (यूहन्ना १:१-३, १४) । यूहन्नाले यो पदखण्डमा हामीलाई येशू खीष्टको बारेमा चार महत्वपूर्ण कुरा बताउँदछन्:

(१) येशू, वचन भएर आदिमा हुनुहुन्थ्यो ।

(२)	येशू परमेश्वरसित आमुने सामुने हुनुहुन्थ्यो । ग्रीक विद्वानहरुले हामीलाई भन्दछन कि *"प्रोसतोत थियोन"* ग्रीक वाक्यांशको शाब्दिक अर्थ *"परमेश्वरसित आमुने सामुने"* लाग्छ ।

(३)	येशू परमेश्वरको स्वरुप र प्रकृतिमा हुनुहुन्थ्यो । यूहन्ना भन्दछन, *"...र वचन परमेश्वर हुनुहुन्थ्यो"* (पद २) ।

(४)	ब्रम्हाण्डका सबै थोकहरुको सृष्टिकर्त्ता येशू नै हुनुहुन्छ ।

(५)	येशू मानिस हुनुभयो ।

यूहन्नाको कठन अनुसार येशू शक्ति हुनुहुन्छ । तीनवटा छोटो घोषणाले येशू को हुनुहुन्छ र अनन्तमा उहाँले के गर्नुभयो भनी उनी भन्दछन् । अब हामी हेरौ पावलले हाम्रा प्रभु येशू खीष्टको शुरुवाट र स्वभावबारे के भन्दछन्: *"तिमीहरुमा यस्तो मन होस्, जो खीष्ट येशूमा पनि थियो: जो परमेश्वरको स्वभावमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने बस्तुजस्तो ठान्नुभएन्"* (फिलिप्पी २:५-८) ।

यो पदलाई वेयमाउटको नयाँ नियमले यसरी अनुवाद गरियो: *"शुरुवाट देखि उहाँमा परमेश्वरको स्वभाव भएता पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने बहुमूल्य बस्तुजस्तो ठान्नुभएन्"* (फिलिप्पी २:६) । यो पदले निम्ति लिखित तीनवटा कुराहरु भन्दछन्:

(१)	येशू शरीरमा जन्मनु अघि उहाँ परमेश्वरको रुपमा हुनुहुन्थ्यो ।

(२)	उहाँ परमेश्वरसित बराबर हुनुहुन्थ्यो ।

(३)	येशूले त्यो बराबरीलाई थामिराख्नु भएन् तर आफै नम्र भएर मानिस बन्नुभयो (पद ७,८) ।

**भाइन्स एक्सपोजिटरी डिक्सनरी अफ न्यू टेस्टामेन्टले** यो पद बारे धेरै महत्वपूर्ण टिप्पणी गरेका छन् । फिलिप्पी २:६ मा खीष्टको ईश्वरत्वबारे छन् । *"परमेश्वरको स्वरुपमा भएर"* भन्ने वाक्यांसले खीष्टको ईश्वरको दुईवटा पूर्वपदलाई बोकेको हुन्छ, उहाँको अवतार भन्दा अघि र उहाँको जन्मको घटना र पछि पनि उहाँको ईश्वरत्वलाई निरन्तरता दिएको छ ।

कलस्सीमा भएमा खीष्टियनहरुलाई पावलले आफ्नो पत्रमा खीष्टको सर्वश्रेष्ठताको वारेमा आक्रमण गरेको कुरा लेख्दछन् जुन मण्डलीमा विस्तारै गलतपूर्ण तरीकाले फैलिदै थियो । यो कुरालाई सच्याउनु थियो । यसकारण यो पत्रमा पावलले घोषणा गर्दछन् कि येशू नै अदृश्य परमेश्वरको स्वरुप हुनुहुन्छ । सबैकुराहरु भन्दा उहाँ अगाडी हुनुहुन्छ र सबै कुराको सृष्टिकर्त्ता उहाँ नै हुनुहुन्छ ।

*"उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ । उहाँमा हाम्रो उद्धार, अर्थात पापको क्षमा छ । उहाँ अदृश्य परमेश्वरको प्रतिरुप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरु, चाहे सिंहासनहरु, चाहे प्रभुत्वहरु, चाहेप्रधानताहरु, चाहेअधिकारहरु, सबै थोक उहाँद्धारै र उहाँकै निम्ति सृजिएका हुन् । उहाँ नै सबै कुराभन्दा अगाडी हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन् । उहाँ शरीर, अर्थात मण्डलीका शीर हुनुहुन्छ, उहाँ नै शुरु हुनुहुन्छ, मरेकाहरुबाट जीवित हुनेहरुमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन् । किनकि उहाँको आफ्नो सारा पूर्णता खीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो"* ( कलस्सी १:१३-१९) ।

हामीले यो अनुच्छेदबाट पवित्र आत्माको प्रेरणाद्धारा येशूबारे धेरै कुराहरु सिक्न सक्छौ:-

(१)	परमेश्वरले हामीलाइ उहाँले प्रेम गर्नुभएको पुत्रको राज्यमा सार्नुभयो ।

(२)	येशूमा उहाँको रगतद्धारा हाम्रो छुटकारा भएको छ ।

(३)	अदृश्य परमेश्वरको प्रतिरुप येशू हुनुहुन्छ ।

(४)	सारा सृष्टिको ज्येष्ठ येशू हुनुहुन्छ । जव शरीरमा जन्मनुभयो, तव उहाँ परमेश्वरको पहिलो जन्मेको पुत्र बन्नुभयो । यसकारण उहाँसित हाम्रो भातृसम्वन्ध रहेर उहाँले धेरै सन्तानहरुलाई महिमा ल्याउन सक्नुहुन्छ (हिब्रू २:१०; १:५,६; गलाती ४:४-६) ।

(५)	उहाँ नै सबै थोकहरुको सृष्टिकर्त्ता हुनुहुन्छ ।

(६)	सबै कुराहरुभन्दा उहाँ अगाडी हुनुहुन्थ्यो ।

(७)	उहाँ मण्डलीको शीर हुनुहुन्छ ।

(८)	उहाँ सबै कुराहरु भन्दा सर्वश्रेष्ठ हुनुहुन्छ ।

यो लेखको निम्ति अरु धेरै पदहरु लेखी प्रमाणित गर्न सक्छौ । तर म विश्वास गर्दछु कि हामीले यो लेखमा उदघृत गरेका पदखण्डहरु पर्याप्त छन् जसले येशू नै परमेश्वर, जो समय भन्दा पहिला अस्तित्वमा हुनुहुन्थ्यो र सबै कुराभन्दा अघि हुनुहुन्थ्यो, र उहाँ सबै कुराहरुभन्दा सर्वश्रेष्ठ हुनुहुन्छ । येशू परमेश्वर, सृष्टिकर्त्ता, मुक्तिदाता जस्तै हुनुभएको हुनाले उहाँ हाम्रा सबै आराधना र सम्मानको योग्य हुनुहुन्छ ।

**येशूले आफैलाई प्रस्थानको परमेश्वरसित पहिचान गराउनुभयो ।**

परमेश्वरले मोशालाई भन्नुभयो, *"म हुँ जो म हुँ ।"* फेरी *उहाँले भन्नुभयो, "इस्रायलीहरुलाई तैले यसो भन्नू,"म हुँ भन्नेले तिमीहरुकहाँ मलाई पठाएको हो ।"* (प्रस्थान ३:१४) ।
*येशूले तिनीहरुलाई भन्नुभयो, "साँच्चै म तिमीहरुलाई भन्दछु अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु । तव तिनीहरुले उहाँलाई हान्न भनी ढुङ्गा टिपे,..." (यूहन्ना ८:५८,५९) ।*

# येशू ख्रीष्ट, अनन्तको बलिदान

धर्मशास्त्रको हाम्रो अध्ययनले देखाउँदछ कि येशूको पुनरुत्थानमा उहाँले आफ्नो सम्वन्ध मानिससित स्थापना गर्नुभयो त्यो हो: आफ्नो पुत्रता परमेश्वसित र आफ्ना भातृत्व मानिसहरुसित । हामीले देखेका छौ कि सबै कुरामा आफ्ना आज्ञाकारिताको कारणले गर्दा उहाँलाई प्रभुहरुका प्रभु र राजाहरुका राजाको दर्जामा उचाल्नुभयो । आज उहाँले स्वर्गबाट पृथ्वीमा राज गर्नुहुन्छ र परमेश्वर मात्र ख्रीष्टको अधिनमा हुनुहुन्न । बलिदान, जुन आफैले आफैलाई रित्याइकन मानिसको रुप धारणबाट शुरु भयो, लगभग दुईहजार वर्ष अवधि सम्म त्यो स्थापना गरिएको अधिकारद्धारा राज गरिराख्नु भएको छ ।

अर्को स्थितिमा के हुन्छ? जव यो संसारिक युगको अन्त्य हुन्छ र धर्मीहरु नयाँ स्वर्ग र पृथ्वीमा लगिनेछन् तव सम्वन्ध कस्तो हुनेछन्? के बलिदानको अन्त्य हुनेछन् र के वचन ईश्वरत्वको बराबरी अवस्थामा फर्किनुहुनेछन्, जुन उहाँको अनन्तमा थियो? प्रकाश १९:११-१६ ले वचनलाई उहाँले पृथ्वीमा राज गर्ने र न्याय गर्ने जस्तै व्याख्या गर्दछन् ।

*"मैले स्वर्ग उघ्रको देखें र त्यहाँ एउटा सेतो घोडा थियो । त्यसमाथि सवार हुनुहुने "विश्वासयोग्य" र "सत्य" कहलाउनु हुन्छ । धार्मिकतामा उहाँले इन्साफ र युद्ध गर्नुहुन्छ । उहाँका आँखा आगोका ज्वालाजस्ता थिए, र उहाँका शिरमा धेरै राजमुकुट थिए । उहाँमा एउटा नाउँ अङ्कित थियो, जो उहाँलाई बाहेक अरु कसैलाई थाहा थिएन् । उहाँको रगतमा चोबलिएको पोशाक पहिरहनुभएको थियो र उहाँको नाउँ "परमेश्वरको वचन" थियो । स्वर्गका सेनाहरु सेता र स्वच्छ मलमलका वस्त्र पहिरिई सेता घोडाहरुमा चडेर उहाँको पछिपछि लागे । जातिजातिहरुलाई प्रहार गर्न उहाँको मुखबाट धारिलो तरवार निस्कन्छ, र उहाँले फलामको डण्डाले तिनीहरुमाथि शासन गर्नुहुनेछ । सर्वशक्तिमान् परमेश्वरका क्रोधको दाख-कुण्ड उहाँले कुल्चनुहुन्छ । उहाँका पोशाक र तिघ्रामा "राजाहरुका राजा र प्रभुहरुका प्रभु" अङ्कित छ ।*

अन्त्यको घोषण गरियो,

*"...तव त्यो हुन्छ, जव प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरुसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ । परमेश्वरलाई नचिन्नेहरुलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरुलाई उहाँले दण्ड दिनुहुन्छ"* (२ थेस्लोनिकी १:७,८) ।

*"मैले ठूला र साना सबै मृतकहरुलाई सिंहासनको सामुन्ने उभिरहेका देखें र पुस्तकहरु खोलिए, जो जीवनको पुस्तक हो । ती पुस्तकहरुमा लेखिएका कुरामुताबिक, तिनीहरुका कामअनुसार मृतकहरुको इन्साफ भयो"* (प्रकाश २०:१२) ।

*"किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ"* (यूहन्ना ५:२२) । *"तव यिनीहरु (अनाज्ञाकारीहरु मत्ती २५:४१-४५) अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरु अनन्त जीवनमा प्रवेश गर्नेछन्"* (मत्ती २५:४६) ।

*"तव अन्त्य आउनेछ, जब उहाँले हरेक शासक, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्वर, अर्थात पितालाई राज्य सुम्पिदिनुहुनेछ । किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ । सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो । किनभने परमेश्वरले सबै कुरा उहाँका पाउमुनि अधीनमा राख्नुभएको छ । तर यो स्पष्ट छ, कि सबै कुरा उहाँको अधीनमा राखिएको छ, भन्नाले परमेश्वर आफै त्यस अधीनतामुनि हुनुहुन्न, जसले सबै कुरा ख्रीष्टको अधीनमा राखिदिनुभएको हो । जब सबै कुरा उहाँको अधीनमा ल्याइन्छन्, तब स्वयम् पुत्र उहाँको अधीनमा हुनुहुनेछ, जसले सब थोक उहाँको अधीनतामा राख्नुहुन्छ, ताकि परमेश्वर नै सबै थोकका सर्वेसर्वा होऊन्"* (१ कोरिन्थी १५:२४-२८) ।

यी अनुच्छेदहरुले यो वर्तमान समयदेखि संसारको इन्साफ नहुन्जेलसम्म के हुनेछन भन्ने कुरा प्रकट गर्छन । अन्तिम शत्रु अर्थात मृत्यु को विनाशसित र धर्मीहरुको आशिष अनन्त जीवनसित उहाँको अमरीकरण शरीर जुन उहाँले मानिससित बाँध्नुभएको थियो त्यो वचन रहिरहन्छ । उहाँले आफ्नो राजाहरुका राजा जस्तै अधिकारलाई लट्याएर आफैलाई परमेश्वरको अधिनमा राख्नुभयो, ताकि परमेश्वर सबै कुरामा सधै होऊन् । यी वचनहरुले भविष्यको दृश्य स्थापित गरेको छ र अनन्तको निम्ति ईश्वरत्वको सम्वन्धलाई परिभाषित गर्छन् । तर, तिनीहरु संसारमा जिवित रहँदा रहँदै यदि धर्मीहरु परमेश्वरको परिवारमा जन्मन्छन भने, अनि मृत्युपछि तिनीहरुले अनन्त जीवन परमेश्वरसित विताउने हो भने ईश्वरत्वको सम्वन्धको निरन्तरतामा किन परिवर्तन हुनुपऱ्यो? गलाती ४:४-७ ले परमेश्वरसित मानिसको पुत्रको सम्वन्धमा आधार दिएको छ:

*"तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो । उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा जन्मनुभयो । व्यवस्थाको अधीनमा रहनेहरुलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी पुत्रको पुरा हक प्राप्त गर्न सकौं । तिमीहरु पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले "हे अब्बा, पिता" भनेर पुकार्नुहुन्छ । यसैकारण, परमेश्वरद्धारा तिमी अब उप्रान्त दास हौइनौ, तर पुत्र हौ, र पुत्र हौ भनेता उत्तराधिकारी पनि हौ ।"*

यो खण्डको अन्तिम शब्द ख्रीष्ट हो । ईश्वरत्वको पूर्व अस्तित्वमा भएको यो नाम होइन् तर त्यो व्यक्तिको नाम जो परमेश्वरको पुत्र मानिसको पुत्र हुनुभयो । जब संसारले उहाँलाई रित्याउँदा र मानवको रुपलिँदा त्यो व्यक्ति बन्नुभयो । यो व्यक्ति थियो जो मानिसको निम्ति मर्नुभयो, बौरी उठनुभयो, आफ्ना भाईहरुको मध्यस्थकर्त्ता भएर परमेश्वरको दाहिने हातमा बसी आज राज गर्नुहुन्छ ।

यो व्यक्ति, ख्रीष्ट बारेमा पदखण्डले कस्तो भनाई राख्दछन्? केही कुरा उहाँद्धारा भयो; परमेश्वरवाट उहाँद्धारा उत्तराधिकार परिवाह भयो । अब कल्पना गर्नुहोस्: त्यहाँ परमेश्वर हुनुहुन्छ, आफ्नो हातमा त्यो उत्तराधिकारलाई पकदै हुनुहुन्छ; त्यहाँ मानिसहरु पनि छन्; त्यो उत्तराधिकारलाई लिन पखिरहेका छन् । तै पनि, यदि त्यो उपहार दिने र लिने हो भने दुई पक्षको विचको स्थानमा पुल हुनै पर्छ । आज्ञाकारी मानिसहरुको निम्ति अनन्तको उत्तराधिकारलाई यर्थात बनाउन पुल उपलब्ध गराउने व्यक्ति ख्रीष्ट, परमेश्वरको पुत्र र मानिसको दाज्यु हुनुहुन्छ ।

ख्रीष्टलाई यो चित्रबाट हटाउनुहोस् । उहाँको आफनै ईश्वरत्वको मौलिक अवस्थामा फर्कनुहोस् । वचन जसमा कुनै पुत्रको सम्वन्ध थिएन; कुनै पहिलो जन्मको सम्वन्ध थिएन । जो उहाँसँगै जन्मेकाहरुको पारिवारिक सम्वन्धको के हुन्छ? यदि पहिलो जन्म भएको थिएनन भने के त्यहाँ छोराछोरीहरु हुन्छन्?

पदले भन्दछ कि त्यो उहाँको आत्मा हो जो पिता-पुत्रको सम्वन्धलाई हाम्रो हृदयमा ज्ञान दिन्छन् । त्यसले नै हामीलाई परमेश्वरको सन्तान बनाउँछन् । पिता-पुत्रको सम्वन्धलाई दिएर नै हामी हाम्रो सम्वन्धलाई निरन्तरता दिन सम्भव भएका छौं । हाम्रो दाज्युको अधिकारद्धारा हामी उहाँका उत्तराधिकार भएका छौं ।

अर्को अनुच्छेदले ख्रीष्ट, पुत्रको समयवारे भन्दछ, *"...तर सदासर्वदाको निम्ति सिद्ध तुल्याइर्नु भएको परमेश्वरका पुत्रलाई व्यवस्थाभन्दा पछि आएको शपथको वचनले नियुक्त गर्छ"* (हिब्रू ७:२८) । हिब्रू ५:८,९ ले वर्णन गर्दछ कि पापको निम्ति एकपल्ट सधैको निम्ति बलिदान हुनुभयो, त्यो उहाँको कष्टले पुत्रलाई सिद्ध बनाइयो । मानिसको पाप लिएर मृत्युमा कष्ट भोगी परिणाम पाउनु र सिद्धता प्राप्त गर्नु नै पुत्रको कार्य हो । यसकारण पुत्र सदाकालको निम्ति सिद्ध बन्नुभयो, जसले यो पनि भनिरहेको छ कि पुत्रको सम्वन्ध सदाकालको निम्ति रहन्छ ।

धर्मशास्त्रले वचनबारे भन्दछन्, सबैथोक उहाँद्धारै र उहाँकै निम्ति सृजिएका हुन (कलस्सी १:१६) । यसकारण सबै कुराको अधिकार वचनमा थियो, त्यो उत्तराधिकार प्रदान गर्न सक्ने अवस्थामा हुनुहुन्छ तर आफुले एउटा लिन सक्दैनन् । ख्रीष्ट जो मानिसहरुको दाज्यू हुनुहुन्छ, उहाँ नै उत्तराधिकार हुनुभयो: *"प्राचीन कालमा हाम्रा पितापूर्खाहरुसँग अगमवक्ताहरुद्धारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो"* (हिब्रू १:१) ।

रोमी ८ अध्यायले बृहत रुपमा पारिवारिक सम्वन्धबारे वर्णन गर्दछन्, जुन कुरामा हामी रमाउँछौ । पद १५-१७ ले भन्दछ, *"किनभने फेरी डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरुले पाएका छौनौं, तर तिमीहरुले धर्मपुत्र हुने आत्मा पाएका छौ । यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकाछौं, त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो । र सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे-उत्तराधिकारी । उहाँसँग दु:ख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं ।"*

यो अनुच्छेद गलाती ४ अध्याय भन्दा पनि एक कदम अगाडी जान्छन् । यसले हामी परमेश्वरका सन्तानहरुमात्र भन्दैनन् तर यसले हामी खीष्टसँगै जोडिएका उत्तराधिकारी पनि भन्दछन् । यदि खीष्ट परमेश्वरको उत्तराधिकारी हुनुहुन्छ र उहाँका भाइहरु उहाँमा जोडिएका उत्तराधिकारी हौं भने, त्यो उत्तराधिकारी के हुनेछ ?

(१) नयाँ स्वर्ग र नयाँ पृथ्वी (प्रकाश २१:२२) । *"जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ, र म त्यसका परमेश्वर हुनेछु, र त्यो चाहिँ मेरो छोरो हुनेछ"* (प्रकाश २१:७) ।

(२) रोमी ८:१७ मा महिमा दर्शाएको छः *"र सन्तान हौ भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र खीष्टसँग साझे-उत्तराधिकारी । उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं ।"*

(३) खीष्टसँगै उहाँको सिहासनमा बस्ने । *"जसले जित्छ, त्यसलाई म मेरो सिंहासनमा मसित बस्न दिनेछु, जसरी म आफैले पनि जितें, र मेरा पितासँग उहाँको सिंहासनमा बसेको छु" (प्रकाश ३:२१) ।*

खीष्टका भाइहरुको निम्ति कस्तो महिमा र जिम्मेवारी पदहरु पर्खिरहेका छन् कसले थाहा पाउन सक्छन्? यो अनन्तताको पाटोमा त्यो संसार कस्तो हुन्छन् भन्ने बारेमा हामीले पत्ता लगाउन सक्दैनौ, तर यी शब्दहरुले बेरिएका प्रतिज्ञाहरुलाई हामी बुझ्न सक्छौः उहाँसँगै विजय हुनेहरुले उहाँसँगै सबै कुरा बाँडिनेछन् ।

## निष्कर्ष

ईश्वरत्वमा प्रकाशित भएका सबै कुराहरु र मेलमिलाप ल्याउनको लागि उहाँले मानिसहरुसित गर्नुभएको कामको इतिहासलाई फर्केर सोच्नुहोस् । यी धर्मशास्त्र बुझ्ने कसैले पनि यस्तो प्रेम र यस्तो दिने मानिसबारे शंका गदैनन् ।

अब हाम्रो प्रश्न यो हुन्छः के शारीरिक मृत्युले मानिसको शारीरिक र आत्मिक मदभेदलाई प्रायश्चित गर्न सक्छन्? हामीले सिक्यौ कि खीष्टको अतुलनिय महान बलिदान जुन शारीरिक र आत्मिक साथै मानिसको उद्धार मुक्तिको निम्ति समर्पित भएको छ । हामी परमेश्वरको अनन्ततासम्म उत्तराधिकारी भएको आशिषमा रमाउँछौ । किनभने हाम्रो अनन्तताको निम्ति हाम्रो दाज्युले परमेश्वर र हाम्रा विचमा बगाउनुभएको रगतले हामीलाई परमेश्वरको सन्तान बनाउनुहुन्छ ।

यसैकारण, अहिले पनि परमेश्वरका घरानाका विश्वासयोग्य सदस्यहरु, हामी साहसका साथ परमेश्वरमा पुग्छौ (हिब्रू ४:१६), उहाँको प्रेममा भरोसा गर्छौ । हामीलाई उहाँले स्वीकार गर्नुहुन्छ भन्ने पक्का विश्वास गर्छौं । किनभने पिताको दाहिने हातबाट हाम्रा दाज्यु हाम्रो निम्ति प्रेमसाथ बोल्नुहुन्छ । हाम्रो मुक्ति सुरक्षित छन्; हामीलाई उहाँले होशियारसाथ वास्ता गर्ने कुरा दिनदिन सुरक्षित भएका छन्:

*"यसमा हामीले के भन्ने त? यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्ध को हुन्छ? जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र?*

*परमेश्वरका चुनिएकाहरुका विरुद्धमा कसले अभियोग लाउनेछ? धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ भने, दण्डको आज्ञा दिने को हो? मर्ने त खीष्ट येशू, हुनुहुन्छ,जो मरेकाहरुबाट जीवित पारिनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ । कसले हामीलाई खीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, अथवा दुःखले, वा खेदोले, वा अनिकाले, वा नग्नताले, अथवा खतराले वा तरवारले?*

*यस्तो लेखिएको छ, "तपाईको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेडाहरुजस्तै हामीहरु गनिएका छौं ।" होइन, यी सबै कुराहरु हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरुभन्दा पनि अझ बढी छौं । किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरुले वा प्रधानताहरुले, वर्तमानका कुराहरुले वा पछि हुने कुराहरुले, वा शक्तिहरुले, उचाइले वा गहिराइले वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, खीष्ट येशू हाम्रा प्रभुमा भएमा परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन"* (रोमी ८:३१-३९) ।

यस्तो प्रेमको प्रतिक्रियामा, के हाम्रो प्रेम पूर्णतामा परिपक्व भएर उहाँको निम्ति दिन सक्दैनौ? के यस्तो मिठो प्रेमको कथा संसारमा थाहा नभएका अरु मानिसहरुलाई नसुनाउने?

# परमेश्वरको प्रेम प्रचार गर्ने ।

**हामीले परमेश्वरका आज्ञाहरु प्रचार गर्दा परमेश्वरको प्रेम प्रचार गरिरहेका हुन्छौ ।** हामीलाई भलाई हुने कुनै पनि कुरालाई परमेश्वरले मनाई गर्नुहुन्न् । उहाँले हामीलाई आफ्नै पुत्र दिनुभयो । हामीलाई चाहिने कुनै कुरालाई उहाँले थामिराख्नु हुन्छ? हाम्रो निम्ति सबभन्दा असल काम गर्नुभएको छ, यसको अलावा उहाँले हामीलाई कुनै आज्ञा गर्नुभएको छैनन् । हामीलाई नोक्सान हुने कुरादेखि उहाँले हामीलाई केही मनाही गर्नुभएको छैनन् । उहाँको व्यवस्था प्रेमको व्यवस्था हो । उहाँको व्यवस्थाको प्रकाश वा सु-समाचार उहाँको प्रेमको प्रदर्शन हो ।

**हामीले क्रुसको प्रचार गर्दा परमेश्वरको प्रेम प्रचार गरिरहेका हुन्छौं ।** परमेश्वरले यस्तो प्रेम गर्नु भयो, उहाँले एउटै उपहार दिनुभयो जुन उहाँलाई वास्तविक रुपमा निकै मूल्यको थियो । येशूले आफ्नो हात पर्सानु हुँदा परमेश्वरको प्रेमको सास देख्छौं । पुत्रको हातहरु र खुट्टामा किला छेडेको देख्दा हाम्रो निम्ति पिता स्वइच्छुक भएर कष्ट भोग्नुभएको देख्छौ । पापको डरलाई अर्धमको विरुद्धमा परमेश्वरको गहिरो कोधलाई दुष्ट्याईमा जहाँ मानिस डुब्न सक्छ ती कुराहरु क्रुसले घोषणा गर्दछन् । तर यी सबै कुरामाथि यसले परमेश्वरको प्रेम घोषणा गर्दछन् । *"तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो"* ( रोमी ५:८) ।

**हामीले उहाँको कृपा र सहिष्णुता प्रचार गर्दा परमेश्वरको प्रेम प्रचार गरिरहेका हुन्छौं ।** हामी हाम्रो पापबाट बच्न सकौ भनी उहाँको प्रेमको वरदान हामीलाई दिनुभयोः *"उहाँले हामीसँग हाम्रा पाप अनुसारको व्यवहार गर्नुहुन्न, अनि हाम्रा अधर्म अनुसार हामीलाई दण्ड दिनुहुन्न"* (भजन संग्रह १०३:१०) । उहाँ दयालु, कृपालु, रिसाउनमा ढिला र अनुग्रहमा धनी हुनुहुन्छ । अपश्चातापी पापीहरुले कोधित परमेश्वरको बारेमा सुन्नु आवश्यक छ नत्र तिनीहरुले सोच्छन कि परमेश्वरलाई ठट्टा गर्न सकिन्छ र तिनीहरुले छरेको दुष्टा भन्दा केही असल बाली कटनी गर्न सकिन्छ । तर भयभीत पापीहरु, निरासा भएका पापीहरु, पुरुष र स्त्रीहरु जो आफ्नो डोरीको अन्तमा पुगेका छन्, तिनीहरुले परमेश्वरको कृपा सुन्नु पर्छ, नत्रभने तिनीहरु पापमै हुनेछन् । किनभने तिनीहरुमा छुटकारको आशा छैनन् वा परिवर्तनको सम्भावना छैनन् । कोही नष्ट नभएको परमेश्वर चाहनुहुन्छ । यहि नै सुसमाचार हो ।

**हामीले परमेश्वरको स्वभाव र गुणहरु प्रचार गर्दा परमेश्वरको प्रेम प्रचार गरिरहेका हुन्छौं ।** *"परमेश्वरले संसार र सबैथोक बनाउनुभयो ।" "परमेश्वर महान हुनुहुन्छ, परमेश्वर असल हुनुहुन्छ ।"* परमेश्वर प्रेम हुनुहुन्छ भन्ने कुरा स-साना बच्चाहरुले पनि सानै उमेरमा सिक्दछन् । यदि हामीले परमेश्वरको प्रेममा विश्वास गर्दैनौ भने त्यो परमेश्वर होइन् जसमा हामी विश्वास गर्छौं । यदि परमेश्वरबारे हाम्रो बुझाईले एक अर्कालाई प्रेममा ल्याउँदैनौ भने हामीले बुझेको परमेश्वर त्यो होइन् । यदि नदेखेको परमेश्वरबारे हामी जान्दछौ भनी भन्छौ, तापनि मानिसहरुप्रति प्रेम देखाउँदैनौ भने जसलाई हामीले देखेका छौ, उसलाई हामीले झुट बोलिरहेका हुन्छौ (१ यूहन्ना ४:२०) । हामीलाई थाहा भएको परमेश्वर त्यस्तो हुँदो होइनन् ।

**आवश्यक भएकाहरुलाई हामीले भलाई गर्दा हामीले परमेश्वरको प्रेम प्रचार गरिरहेका हुन्छौ ।** उहाँको प्रेम अरु मानिसहरुलाई देखाउन परमेश्वरले आफ्नो हात हुन हाम्रा हातहरुलाई चुन्नुभयो । त्यसरी नै उहाँको प्रेम अरु मानिसहरुलाई बताउन परमेश्वरले उहाँकै मुख हुन हाम्रो मुख चुन्नुभयो । हामी संसारका ज्योति हौ । जब हाम्रो पवित्रता पापबाट दुषित हुन्छन्, परमेश्वरको नाम हाम्रै कारणले गर्दा अन्यजातिहरुको बीचमा निन्दित हुन्छन् । परमेश्वर जस्तै हामी कृपालु हुनुपर्छ । यदि संसारले उहाँको कृपा हामीमा देख्दैनन् भने तिनीहरुले अरु कसमा देख्छन्? परमेश्वरले जस्तै हामीले पनि प्रेम गर्नुपर्छ । जब हामी गर्छौ, मानिसहरुले हाम्रो असल काम देख्छन् र परमेश्वरलाई महिमा गर्छन् । जव तिनीहरुले सहायताको निम्ति परमेश्वरलाई पुकार्दछन् परमेश्वरको कारणले तिनीहरुरुलाई हामी सहायता गर्छौ, परमेश्वर प्रेम हुनुहुन्छ भन्ने कुरा तिनीहररुले सिक्नेछन् ।

आउनुहोस् परमेश्वरको प्रेम प्रचार गर्ने अर्थलाई हेलचेक्रयाई नगरौ ।

**पदको खोजी**

## रोमी ३:२१-३१

(१) परमेश्वरको धार्मिकताको साक्षीहरु कसले दिन्छन्? (पद २१) ।
(२) को द्धारा मानिस धर्मी हुन सक्छन्? (पद २२) ।
(३) के यहूदी र अन्यजातिहरुमा फरक छन्? किन? (पद २२,२३) ।
(४) धर्मी हुन भनेको के हो र धार्मिकताको अर्थ कस्तो लाग्छ? (पद २४) ।
(५) हाम्रो निम्ति को प्रायश्चित हुनुभयो, प्रायश्चितको अर्थ के हो? (पद २५) ।
(६) पद २६ अनुसार येशू ख्रीष्टलाई पठाउनुको परमेश्वरको के उद्देश्य थियो ?
(७) के कोही मानिस कति असल छ भन्ने कुरामा घमण्ड गर्न सक्छन्? (पद २७) ।
(८) हामी कसरी धर्मी हुन सक्छौ? (पद २८) ।
(९) परमेश्वर यहूदी र अन्यजातिहरुको परमेश्वर थियो भन्नाले पावलको के अर्थ लाग्थ्यो? (पद २९) ।
(१०) यहूदी र अन्यजाति दुवैलाई धर्मी ठहराउनुहुन्छ भन्नाले के अर्थ लाग्छ? (पद ३०) ।
(११) विश्वासले व्यवस्थाको निम्ति के गर्छ? (पद ३१) ।
(१२) मानिसको उद्धारको निम्ति यो सिङ्गै खण्डको मूख्य कुरा के हो?

(पद ३:२१-३१) ।
२१ तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ । त्यसैको गवाही व्यवस्था र
अगमवक्ताहरुले दिएका छन् । २२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्धारा प्रकट
भएको छ । किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन, र परमेश्वरको महिमासम्म पुग्नबाट
चुकेका छन् । २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरु सित्तैमा धर्मी
ठहरिएका छन् । २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्धारा प्रायश्चितको बलिदान स्वरुप प्रस्तुत गर्नुभयो, जुन
प्रायश्चित विश्वासद्धारा ग्रहण गर्नुपर्दछ । यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने
उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरुलाई उहाँले वास्ता गर्नुभएको थिएन् । २६ परमेश्वरल आफै धर्मी
हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरुलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान
समयमा यो गर्नुभयो । २७ तब हाम्रो घमण्ड कहाँ गयो? त्यसको त ठाउँ नै छैन । कुनै सिद्धान्तमा यसो गर्ने त?
यो कर्मको सिद्धान्तद्धारा हुने? कदाचित् होइन् । यो त विश्वासको सिद्धान्तबाट मात्र हुन सक्छ । २८ यसकारण
व्यवस्थाका कर्महरुको पालनविना विश्वासद्धारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौ । २९ के परमेश्वर
केवल यहूदीहरुकै मात्र परमेश्वर हुनुहुन्छ र? के उहाँ अन्यजातिहरुका परमेश्वर हुनुहुन्न? उहाँ अन्यजातिहरुका
पनि परमेश्वर हुनुहुन्छ । ३० किनकि परमेश्वर एउटै हुनुहुन्छ । उहाँले खतनावाललाई तिनीहरुका विश्वासको
आधारमा र खतना नभएकाहरुलाई तिनीहरुको विश्वासद्धारा धर्मी ठहराउनुहुन्छ । ३१ तब के हामी यही
विश्वासद्धारा व्यवस्थालाई रद्द गर्ने? कदाचित् होइन् । बरु हामीहरु त्यो व्यवस्थालाई कायम पो राख्छौ ।

## नोआको जलप्रलय

बाइबलमा उल्लेख गरेको बाढीलाई कहिलेकाँही *"नोआको जलप्रलय"* भनियो । किनभने यो नोआको समयमा भएको थियो (उत्पति ६-८) । येशूले यसको बारेमा बोल्नुभएको थियो (मत्ती २४:३७-३९; लूका १७:२६, २७) । नोआको बारेमा अरु लेखकहरुले लेखेका थिए (यशैया ५४:९; इजकिएल १४:२६, २७; हिब्रू ११:७; १ पत्रुस ३:२०; २ पत्रुस २:५) । मानिसको पापको कारणले गर्दा परमेश्वरले जलप्रलय ल्याउनुभएको थियो, त्यसबाट आफू र आफ्ना परिवारलाई बचाउन जसले जहाज बनाए, त्यो वास्तविक व्यक्ति नोआ थियो भनी बाइबलले भन्दछ ।

### हालसालै पत्तालगाएका कुराहरु

*"आरकानसास डेमोक्रेट ग्याजेटी"* नामक संयुक्त प्रेसमा रेनडलफ इ.स्किमिडद्धारा रचित लेखमा "टर्कीको समुन्द्रमा महान जलप्रलयको प्रमाण भेट्टियो" भनी लेखेको थियो (सेप्टेम्बर १३, सन् २००० पाना नं. ३ क) । त्यो लेख यसरी लेखियो, "कालो समुन्द्रको पिंधमा हतौडी, ज्यावलहरु भेट्टाएर जसमा मानिसहरुले ठुलो बाढीको सामना गरेको प्रमाण पाइयो । सायद त्यो हजारौ वर्ष अगााडी बाइबलिय नोआको थियो भन्ने अनुमान लगाएको छ ।

धेरै जसो संचार माध्यमहरुले यो पत्तालगाएका कुराहरुलाई दोहऱ्याएर नियाल्न थाले । मध्यपूर्वी संस्कृतिहरु, बाइबलको जलप्रलय, र ऐतिहासिक घटना जस्ता धेरै अभिलेखहरु प्रमाणको रुपमा त्यो अनुसन्धानले थप्ने काम गऱ्यो ।

हालसालैको यो आबिष्कारवारे समुन्द्रभित्रको अन्वेषक रोबर्ट बालार्डको प्रतिवेदनमा भन्दछन्: "टर्कीको समुन्द्री किनाराबाट करीव १२ मिल दूरीको ३०० फिट गहिराईमा मानव बसोबासको अंशहरु भेट्टाइयो ।"
पेनसलाभियको विश्वविद्यायलयका प्रमुख पुरातात्विकविद् फ्रेदरिक हाइवर्टले काला समुन्द्रको परियोजनामा जहाजबाट यसो भने, "जलप्रलय भन्दा अघि कालो समुन्द्रको किनारमा मानिसहरुको बसोबास भएको मजबुट प्रमाणको प्रतिनिधित्व भएको यो पत्ता लगाएको कुराले देखाउँछ ।"

बालार्ड भन्ने व्यक्तिले कालो समुन्द्रको किनारमा ताजा पानीको वारेमा अध्ययन गर्दा यो लगभग ७००० वर्ष पुराने भएको पाइयो । नुन पानीको आगमन लगभग ६५०० वर्ष पुरानो भएको पाइयो । लगभग ७००० वर्षमा अचानक र अचम्म तरीकाले ताजा पानी नूनपानीमा परिणत भएको निष्कर्ष निकाल्यो, जुन महान जलप्रलयको कारणले हुन सक्छन् ।

"जलप्रलयको कारणले भूमिको धेरै भाग पानीभित्र दबिएर गएको हामी देख्छौ ।" जलप्रलय भन्दा अगाडीको संस्कृतिमा निमार्ण गरेका लगभग ७००० वर्षको भत्केका मानविय संरचनाहरु समुन्द्र मुनिको उपत्यकहरुमा भेट्टाइयो ।

### प्राचीन प्रतिवेदन

धेरै संस्कृतिहरुमा संसारका ठुला-ठुला बाढीहरुका बारेमा उल्लेख गरेका छन् । धेरै मानिसहरुले लामो समय अगाडीका विनाशकारक बाढीहरुलाई परम्परागतरुपमा हातले लेखेका पाँउछौ । संसारका धेरै भागहरु जहाँ अलग्गै बसेका जातहरु छन् तिनीहरुमा पनि त्यस्तो लेखहरु भेट्टाइयो ।

"टाइग्रिस-युफ्रेटिस क्षेत्रको आसपासमा रहेका हिब्रू, अश्शुरीहरु र बेविलोनहरुको परम्परामा जलप्रलय भएको कुरा उल्लेख गरेका छन् । संसार पूर्णरुपमा हिंसात्मक भएकोले सजांए दिनको निम्ति बाढी आएको हो भनी तिनीहरु भन्दछन् । तर हिब्रूहरुको लेखा सामान्य र उल्लेखनीय छन् जहाँ अरुहरुको लेखा जतिल र बनावटी छन् ।" (बाइबलको अन्तराष्ट्रिय शब्दकोश) ।

# बाइबलमा इराक

बाइबलमा सबभन्दा बढी उल्लेख गरेको पहिलो देश इस्रायल हो । तर तपाईहरुलाई थाहा छ कुन चाँहि दोस्रो होला? यो इराक हो । तै पनि बाइबलमा प्रयोग भएको नाम यो होइन् । प्रयोग भएको नाम बेबिलोन, सिनारको भूमि र मेसोपोटामिया हो ।

मेसोपोटामिया शब्दको अर्थ, *"दुई नदीहरुको बीच"* हो । वास्तविक रुपमा टाइग्रीस र युफ्रेटिस नदीहरुको बीचमा पर्छ । इराक शब्दको अर्थ *"गहिरो जराहरुको देश"* हो । बाइबलमा पनि यसलाई यसरी नै चिनिन्छ । यसको कारण यसरी उल्लेख गरेको छः

(१) अदनको बगैचा इराकमा थियो (उत्पति २:१०-१४) ।

(२) आदम र हब्बा इराकमा सृष्टि भएको थियो (उत्पति २:७,८) ।

(३) शैतानले इराकमा आफु देखा परेको पहिलो अभिलेख बनाएको छ (उत्पति ३:१-६) ।

(४) बेबिलोनको स्थापना निम्रोदले गऱ्यो र बाबेलको धरहरा इराकमा बनायो (उत्पति १०:८,९; ११:१-४) ।

(५) भाषाको खलबली इराकमा भयो (उत्पति ११:५-११) ।

(६) अब्राहाम इराकको शहरबाट आएको थियो (उत्पति ११:३१; प्रेरित ७:२-४) ।

(७) इसहाकको दुलही इराकबाट आएको थियो (उत्पति २४:३-१२) ।

(८) याकूब २० वर्षसम्म इराकमा बसे (उत्पति २७:४२-४५; ३१:३८) ।

(९) विश्वको पहिलो साम्राज्य इराकबाट आएको थियो (दानिएल १:१,२; २:२६-३८) ।

(१०) इतिहासको सवभन्दा ठुलो पुनरुत्साह इराकको शहरमा भएको थियो (योना ३) ।

(११) एस्तर पुस्तकको घटना इराकमा भएको थियो ।

(१२) नहूमको पुस्तकको भविष्यवाणी इरारको शहरको विरुद्धमा भएको थियो ।

# अचम्मको वदलाव

मानिस मात्र एउटा यस्तो परमेश्वरको सृष्टि हो जसले पापको निम्ति पश्चाताप गर्दछन् । उ एउटै मात्र परमेश्वरको सृष्टि हो, जसले आफ्नै आत्माको वारेमा छक्क पर्छन र रहस्यको वारेमा चिन्ता गर्छन् । उ मात्र एउटा यस्तो प्राणी हो जसले पवित्र आत्माका साक्षीहरु बोक्छन् । मानिस नै यस्तो प्राणी हो जो परिवर्तन हुन सक्छन् ।

## वदलाव के हो?

शंकाबाट विश्वासतिर फर्कनु नै वदलाब वा परिवर्तन हो । पापको मृत्युबाट खीष्टको जीवनमा फर्कनु परिवर्तन हो । बदलाव भनेको मीनसको अस्तित्वको एउटा महान रहस्य हो र त्यही समयमा यो एउटा गहिरो यर्थाथ हो जो मानिसहरुलाई मात्र थाहा छन् । स्वार्थपूर्ण जीवनको अस्तित्व र पापपूर्ण जीवनबाट फर्केर भलाई, धार्मिकता, परमेश्वरको ढाँचामा मानिसको जीवन उचालिनु हो । यस्तो बदलाब इन्कार गर्न नसकिने मानिसभित्र भएको आत्माको साक्षी हो, जुन परमेश्वरको प्रतिरुपमा बनाइयो जसलाई धर्मशास्त्रले घोषणा गर्दछन्,*"यसैकारण परमेश्वरले मानिसहरुलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो । परमेश्वरका प्रतिरुपमा उहाँले तिनलाई नर र नारी नै गरी उहाँले तिनीहरुलाई सृष्टि गर्नुभयो"* (उत्पति १:२७) ।

परिवर्तन भएको आत्मा खीष्टको रगतले ढालियो भनी प्रेरित २२:१६ ले भन्दछ, *"त अब किन पर्खनुहुन्छ? उठनुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पाप धुनुहोस्" र "तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँडछौं भने, एउटा अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ"* (१ यूहन्ना १:७) ।

रगतले धोइएकाले हामी परमेश्वर पिताको उपस्थितिमा जान योग्य भएका छौ । हो, हामी आराधनाको समयमा अचम्म भएर खडा हुन्छौ । हामी नम्र भएकोले उहाँलाई "पिता" भनेर बोलाउने र उहाँलाई आफ्नै पुत्रद्धारा प्रार्थना गर्ने अवसर परमेश्वरले पापीहरुलाई दिनु भएको छ ।

हामी हाम्रो आत्मामा खडा भएर परमेश्वर र अति उच्च कुराहरुको निर्णय गर्छौं । यो संसारको मानविय जीवनको रहस्य र अच्चमको भावनालाई हामीले कहिल्यै पनि नगुमाऔं । हामीले कहिल्यै पनि निष्ठाको भावनालाई नगुमाऔ.कि अनन्तको आत्मा-शक्ति जसले सिङ्गो ब्रम्हाण्डलाई थाम्न सक्नुहुन्छ-सानो थोप्लालाई बनाएर पृथ्वी र सानो धुलोलाई संरचना गरी मलाई बनाउनुहुन्छ र उहाँका सन्तान बनाउनु भयो ।

यो संसार परमेश्वरको हो । हामी उहाँका हौ र हामी उहाँको उपस्थितिमा जानेछौ भन्ने ज्ञानलाई कहिल्यै नगुमाऔं ।

# विश्वास र कामहरुको विच्देछ

*मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्वास छ" भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र?..यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो ।*
*तर कसैले भन्ला,"तिमीसित विश्वास छ, मेराचाहिँ कामहरु छन् ।" कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्धारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु । तिमीहरु विश्वास गर्छौ कि परमेश्वर एउटै हुनुहुन्छ । त्यो असल हो । भूतात्माहरु पनि विश्वास गर्छन् र थरथर काम्छन् ।*
*मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ? जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अपर्ण गरे, तब तिनी कामद्धारा नै धर्मी ठहरिएननु र? तिमी देख्तछौ, कि तिनका कामहरु सँगसँगै विश्वास कियाशिल थियो ।...तिमी देख्तछौ कि कामद्धारा मानिस धर्मी ठहरिदोरहेछ, विश्वासद्धारा मात्र होइन् ।...जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरुदेखि अलग हुँदा मरेको हुन्छ । (याकूब २:१४-२६)*

धेरै वर्ष अघि नै विश्वास र कामहरु विचको धारलाई हराउने ठुलो प्रयास भएको थियो । टेलिभिजन र रेडियोमा प्रचारकहरुले, पुस्तकहरुमा, पत्रिकाहरुको लेखमा आधिकारीक रुपमा मानिस विश्वासको केन्द्रविन्दुमा उद्धार पाँउछ र हाम्रा पाप क्षमाको निम्ति कुनै आज्ञापालनको कार्यहरुको आवश्यकता नरहेको पक्का गर्दछन् ।

अहिले धेरै मानिसहरु आफैले आफैलाई विश्वासका सन्तान भनी सोच्छन् । परमेश्वरले आफ्नो धर्मशास्त्रमा स्पष्टरुपमा प्रर्दशन गर्नुभएको स्तरसम्म नपुगेता पनि आफु स्वर्ग जान्छन् भन्ने कुरामा पूर्ण भरोसा भएको कुरा बहुसंख्यक मानिसहरुले स्वीकारेको सर्भेक्षणले बताउँदछन् ।

तर, अहिले बाइबलमा विश्वास र आज्ञापालन विवाहित जोडी जस्तै छन । विवाह एउटा सिद्ध मेल हो । विश्वास र आज्ञापालनको कार्यहरु परिवर्तनिय रुपमा प्रयोग भएको छ । भावनात्मक रुपमा यी दुई एक भएको छ । धर्मशास्त्रले मानिस र उसको पत्नीलाई त्यस्तै मेलमा व्याख्या गरेको छ ।

*"विश्वासद्धारा हामी धर्मी ठहरियौ"* भनी रोमी ५:१ ले भन्दछ । तर याकूब २:२४ ले *"कामद्धारा धर्मी ठहरियौ, विश्वासद्धारा मात्र होइन"* भनी भन्दछन् । उस्तै गरी प्रेरित १०:४३ ले *"उहाँमाथि विश्वास गर्ने प्रत्येकले पाप क्षमा पाउँछ"* भनी भन्दछ । प्रेरित २:३८ ले मानिसहरुलाई *"पश्चाताप गर र पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लेओ..."* भनी आज्ञा दिन्छ । बप्तिस्मा एउटा आज्ञा पालनको कार्य हो, जुन विश्वासको नजिकको सम्वन्धबारे जनाउँदछ । पावलले तिनीहरुलाई अदलबदल गरी प्रयोग गरेको छ । जव उनले एफिसीहरुको विश्वासमा केही अभाव भएको पाइयो, उनले तत्कालै तिनीहरुको बप्तिस्मावारे प्रश्न गरे । *"तिनले उनीहरुलाई भने, "जव तिमीहरुले विश्वास गऱ्यो के तिमीहरुले पवित्र आत्मा पायौ?" उनीहरुले तिनलाई भने, "पवित्र आत्मा छ भन्ने त हामीले सुनेका पनि छैनौ ।" अनि तिनले उनीहरुलाई भने, "तब तिमीहरुले कस्तो बप्तिस्मा लियौ?" उनीहरुले भने, "यूहन्नाको बप्तिस्मा"* (प्रेरित १९:२,३) ।

पत्रुसले आफ्नो पत्रमा *"बप्तिस्माले हामीलाई बचाउँदछ"* (१ पत्रुस ३:२१) भनी विश्वास र बप्तिस्मा विचको नजिक सम्वन्धलाई देखाउँछ । तर अहिले मानिसहरुले पूर्णरुपमा विश्वास र आज्ञापालनलाई बिच्छेद गर्न कठोर परिश्रम गरिरहेका छन् ।

दाज्यू-भाइ हो, येशूले मर्कूस १६:१६ मा जे कुरा जोडनु भएको छ, त्यसलाई मानिसले अलग नपारुन । *"जसले विश्वास गर्छ र वप्तिस्मा लिन्छ, त्यसको उद्धार हुन्छ; तर जसले विश्वास गर्दैनन् तिनीहरु दोषी हुनेछौ ।"* विश्वास मात्र मूख्य कुरा होइन् भन्ने कुरालाई केन्द्रित गर्नुपर्छ । विश्वास जीवनको यात्रा हो । विश्वास र विश्वासद्धाराको उद्धार एउटा प्रक्रिया हो जुन बिन्दुले हामीलाई जीवनमा पुऱ्याँउछ ।

जन्मबारे सोच्नुहोस् । मैले यो विषय ल्याएको छु किनभने स्वर्गमा प्रवेश गर्नेहरु *"पुन जन्मनु"* पर्छ ( यूहन्ना ३:३) । जन्मलाई पहिलो पल्ट हेर्दा जीवनको बिशिष्ट केन्द्रबिन्दु जस्तो लाग्छ । तर हामीलाई थाहा छ जन्म भनेको एउटा प्रक्रिया मात्र हो । कहिले जन्म हुन्छन भन्ने विषयमा मानिसले निरन्तररुपमा विवाद गर्छन, जन्मको प्रक्रियाको समयमा त्यो व्यक्ति मानिस बन्छ । तिनीहरुले चमत्कारको समयलाई हेरिरहेको हुन्छन् ताकि यो बिन्दुमा आउँदासम्म तिनीहरुले गर्भपतन गर्न सक्छन् । जीवन कहिले शुरु हुन्छन भन्ने बारेमा तिनीहरु आफैले आफ्नै परिभाषा बनाउँछन । पवित्र जन्म प्रक्रियाको विभेदमा मानिसले बताएका फरक कुराहरु थप्नु भनेको हाम्रो समय खेर फाल्नु हो भन्ने कुरा तपाई र मलाई थाहा छ । मानिसले बनाएका ती भेदहरुको के लक्ष्य छ? त्यो पूरा हुनुभन्दा अघि नै परमेश्वरको कार्य अन्त्य भएको निष्कर्ष ल्याउँछ ।

यसरी नै धेरै प्रचारकहरुले नयाँ जन्मलाई प्रक्रिया भन्दा पनि बूँदागतमा खिच्ने कोशिस गर्छन । विश्वास कहिले शुरु हुन्छन भन्ने बारे तिनीहरुको मानव परिभाषा अनुसार नयाँ जन्म पुरा हुनुभन्दा अघि नै तिनीहरुले त्यो प्रक्रियालाई नै अन्त्य गर्न खोज्छन् ।

जसरी डाक्टरले प्राकृतिक जन्म प्रक्रियालाई छल्न, पिडा हटाउन र अन्तिम जन्म प्रक्रियाको अवस्थालाई रोक्न गर्भपतन गर्ने ठाँउमा पठाँउछन् । त्यसरी नै धेरै प्रचारकहरुले आफ्ना नयाँ विश्वासीहरुलाई आत्मिक जन्म ( जस्तै बप्तिस्मा) प्रक्रियाको अन्तिम चरण भएर जान मनाही गर्छन । गर्भपतन गराउने कुरामा आशा गर्छन् ।

विश्वास र कार्यहरुको विच्छेद आत्मिक गर्भपतन हो । मानिसहरुले अरु मानिसहरुलाई परमेश्वरको संरचना र उद्देश्यहरु आफ्नो जीवनबाट अलग गराइदिन्छ ।

*"यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्टयाओस् ।"* (मत्ती १९:६)

## के उद्धारमुक्ति सधैंको निम्ति हो?

एउटा अर्थमा मुक्ति सदाको निम्ति हो र रद्द गर्न सक्दैनन्, *"किनकि एउटै बलिदानद्धारा जो पवित्र तुल्याइँदैछन् तिनीहरुलाई उहाँले सदाको निम्ति सिद्ध बनाउनुभएको छ"* (हिब्रू १०:१४) ।

तै पनि यदि त्यो व्यक्ति मण्डलीको सदस्य भएता पनि विश्वासबाट पछि हट्यो भने जसरी इस्रायलयीहरुले प्रतिज्ञाको भूमि गुमाए जस्तै तिनीले पनि निश्चय नै स्वर्ग गुमाउने छौ । *"को सँग उहाँ चालिस वर्षसम्म क्रोधित हुनुभयो? के ती पाप गर्नेहरुसँग होइन्, जुनहरु उजाड-स्थानामा मरेर गएका थिए?"* (हिब्रू ३:१७) र *"भाइ हो, होश गर, तिमीहरुमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरुलाई जीवित परमेश्वरबाट टाढा नलैजाओस्"* (हिब्रू ३:१२) ।

इस्रायलीहरु पतन भएको उदाहरण १ कोरिन्थी १०:१-१२ मा हामीलाई चेतावनीको निम्ति दिएको छ । *"यी कुराहरु तिनीहरुलाई चेतावनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ । यसकारण जसले खडा छु भनी सोचेको छ, त्यो होशियार रहोस् नत्रता त्यो लड्नेछ"* (१ कोरिन्थी १०:११, १२) ।

परमेश्वरका सन्तानहरु उहाँबाट पतित भएको विरुद्धमा २५०० भन्दा बढी चेतावनीहरु बाइबलमा छन् । पुरानो करारको एउटा उदाहरणलाई विचार गर्नुहोस्: *"फेरी जब कुनै एउटा धर्मी मानिस आफ्नो धार्मिकताबाट फर्केर दुष्टयाइँ गर्छ, त्यसको लागि ठक्कर खाने ढुङ्गो मैले राखें भने त्यो मर्नेछ । तैले त्यसलाई चेतावनी नदिएकोले त्यो आफ्नै पापको कारणले मर्नेछ । त्यसले गरेका धर्म कार्यहरुको केही सम्झना हुनेछैन । त्यसका रगतको लेखा म तँबाट लिनेछु"* (इजकिएल ३:२०) ।

नयाँ नियमको यो उदाहरणलाई हेरौ, *"सबै मानिसहरुसँग शान्तिमा बस्ने र पवित्र हुने प्रयत्न गर; पवित्रताविना कुनै मानिसले परमप्रभुलाई देख्न सक्दैन । ध्यान देओ, कि कुनै मानिस परमेश्वरको अनुग्रह प्राप्त गर्नदेखि वञ्चित नहोस्, ताकि तीतोपनको जरो उम्रेर आईकन त्यसले फुट नल्याओस्, र धेरै जनालाई अशुद्ध नपारोस्"* (हिब्रू १२:१४, १५) । अर्को उदाहरण: *"तर यदि तिनीहरुले हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टलाई चिनेर पनि संसारका दूषित गराउने कुराबाट उम्किसकेपछि फेरि पापमा फसेर त्यसको वशमा परे भने, तिनीहरुको पछिल्लो अवस्था अगाडिको भन्दा अझ खराब हुन्छ । यी सत्य उखान अनुसार नै तिनीहरुलाई यसो भनिएको छ, "कुकुर आफ्नै बान्तामा फर्किआउँछ," र "नुहाइदिएको सुँगुर हिलैमा लडीबडी खेल्छ"* (२ पत्रुस २:२०,२२) पत्रुसको अन्तिम हौसलाको वचनमा पतित हुनबाट छुटकारा पाउने कुरा उल्लेख गरेको छ: *"तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ । उहाँलाई अहिले र सदासर्वदा महिमा होस् । आमिन्"* (२ पत्रुस ३:१८) ।

# परमेश्वरको राज्य र प्रभु येशूको बारे

प्रेरितको पुस्तकको अन्तिम अध्यायको अन्तिम पदमा हामीले पढ्न पाउँछौ कि प्रेरित पावल, *"परमेश्वरको राज्यको प्रचार गर्थे, र प्रभु येशू ख्रीष्टको वारेमा शिक्षा दिन्थे"* (प्रेरित २८:३१) । पावललाई रोमको कैदमा राखेको थियो । तर उनलाई सिपाहीहरुको सुरक्षामा भाडाको घरमा बस्ने अनुमति दिएको थियो । उनको घरमा मानिसहरु भेट्ने आउने र जाने अनुमति दिएको थियो । परमेश्वरको राज्य र येशू ख्रीष्टबारेका कुराहरु उनलाई भेटघाट गर्न आउने पाहुनाहरुलाई प्रचार गर्ने मौकालाई पावलले प्रयोग गरे । प्रेरितहरुको जीवनमा यी दुईवटा कुराहरु धेरै महत्वपूर्ण हुनुपर्छ । अभिलेखले बताउँदछ कि पावल लगभग दुई वर्ष सम्म कैदमा बस्यो र त्यो समयमा उनलाई भेट्न आउनेहरुलाई घरी-घरी त्यही कुरा प्रचार गरे ।

पावलले परमेश्वरको राज्य वारेमा अरु कुराहरुको साथै दानिएलको पुस्तक २:४४ मा स्वर्गको परमेश्वरले यो आत्मिक राज्यमा उद्धार पाएकाहरुलाई प्रभुले मण्डलीमा थपिदिनु हुन्छ (प्रेरित २:४७; कलस्सी १:१३-१४) भन्ने कुरा आफ्ना सुन्नेहरुलाई भनेको हुनुपर्छ । संसारको अन्त्य जहिले हुन्छ, ख्रीष्टले परमेश्वरको राज्यलाई पिताको हातमा सुम्पिदिनु हुन्छ (१ कोरिन्थी १५:२४-३८) । यसरी परमेश्वर सबै कुरामा हुनुहुन्छ भन्ने कुरा तिनीहरुलाई बुझाउन उनले सहायता गरेको हुनुपर्छ । परमेश्वरको राज्यमा जन्मनको निम्ति पावलले तिनीहरुलाई पुन जन्मनु पर्छ भनी भनेकौ हुनुपर्छ । किनभने राजा र मुक्तिदाताले भन्नुभएको छ, *"साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्धारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन"* (यूहन्ना ३:५) ।

प्रेरितहरुले आफ्ना स्रोतहरुलाई परमेश्वरको पुत्रको आश्चर्यजनक रुपमा जन्म भएको अच्चमको कथा लगायत प्रभु येशू ख्रीष्टवारेका अरु शिक्षाहरु भनेकै हुनुपर्छ (मत्ती १:१८-२५; २:१-१२; लूका २:१-२०; यूहन्ना १:१-१४) । निश्चय नै उनले संसारमा ख्रीष्टको पापरहित जीवनबारे व्याख्या गरे जहाँ सबै कुरामा हामी जस्तै भएर परीक्षामा पर्नुभयो । तै पनि उहाँले कुनै पाप गर्नुभएन् (हिब्रू ४:१५) ।

पावलले तिनीहरुरुलाई हाम्रा प्रभुले सिकाउनु भएको शक्तिशाली पाठहरु र प्रर्दशन गर्नुभएका अच्चमका कामहरु वारे भनेको हुनु पर्छ । पापीहरुलाई प्रसन्न पार्ने उहाँको मृत्यु, उहाँलाई गाडियो र तीन दिनमा कसरी पुनरुत्थान भयो भन्ने कुराहरु उनले सम्पूर्ण रुपमा व्याख्या गरेकै हुनपर्छ । स्वर्ग उचालिनु अघि ख्रीष्टले आफ्ना चेलाहरुलाई संसारका सारा मानिसहरुलाई गएर सुसमाचार प्रचार गर्न (१ कोरिन्थी १५:१-४) र जसले विश्वास गर्छन र बप्तिस्मा लिन्छन, उनीहरुको उद्धार हुन्छन (मत्ती २८:१८-२०; मर्कूस १६:१५-१६) भन्ने कुराहरु पनि पावलले घोषणा गरेको हुनुपर्छ । यसमा कुनै शंका छैनन कि अन्तमा प्रेरितहरुले आखिर दिनमा वा न्यायको दिनमा ख्रीष्ट आउनुहुनेछ, जुन समयमा उहाँले आफ्नै वचन अनुसार संसारका सबै मानिसहरुलाई न्याय गर्नुहुन्छ (प्रेरित १७:३०,३१; यूहन्ना १२:४८) भन्ने कुराहरु पनि आफ्ना आगन्तुकहरुलाई चेतावनी दिएको हुनैपर्छ । त्यो परमप्रभुको दिनमा उहाँको महिमित शक्तिले सबैलाई जिवित बनाइनेछ र जसले उहाँलाई पृथ्वीमा पछ्याएको थियो, तिनीहरुलाई बादलमा प्रभुसँगै भेट्नको निम्ति उठाइनेछ र यसरी तिनीहरु उहाँसगै उहाँकै स्वर्गीय राज्यमा सदाकालसम्म रहनेछन (१ थेस्लोनिकी ४:१३-१८) ।

निश्चय नै ख्रीष्टियन भए देखि पावलले आफ्नो सम्पूर्ण जीवन परमेश्वरको राज्य र प्रभु येशू ख्रीष्टको वारेका कुराहरु प्रचार गर्ने निर्णय गऱ्यो । जसले उनलाई सुन्छ यही सन्देश प्रचार गर्नु पावल किन ऋणी जस्तो महसुस हुन्छ? किनभने पावल विश्वास गर्थ्यो कि परमेश्वरको राज्य सुन्दर र मुक्तिको निम्ति सिद्ध स्थान हो र स्वर्गीय स्थानमा पुग्ने एउटै मार्ग प्रभु येशू ख्रीष्ट हो । येशूले तिनीहरुलाई भन्नुभयो, *"बाटो, सत्य र जीवन म नै हुँ । मद्धारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन"* (यूहन्ना १४:६; फिलिप्पी ३:७-१४) ।

# महान मण्डलीका अवयवहरु

मण्डली कस्तो भएको परमेश्वर चाहनुहुन्छ? मण्डली के हो? आर्दश मण्डलीको निम्ति १ थेस्लोनिकी १ अध्यायबाट परमेश्वरलको नमूना प्रकट भएको छ । चासोपूर्ण रुपमा त्यहाँ संख्याहरु, लक्ष्यहरु, कार्यक्रमहरु, प्रचारकहरु, बजेटहरु, कर्मचारीहरु वा सुविधाहरुको वारेमा केही पनि भनिएको छैनन् । त्यसको सट्टामा मण्डलीको आत्मिकी गुणहरु उल्लेख गरेका छन् ।

**(१) यो बोलाइएको मण्डली थियो ।**

पावलले अध्याय १:४, ५ मा तिनीहरुलाई भन्दछन् कि उहाँको आफ्नै लक्ष्य र इच्छा अनुसारका धर्मपुत्रको रुपमा चुन्नुभएको वा पूर्व निर्धारण गर्नु भएको थियो । संयोगले मण्डली भएको होइन्, तर यो परमेश्वरको अनन्त उद्देश्यको परिणाम थियो । उहाँको पुत्रको रुप जस्तै हुन र येशू ख्रीष्ट हाम्रो दाज्यु हुनको निम्ति उहाँको उद्देश्य र अनुग्रह अनुसार यो हाम्रो पवित्र बोलावट हो । मण्डली परमेश्वरले बोलाउनुभएको, चुनिनुभएको र नियुक्ति गर्नुभएको हो । त्यसो भए थेस्लोनिकीहरुलाई परमेश्वरले कसरी बोलाउनुभयो? पावलले २ थेस्लोनिकी २:१४ मा जवाफ दिन्दछन्, *“तिमीहरु सुसमाचारद्धारा बोलाइयो ।”* हामीहरुलाई पापबाट छुटकारा गर्नको निम्ति, पवित्रताको निम्ति र शुद्धताको निम्ति बोलाइएको छ (१ थेस्लोनिकी १:४-६) ।

**(२) यो उदाहरणीय मण्डली थियो ।**

*“तिमीहरु हाम्रा र प्रभुका अनुकरण गर्ने भयौ...”* (१ थेस्लोनिकी १:६) । तिनीहरुले आफ्नो जीवनलाई येशू ख्रीष्टको सेवाकाईको नमुना बनाए । “अनुयायी” शब्द “नक्कल गर्ने” शब्दबाट आएको हो । तिनीहरु बोल्ने मात्र नभई काम पनि गर्छन् । मण्डली ख्रीष्टको आत्मिक शरीर हो जसले ख्रीष्टकै नक्कल गर्छन । उहाँले जस्तै प्रेम गर्ने, उहाँले जस्तै सिकाउने गर्छन् । थेस्लोनिकीहरुको निम्ति यो सजिलो थिएन्, तिनीहरु कष्टमा हुर्केका थिए । तै पनि तिनीहरुमा निरन्तर आनन्द थियो । तिनीहरुको जीवन प्रत्येक स्थानमा भएका अरु विश्वासीहरुको निम्ति उदाहरण थियो । तिनीहरु सु-समाचार फैलाउने र आफ्नो जीवनप्रति निकै गम्भीर थिए ।

**(३) यो अघि बढिरहने मण्डली थियो ।**

तिनीहरु परमेश्वरको सेवा गर्ने र उहाँको पुत्रको उपस्थितिलाई पर्खन मूर्तिहरुबाट फर्केका थिए (१ थेस्लोनिकी १:१०) । सेवा गरिरहँदा तिनीहरुले पर्खिरहेका थिए र पर्खिरहँदा तिनीहरुले सेवा गरिरहेका थिए । येशूको दोस्रो आगमनको कुराले दुईवटा कुरा हासिल हुनेछः (१) यो संसारलाई राम्रोसँग बुझ्ने अवस्थामा राख्छ (२) ईश्वरीय जीवन र राम्ररी सेवा गर्न प्रोत्साहन दिन्छ । यसले हाम्रो काममा अत्यावश्यकता सृजना गर्नेछ । आउनुहोस् हामी पनि थेस्लोनिकी मण्डली जस्तै होऔः चुनिएको र बोलाएको, ख्रीष्टमा हाम्रो छुटकाराको पूर्ण विश्वास; उदाहरणीय-जीवन र सेवाकाईमा ख्रीष्टलाई नक्कल गर्ने; र प्रभुको आगमनको आश गर्ने हौं । यसकारण प्रोत्साहित भएर हाम्रो काममा अविलम्ब्य होऔं ।

# भातृसम्वन्ध

परमेश्वरका हरेक सन्तान मेरा दाज्यु-भाई वा दिदी बहिनी हुन् । यदि परमेश्वर उनका पिता हुनुहुन्छ भने म उनका दाज्यु-भाई हुन् । मैले उनलाई चुनेको होइन् किनभने उ रहरलाग्दो थियो । मैले उनलाई चिने किनभने उनलाई परमेश्वरले चुन्नुभएको छ ।

उहाँ र म महत्वपूर्ण छु । हामी परिवारको अति आवश्यक भाग हो । उहाँलाई वाहिर वा तल्लो स्थानमा राख्न सकिदैन् । उहाँ आज्ञाकारी हुनुभएकोले उच्च स्थानमा उहाँसँगै हामीलाई राखेको अनुभूति गर्नु हुँदैन । पावलले भौतिक शरीरको सन्तानको महत्वलाई देखाएको छ: *"बरु शरीरका अफ दुर्बल देखिने अङ्गहरु नै नभई नहुने हुन्छन्"* (१ कोरिन्थी १२:२२) ।

म मेरो दाज्यु-भाईलाई प्रेम गर्छु किनभने ऊ मेरो परिवार हो । यदि ऊ निरास भयो भने, म उनलाई हौसला दिन्छु । यदि ऊ खाँचोमा छ भने, म सँग जे छ म उसँग बाँध्नेछु । यदि उसले गल्ती गऱ्यो भने म उसलाई वास्ता गर्छ । यो नै भातृसम्वन्ध हो । मलाई थाहा छ, मैले दाज्यु-भाई जस्तै व्यवहार गरे भने मैले ख्रीष्टलाई आदर गरिरहेको हुन्छु । येशूले भन्नुभयो: *"तब राजाले तिनीहरुलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरुलाई भन्दछु, तिमीहरुले यी मेरा भाइहरुमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यो, त्यो तिमीहरुले मलाई नै गऱ्यौ"* (मत्ती २५:४०) ।

परमेश्वरका सन्तानहरु विशेष मानिस हुन् । हामी तिनीहहरुलाई अति उच्चका साथ लिन्छौ र तिनीहरुलाई विशेष वास्ता गर्छौ किनभने *"तिनीहरु मेरा दाज्यु-भाई हुन"* (१ तिमोथी ६:२२) ।

# बाइबलका १२ दाताहरु

| | | |
|---|---|---|
| (१) | **इच्छुक भएर दिने -** | **अब्राहाम,** जसले आफ्नो पुत्र बलिदानको निम्ति दिए (उत्पति २२:१-१९) । |
| (२) | **थोरै दिएर धेरै हुने-** | **विधवा**, जसले दुई पैसा दिए । उनले आफूसँग भएका सबै दिए (मर्कूस १२:४२-४४) । |
| (३) | **छुच्चो दाता -** | **शाऊल**, जसले अमालेकीहरुबाट लुटेको सामान अर्पण गर्न चाहयो (१ शामूएल १५:१७-२३) । |
| (४) | **बलिदानपूर्ण दिने -** | **दाऊद**, जसले पैसा नपरेको चिज दिन इन्कार गऱ्यो (२ शामूएल २४:२४) । |
| (५) | **लालची दाता -** | **हननिया र सफिरा**, जसले केही भाग छुट्टयाएर सबै दिएको भनी ठाने (प्रेरित ५:१-११) । |
| (६) | **प्रतिष्ठित दाता -** | **माकेडोनियाका विश्‍वासीहरु**, जसले सर्वप्रर्थम आफूलाई प्रभुमा दिए (२ कोरिन्थी ८:१-१५; ११:८,९) । |
| (७) | **जीवन दाता -** | **पत्रुस र यूहन्ना**, जोसँग न चाँदी न सुन थिए, तर तिनीहरुले आफ्नो जीवन दिए (प्रेरित ३:१-१०) । |
| (८) | **स्वइच्छाले दिने व्यक्ति -** | **जख्यास**, जसले कसैलाई नसोधीकन गरीबहरुलाई खानको निम्ति आफ्नो सम्पतिको आधा भाग दिए (लूका १९:१-१९) । |
| (९) | **इनाम पाउने दाता -** | मानिसले देख्ने गरी जसले दिन्छ, तिनीहरुको इनाम मात्र हुन्छन (मत्ती ६:२) । |
| (१०) | **सुगन्धित भेटी -** | **फिलिप्पी**, जसको भेटी "सुगन्धित वास्नाको थियो (फिलिप्पी ४:१७-१८) । |
| (११) | **सर्वश्रेष्ठ दाता -** | **परमेश्‍वर**, जसले *"संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्‍वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस्"* (यूहन्ना ३:१६) । |

**परमेश्‍वरको हरेक सन्तानले सर्वप्रथम आफैलाई प्रभुमा दिनु भनिएको छ.,** *"...माकेडोनियाका मण्डलीले....पहिला आफैले आफैलाई प्रभुमा सुम्पिदिए"* (२ कोरिन्थी ८:१-५) । त्यसपछि, हामीसँग भएका कुराहरु स्वइच्छाले दिन्छौ । तपाईले कसरी दिनुहुन्छ?

# सुकेका हाडहरुको दर्शन

**हाडहरु !** वेंशी हाडहरुले भरिएको थियो । आँखाले देखेसम्म मानिसका सुकेका हाडहरु अलगिएको थियो । यस्तो भयानक दृश्य हेरेपछि अन्धकार र वेसाहारा भयो । यस्तो भयानक ठाँउको निम्ति *"मृतक वेंशी"* नामदिंदा उपयुक्त हुन्छ ।

यस्तो दुषित र हरेस लाग्ने दृश्यको सर्वेक्षण गर्ने प्रभुको हातले इज्रायललाई दोहऱ्याउनु भयो । जवान प्रचारकले देखेको कुरामा उ झसङ्ग र अवाक भए । तर परमेश्वरले *"मानिसको पुत्र, के यी हाडहरु फेरी जीवित हुन सक्छन्?* (इजकिएल ३७:३) भन्दा उसको चुपचापको अवस्था तोडियो । दृश्यलाई हेर्दा प्रश्न निश्चय नै अच्चमको थियो । यस्तो प्रश्नको जवाफ इजकिएलले कसरी दिन्थ्यो? अरु केही होइन् जताततै वेसाहारा थियो तर अगमवक्ताले अन्तमा राम्रोसँग यी वचनहरु भने, *"हे परमप्रभु परमेश्वर तपाई जान्नुहुन्छ ।"*

प्रभुले यो जवान प्रचारकलाई जस्तो काम दिनुभयो त्यो हेर्दा असम्भव थियो । उहाँले तिनलाई भन्नुभयो, *"यी हाडहरुलाई अगमवाणी कहेर भन, 'हे सुकेका हाड हो, परमप्रभको वचन सुन ! यी हाडहरुलाई परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ: म तिमीहरुलाई सास हालिदिनेछु, र तिमीहरु जीवित हुनेछ । म तिमीहरुमा नसाहरु टाँसिदिनेछ, र तिमीहरुमा मासु बढाइदिन्छु, र छालाले म ढाकिदिनेछु, तिमीहरुमा सास हालिदिनेछु, र तिमीहरु जीवित हुनेछौ । तब तिमीहरुले म नै परमेश्वर हुँ भनी जान्नेछौ"* (इजकिएल ३७:४-६) । इजकिएलले यी हाडहरुमाथि अदभूत परिणामको निम्ति अगमवाणी गरे ।

वास्तविकरुपमा चित्र र दर्शन यो थियो कि परमेश्वरका पापी, विद्रोही अविश्वासयोग्य इस्रायल जो अहिले आत्मिकरुपमा मरेका छन् । के इस्रायल फेरी राष्ट्रको रुपमा जीवित हुन सक्छन्?

परमेश्वरका मनिसहरुलाई कुल्चियो र बेबिलोनमा लगियो जहाँ तिनीहरु सत्तरी वर्षसम्म कैद भएर बसे । साँच्चै नै यहूदी जाति मरे, तर पापको दुगन्ध नयाँ जीवनसित पुनस्थापित हुनेछ । बाँकी बचेकाहरु कैदबाट छुटाइयो र घर फर्किए । यरुबावेल, नहेम्याह, र एज्राको अगुवाइमा नयाँ जीवन पाए । यसबाट हामीले आज के पाठ सिक्छौ?

## पाप घातक हुन्छ ।

आत्माको मृत्युजनक शत्रु पाप हो । अगमवक्ता इजकिएलले भने, *"त्यो प्राण, जसले पाप गर्छ, त्यो मर्नेछ"* (इजकिएल १८:२०) । पावल लेख्दछ, *"पापको ज्याला मृत्यु हो"* (रोमी ६:२३) । *"...अपराध र पापहरुद्वारा मरेको बेला उहाँले जीवित पार्नुभयो"* (एफिसी २:१) । पावल अझअघि गएर पापमा मानिसहरुको अवस्थाबारे व्याख्या गर्छन्,...*"याद राख, तिमीहरु त्यस बेला ख्रीष्टबाट अलग, इस्राएलका नागरिक हकबाट बाहिर भएका थियौ, र प्रतिज्ञाका कराहरुबाट बिराना, आशा नभएका र यस संसारमा परमेश्वररहित थियौ"* (एफिसी २:१२) । यो अवस्थामा प्राणहरु *"ख्रीष्ट रहित", "आशा रहित" र परमेश्वर रहित"* हुन्छन् ।

हितोपदेश ८:३६ मा प्रभु भन्नुहुन्छ, *"तर जसले मलाई भट्टाउन चुक्छ, त्यसले आफैलाई नोक्सानी गर्छ । मलाई घृणा गर्ने सबैले मृत्युसित प्रेम राख्छ ।"*

## परमेश्वरका जनको निम्ति पाप विनाशक हुन्छ ।

ख्रीष्टियनहरु विश्वासयोग्य र चनाखो छैनन् भने पापले विनाशकारी असर ल्याँउछ । इस्रायलीहरुले जस्तै परमेश्वरको विरुद्धमा पाप गर्दा आत्मिकरुपमा हामीलाई सुकेको हाडहरु जस्तै हुन्छन् । हितोपदेश १४:३० ले भन्दछ, *"शान्त हृदयले शरीरलाई जीवन दिन्छ, तर डाहले हड्डी मकाउँछ ।"* यो कुरा डाहमा मात्र सत्य होइन, त्यसको साथै कुनै पनि पापको परिणाममा पनि सत्य हुन्छन् (जस्तै घमण्ड, रीस, झुट बोल्ने, शारीरिक अनैनिक आदि) । हितोपदेश १७:२२ ले भन्दछ, *"प्रसन्न हृदय असल औषधी हो, तर पेलिएको आत्माले हड्डीहरु सुकाउँछ ।"*

जव परमेश्वरका मानिसहरु आत्मिक जीवनलाई खाली बनाएर कङ्काल जस्तै भएर हिडनु निकै दु:खको कुरा हो । त्यस्ता मानिसहरुको वारेमा पावल भन्दछ, *"भक्तिको भेषचाहिँ लिने र त्यसको शक्तिलाई इन्कार गर्ने"* ( २ तिमोथी ३:५) । आत्मिक शुन्यता र जीवनरहित विभिन्न कुराहरुले गर्दा हुन्छ: प्रार्थनाको अभाव, परमेश्वरको वचन अध्ययन नगर्दा, पाप गरिरहँदा, कृतज्ञताको अभाव, प्रचारको काम गर्ने वारे फरक अवधारणा हुँदा हो ।

## पुर्नस्थापनाको आवश्यकता

येशू ख्रीष्ट र सु-समाचारद्धारा मात्र पुर्नस्थापनाको नयाँ जीवन आउँछ । परमप्रभुले इजकिएल र इस्रायललाई आफ्नो वचनद्धारा घोषणा गर्नुभयो, *"हे मेरा प्रजा, म तिमीहरुका चिहानहरु खोलेर तीबाट तिमीहरुलाई बाहिर निकाल्नेछु । म तिमीहरुलाई इस्रायलको देशमा फेरी ल्याउनेछु । तब हे मेरा प्रजा, जब म तिमीहरुलाई बाहिर निकालेर ल्याउनेछु, तब तिमीहरुले म नै परमप्रभु हुँ भनी जान्नेछौ । म मेरो आत्मा तिमीहरुमा हालिदिनेछु र तिमीहरु बाँच्नेछौ..."* (इजकिएल ३७:१२-१४) ।

यूहन्ना १०:१० मा येशूले भन्नुभयो, *“म त तिनीहरुले जीवन पाऊन, र त्यो प्रशस्त मात्रामा पाऊन भन्ने हेतुले आएँ ।”* पावल लेख्दछ, *“यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ”* (२ कोरिन्थी ५:१७) ।

ख्रीष्टलाई आफ्नो जीवनमा चुन्नुहोस र उहाँको मुक्तिमा पूर्ण आनन्द गर्नुहोस ।

# ब्वाँसाहरुको पहिचान र विरोध

येशूले ब्वाँसाहरुवारे चेतावनी दिनुभयो जसले उहाँका भेडाहरुलाई खतरामा पार्छ । पावलले यो चेतावनीलाई डोहऱ्याउनु भयो । यस्ता वचनहरुलाई नसुनेर ती ब्वाँसाहरुलाई पहिचान नगर्नु ठुलो समस्या हो । आउनुहोस् यी विषयका केही तथ्यहरुलाई विचार गरौ (प्रेरित २०:२९-३१) ।

प्रभुको अनुमानमा जसले झुठा शिक्षा सिकाउँछन् र अभ्यास गर्छन् तिनीहरु सबै ब्वाँसा हुन भन्ने कुरा हामीले महसुस गर्नु हुँदैन् । कोहीकोही तिनीहरु आफै गलत बाटोमा दोहरिएका छन् । जस्तैः अप्पोलस, जसलाई केही कुरा सच्चाउनु आवश्यक थियो (प्रेरित १८:२४-२६) । तिनीहरुको इमान्दारिता र असल चाहनाहरु बाइबलिय सत्यतासित तिनीहरुको गलत विचारको रुप परिवर्तन हुँदैन ।

ब्वाँसाहरु भेडाहरुको रुपमा देखा पर्छन भन्ने तथ्यहरुलाई हामीले बुझ्नुपर्छ । तिनीहरु वास्तविक रुपमा को हौ भनी आफैले वर्गीकरण गरेको हुँदैन । तिनीहरुको चाहना छली, भेष वदल्ने र होशियारीसाथ लुकेको हुन्छ । सामान्यरुपमा कसरी हामीले सामना गर्ने र यस्ता शिकारीहरुलाई कसरी विरोध गर्न सक्छौ?

सवप्रर्थम, तिनीहरुले जे सिकाउँछ र समर्थन गर्छन त्यसलाई हामीले धर्मशास्त्रद्धारा जाँच गर्न सक्छौ । ब्वाँसाले आफ्नो उद्देश्यहरुलाई पुरा गर्न सत्यतालाई बङ्गयाउने छ (२ पत्रुस ३:१६ । यसकारण होशियार अपनाउन सल्लाह दिएको छ ।

त्यसपछि, अरुलाई नियन्त्रण गर्ने र शक्तिको निम्ति इच्छा गर्ने सुचनाबाट हामी सचेत हुन सक्छौ । डियोट्रोफिस यस्तो प्रकारको अन्तिम व्यक्ति होइन् (३ यूहन्ना ९) ।

अन्तमा हामीले त्यो व्यक्तिको जीवनबाट फलाएका फलहरु हेर्न सक्छौ । खराब मार्गबाट फलाएका खराब फलहरु ढिला वा चाँडो देखा परिहाल्छ (मत्ती ७:१५-२०) ।

## विशिष्ट कदमहरु

(१) भनिएका कुराहरुलाई सुन्नुहोस् । होशियारीसाथ जाँच गर्नुहोस् ।
(२) जे गरिएको छ, त्यसलाई हेर्नुहोस् । "बोलीभन्दा काम चर्को स्वरले बोल्छ ।"
(३) परिणाम र फलहरु हेर्नुहोस् । गलत वाटोमा नदोहरिऊन् ।
(४) त्यो विषयमा सामान्य बुद्धि प्रयोग गर्नुहोस् । सत्य विवेकशील हुन्छ ।
(५) आफ्नै विश्वासलाई दह्रो बनाउनुहोस् । यो तपाईको आफ्नै "ढाल" हो ।
(६) धर्मशास्त्रलाई प्रयोग गर्नुहोस् । यो तपाईको "तरवार" हो ।
(७) सेवा गर्न तपाईको सीपलाई विकास गर्नुहोस् । तपाईलाई ती कुराहरु चाहिनेछ ।

## बप्तिस्माको विरोध

**विवादः** मकूर्सको अभिलेख अनुसार येशूको महान आज्ञामा उहाँले आफ्ना चेलाहरुलाई भन्नुभयो, *"सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ"* (मर्कूस १६:१५, १६) । कसैले विवाद गर्छन कि येशूले भन्नुभएको छ, "जसले विश्वास गर्छ तिनीहरु नष्ट हुँदैनन् र "जसले बप्तिस्मा लिदैन" भन्ने कुरा थपिएको छैनन् । यसले बप्तिस्मा साँच्चै नै आवश्यक छ भनेर भन्दैन् । विश्वास नै वास्तविक रुपमा सबै कुरा हो ।"

**प्रतिक्रियाः** हराएको पापी मानिसले के चाहन्छ? उद्धार मुक्ति या नरक? कसलाई येशूले मुक्ति प्रतिज्ञा गर्नुभयो? येशूले स्पष्ट भन्नुभयो, "विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाँउछ" । कसले उद्धार पाँउछ? *"जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ ।"* येशूले यी दुईवटैलाई जोडनुभएको छः विश्वास र बप्तिस्मा । के येशूले जोडनु भएको कुरामा अलग गर्ने अधिकार मलाई छ?

अब यो कुरा सत्य हो कि "नष्ट हुनु" भनेको "विश्वास नगर्नू" हो । येशूले स्पष्ट रुपमा भन्नुभएको छ, "जसले विश्वास गर्दैन् त्यो नष्ट हुनेछ ।" यसरी मुक्तिको निम्ति बप्तिस्मा आवश्यक छैनन् भनेर भन्नू अविश्वास प्रदर्शन गर्नु हो । याद गर्नुहोस्, त्यो अविश्वास हो जसले दोष दिन्छ । विश्वासीहरुले येशूको वचनलाई स्वीकार गरेर विश्वास र बप्तिस्माले उद्धार ल्याउँदछ । विश्वास मात्र गर्नेहरुको निम्ति मुक्ति हो भनी अविश्वासीहरुले भन्दछन् ।

म जवान ठिटो हुँदा सुसमाचार प्रचारक थोमस बि.बायट्नले दिएको उदाहरणलाई घरीघरी याद गर्छु । मर्कूस १६:१६ मा उल्लेख गरेको मुक्ति र नष्टबारे प्रभुको प्रतिज्ञालाई उनले समानान्तर भनाइद्धारा व्याख्या गरे । दाज्यु वायटनले भन्नुभयो, "जसले खान्छ र पचाउँछ, त्यो जिउनेछ; जसले पचाउँछ त्यो मर्नेछैनन् । "यदि कोही जिउने इच्छा गर्छ भने उसले खानै पर्ने र पचाउनै पर्ने अवलोकन गऱ्यो । "यदि कसैले खाँदैन भने, ऊ मर्नेछ भन्ने कुरा उनले थपे । उनले त्यसपछि भने, "यो भन्नु आवश्यक छैनन् कि जसले खाँदैनन् वा पचाँउदैनन् । यदि तपाईले खानु हुन्न भने तपाईले पचाउन सक्नु हुन्न ।

स्पष्ट निष्कर्ष यो छ कि जसले विश्वास गदैनन् त्यसले सही तरीकाबाट वा धर्मशास्त्र अनुसार बप्तिस्मा लिन सक्दैनन् । के तपाई विश्वास गर्नुहुन्छ? के तपाईले बप्तिस्मा लिनुभयो? तपाईले गर्नै पर्छ । यसको निम्ति विश्वासको आवश्यकता पर्छ ।

**बाइबलबाट जोडा मिलाउनुहोस् ।**

(१) सारा संसारमा जाऊ
(२) आदिमा परमेश्वरले सृष्टि गर्नुभयो ।
(३) परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो ।
(४) जसले विश्वास गर्छ र
(५) स्वर्गमूनि मानिसहरुलाई अरु कुन नाम दिएको छैनन् ।
(६) बाटो, सत्य र जीवन म नै हुँ ।
(७) यदि तिमीले मलाई प्रेम गर्छौ भने
(८) तिमीहरुको हृदय व्याकुल नहोओ ।
(९) आदिमा वचन थियो ।
(१०) शरीर एउटै छ र आत्मा एउटै छ
(११) मृत्युसम्मै विश्वासयोग्य होऔ
(१२) तव किन पखन्छौ? उठनुहोस्
(१३) आज तिमीहरुको निम्ति दाऊदको शहरमा मुक्तिदाताको जन्म भएको छ, जो
(१४) खोज, तिमीले भेट्टाउनेछौ; ढक्ढक्याऊ
(१५) हे सबै थाकेका र बोझले दबिएका हो, म कहाँ आओ म तिमीलाई

(क) र म तिमीलाई जीवनको मुकुट दिनेछु ( प्रकाश २:१०) ।
(ख) मेरा आज्ञाहरु पालना गर (यूहन्ना १४:१५) ।
(ग) जसद्धारा हाम्रो उद्धार हुन्छ (प्रेरित ४:१२) ।
(घ) र सारा सृष्टिलाई सुसमाचार प्रचार गर ( मर्कूस १६:१५) ।
(ङ) मद्धारा वाहेक कोही पनि पिता कहाँ आउन सक्दैनन् (यूहन्ना १४:६) ।
(च) बप्तिस्मा लिनुहोस् र आफ्ना पाप धुनुहोस् ( प्रेरित २२:१६)।
(छ) स्वर्ग र पृथ्वी (उत्पति १:१) ।
(ज) र वचन परमेश्वरसित थियो र वचन परमेश्वर थियो (यूहन्ना १:१) ।
(झ) ताकि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो ( यूहन्ना ३:१६) ।
(ञ) जसरी तिमीहरु एउटै आशामा बोलाइएका थियौ (एफिसी ४:४) ।
(ट) बप्तिस्मा लिन्छ त्यसको उद्धार हुन्छ (मर्कूस १६:१६) ।
(ठ) तिमीहरु परमेश्वरमा विश्वास गर्छौ, मलाई पनि विश्वास गर (यूहन्ना १४:१) ।
(ड) तिम्रो निम्ति खोलिनेछ (मत्ती ७:७) ।
(ढ) बिश्राम दिनेछु (मत्ती ११:२८) ।
(ण) ख्रीष्ट प्रभु हुनुहुन्छ (लूका २:११) ।

# मुक्तिवारे गलत बुझाई

**गलत बुझाई १: क्रुसमा टाँगेको चोर जस्तै के मेरो उद्धार हुन सक्छ?**

सक्दैनन् । त्यो चोर मोशाको व्यवस्थाको अधिनमा थियो । खीष्टको व्यवस्थाको अधिनमा थिएनन् । खीष्टले आफ्नो व्यक्तिगत सेवाकाई भर बारम्बार पापहरु क्षमा गर्नुभयो जुन ईश्वरत्वको एक व्यक्तिमा भएको अधिकार थियो । तै पनि उहाँको मृत्युपछि मानिसहरुले कसरी मुक्ति पाउँछन् भन्ने बारेमा उहाँको नयाँ करारमा विशिष्ट उल्लेख गरेका छन् । हामीले सम्झना गर्नै पर्छ कि इच्छा पत्र लेख्नेको मृत्युपछि नै इच्छा पत्र पक्का ठहरिन्छ (हिब्रू ९:१५-१७) । पुरानो करार कहिले अन्त्य भयो भनी परमेश्वरले हामीलाई भन्नु हुन्छ (कलस्सी २:१४) । एफिसी २:१४-१६ अनुसार व्यवस्था पर्खाल जस्तै हो, जसले यहूदी र अन्यजातिहरुलाई अलग गर्दछ र यो प्रभुको मृत्युमा भत्काइयो । २ कोरिन्थी ३:१४ ले हामीलाई भन्दछ कि पुरानो करार खीष्टमा हटाइयो । हामी गलाती ३:२३-२९ मा पढ्न पाउँछौ कि हामी पुरानो करारको अधिनमा छैनौ । यसकारण हामी उद्धार पाउने इच्छा गर्छौ भने हामीले नयाँ करारका मार्गदर्शनलाई पालना गर्ने पर्छ ।

**गलत बुझाइ २: बप्तिस्मा नलिएका इमान्दार मानिसहरु वारे के भन्ने? के इमान्दार, नास्तिक वा यहूदी वा मुसलमान वा मूर्तिपूजकको उद्धार हुन्छ?**

इमान्दारिताले मात्र बचाइदैनन् । हिब्रू ५:९ ले स्पष्टसँग भन्दछ कि हामीले खीष्टलाई पालना गर्नै पर्छ । हामीले मत्ती ७:२१ मा पढ्न पाउँछौ कि हामीले परमेश्वरको इच्छा पुरा गर्नै पर्छ । येशूले यूहन्ना ३:५ मा स्पष्ट पार्नुभएको छ कि स्वर्गको राज्यमा प्रवेश गर्नको निम्ति कोही पानी र आत्माद्धारा जन्मनै पर्छ । हामीले २ थेस्लोनिकी १:७, ८ मा गएर पढ्न सक्छौ कि सुसमाचार पालना नगर्नेहरुलाई परमेश्वरले बदला लिनुहुन्छ ।

रोमी ६:३,४ र प्रेरित २२:१६ ले देखाउँदछ कि खीष्टको मृत्युमा हाम्रा बप्तिस्माद्धारा उहाँको रगतले हामी शुद्ध भएका छौ । येशू खीष्टमा मात्र मुक्ति पाइन्छ भनेर २ तिमोथी २:१० ले भन्दछ । उहाँ विना हामी परमेश्वरको अगाडी उभिन सक्दैनौ । रोमी ८:१ अनुसार खीष्टमा हुनेहरुलाई दोष छैनन् । बप्तिस्माद्धारा हामी उहाँमा कसरी प्रवेश गर्छौ भनी गलाती ३:२७ ले भन्दछ । तै पनि पानी र बप्तिस्मा छैनन भने त्यो व्यक्ति खीष्टमा पनि छैनन् । के कोही खीष्ट बाहिर भएर उद्धार पाउन सक्छन्? येशू आफैले भन्नुभयो, *" बाटो, सत्य र जीवन म नै हुँ, म द्धारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैनन"* (यूहन्ना १४:६) ।

पाठकहरुलाई प्रश्नः यदि तपाईलाई सर्पले डस्यो र ओखती पाउनुभएन भने के हुन्छ? तपाई अवश्य मर्नुहुन्छ । तपाईको प्राणलाई मार्ने विष पाप हो । तपाईलाई पापको सर्पले डसेको छ । खीष्टको रगत मात्र त्यो ओखती हो । रगतमा बचाउने शक्ति छैनन भने प्राण मर्छ ।

**गलत बुझाई ३: यहि कोही व्यक्ति मरुभूमिमा नै छ भने के गर्ने?**

बाइबलमा एउटा व्यक्तिको घटना छ जो मरुभूमिमा भएपनि बप्तिस्मा लिन चाहिरहेको थियो (प्रेरित ८ अध्याय) । अच्चमको रुपमा तिनीहरु केही पानी भएको ठाँउमा आए, फिलिप र नपुसंक दुवै पानीमा ओर्ले र नपुसंकले बप्तिस्मामा आफ्नो प्रभुलाई आज्ञापालन गरे । यदि व्यक्तिले साँच्चै बप्तिस्मा लिन चाहन्छ भने उसले त्यो गर्न सक्षम हुनेछ । तै पनि उसले नयाँ नियममा दिएका बिशिष्ट आज्ञाहरुलाई पालन नगरी सामान्य बहानामात्र खोजी हिड्छ भने एउटा बहानापछि अर्को बहाना राम्रो हुँदै जान्छ ।

**गलत बुझाई ४: बप्तिस्मा काम हो; हामी कर्मद्धारा बचाइएका होइनौं ।**

यसको निम्ति रोमी ४:१-५; एफिसी २:८; रोमी ४:१-५ पदहरु प्राय प्रयोग हुन्छन् । यी पदहरुमा उल्लेख गरेका कामहरु पुण्यका कामहरु हुन । यसबाट हामीले हाम्रो मुक्ति कमाउन सक्दैनौ । तै पनि जसले विश्वासद्धारा मात्र मुक्ति पाउँछौ भनी सिकाउँछन् तिनीहरु याकूब २:१४-२६ सँग बेमेल हुन्छन । कामबाट अलग भएको विश्वासले हामीलाई बचाउदैनन भनी यो अनुच्छेदले देखाउँछ । नयाँ नियममा आज्ञा गरेका कामहरु आत्मिकी कामहरु हुन् ।

बप्तिस्मा पुण्यको काम होइन्, तर तीतस ३:५ अनुसार हामीलाई मुक्तिको श्रेणीसम्म पुऱ्याउने परमेश्वरको दयाको काम हो । लूका ७:३० मा फरिसीहरुले बप्तिस्मा लिन इन्कार गरेर परमेश्वरको अभिप्रायलाई अस्वीकार गरे । यूहन्ना ६:२९ ले सिकाउँदछ कि विश्वास गर्नुलाई कार्य- परमेश्वरको काम भनेको छ । प्रेरित १०:३५ ले भन्दछ कि जसले उचित काम गर्छन त्यो परमेश्वरको सामुने ग्रहणयोग्य हुन्छन् ।

**गलत बुझाई ५: हामी अनुग्रहबाट विश्वासद्धारा उद्धार पाएका छौ (एफिसी २:८) ।**

प्रेरित १७:३०- यो पदले देखाउँछ कि हामीले पश्चाताप गर्ने पर्छ, तर स्वीकार र विश्वास उल्लेख गरेका छैनन् । यसकारण उद्धार पाउनको निम्ति हामीले विश्वास र स्वीकार गर्नु पर्दैन? सही हो...

मत्ती १०:३२,३३- मा स्वीकार उल्लेख गरेको छ, तर न त विश्वास न पश्चाताप नै उल्लेख गरेको छ । यसकारण हामीमा विश्वास र पश्चाताप हुनु पर्दैनन्? सही हो...

१ पत्रुस ३:२१- मा बप्तिस्मा उल्लेख गरेको छ, तर विश्वास, पश्चाताप र स्वीकार उल्लेख गरेको छैनन् । यसकारण हामीले गर्नुपर्ने सबै बप्तिस्मा रहेछ? सही हो?..

किन यी सबै निष्कर्षहरु सही होइनन्? किनभने हामीले मुक्तिको वारेमा एउटा पदलाई अर्को पदखण्डबाट त्यही विषयमा छलफल भईरहेको छ भने एकअर्काबाट अलग गर्न सक्दैनौ ।

**अनुग्रह - परमेश्वरले मानिस जातिलाई छुटकारा गर्नको निम्ति गर्नुभएका सबै कुराहरु ।**

(१) उद्धारकर्ताको प्रतिज्ञा
(२) क्रुसमा येशूको मृत्यु
(३) उद्धार मुक्तिको योजना दिनु
(४) बाइबलको सुरक्षा
(५) प्रेरितहरुलाई संसारमा पठाउनु
(६) परमेश्वरको सावधानी सम्लग्न हुनु

अनुग्रहबाट विश्वासद्धारा उद्धार पाइयो भन्ने वारेमा राम्रो उदाहरण नोआको वारेमा छन् । उत्पति ६:८ अनुसार प्रभुको दृष्टिमा नोआले अनुग्रह पाए । यसकारण परमेश्वरको दया अनुसार के गर्ने भन्ने कुरा उहाँले भन्नुभयो... जहाज बनाउने । यो निकै ठुलो काम थियो । तर पनि परमेश्वरले भन्नुभए बमोजिम नोआले गरे । हिब्रू ११:७ अनुसार ईश्वरीय भयसाथ नोआले जहाज तयार गरे र यसलाई विश्वास योग्य भनियो ।

**गलत बुझाई ६: हामीले उद्धार पाइसकेका छौ भन्ने चिन्ह, र हाम्रो मुक्तिको चिन्ह मात्र बप्तिस्मा हो (१ पत्रुस ३:२१) ।**

१ पत्रुस ३:२१ मा पत्रुसले बप्तिस्मा रुप नै भनेको छैन् तर "एउटा" रुप जस्तै भनेको छ । जसरी जलप्रलयको पानीले नोआलाई बचाए, त्यसरी नै बप्तिस्माले बचाउँछ ।

**गलत बुझाई ७: मर्कूस १६:१६ मा येशूले यसो भन्नुभएको छैनन, *"विश्वास नगर्ने र बप्तिस्मा नलिने दोषी ठहरिनेछ ।"* अविश्वासीहरु मात्र दोषी ठहरिनेछन् ।**

समानान्तरः पाचन प्रक्रियाको उदाहरण

(१) जसले खान्छ र पचाउँछ त्यो तृप्त हुन्छ । तर जसले खाँदैनन्, ऊ भोकाउनेछ । यदि कसैले खाँदैनन् भने निश्चय नै त्यसले पचाउँदैनन् ।

कार किन्दाको मोलतोलको उदाहरण

(२) विश्वास गर्ने र बप्तिस्मा लिनेले नयाँ कार पाउनेछ, तर विश्वास नगर्ने इन्कार गर्नेछ । यदि तपाईले बप्तिस्मा लिन इन्कार गर्नु भने के कार बेच्नेले तपाईलाई कार दिन वाध्य हुन्छन्? हुँदैनन । तपाई त्यो दुईवटै अवस्थामा पुग्नुभएको छैनन् ।

# परमेश्वरबाट ग्रहणयोग्य हुन बाइबल अध्ययन गर्ने

परमेश्वरको सम्मति हामी सबैमा भएकोले सबै मानिसहरु धेरै कुरामा निर्भर हुन्छन् । निश्चय नै येशूलाई परमेश्वरको पुत्र भनी स्वीकार नगरेसम्म कसैले पनि परमेश्वरबाट अनुमोदन पाउन असम्भव हुन्थ्यो । *"मैले तिमीहरुलाई भनें, 'तिमीहरु आफ्ना पापमा मनेछौ,' किनभने म उही हुँ भनेर तिमीहरुले विश्वास गरेनौ भने आफ्ना पापमा मनेछौ"* (यूहन्ना ८:२४) ।

विश्वास, पश्चाताप र बप्तिस्मा लिई हामी उहाँको परिवार, मण्डलीमा थपी हामी स्वीकार योग्य र सम्मति हुन्छौ । प्रेरित २:३८ ले हामीलाई भन्दछ, *"पश्चाताप गर र तिमीहरु सबैले पाप क्षमाको निम्ति बप्तिस्मा लेओ.../* तिनीहरुको आज्ञाकारीतामा परमेश्वरले आफ्नो अनुमोदन के गर्नुभयो भनी पद ४७ ले लेख्दछ, *"उद्धार पाएकाहरुलाई प्रभुले दिनदिनै मण्डलीमा थप्नुहुन्छ ।"* हामी तयारीका साथ अरु अवस्थाहरुबारे सोच्न सक्छौ जहाँ परमेश्वरले अनुमोदन गर्नुहुन्छ । केही यहाँ छन्: धर्मशास्त्र अनुसारको आराधनामा सहभागी हुने (यूहन्ना ४:२४); ईश्वरीय चरित्र र जीवनशैली बनाएर (२ तिमोथी ३:१-१०); परमेश्वरको इच्छामा आज्ञाकारी भएर (२ थेस्लोनिकी १:८) र आत्मिकी फल फलाएर (यूहन्ना १५:८) ।

परमेश्वरमा ग्रहणयोग्य हुन पावलले तिमोथीलाई अध्ययन गर भन्नुभयो । हामी २ तिमोथी २:१५ मा पढ्न पाउँछौ, *"शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर ।"* यस्तो प्रकारको ग्रहणयोग्यले अरु अवस्थाहरुलाई पनि सन्तुष्टि बनाउन सम्भव गर्छ । धेरै मानिसहरुले नयाँ नियममा उल्लेख गरेका उहाँका इच्छाहरु र उहाँमा आज्ञाकारिता नभएता पनि तिनी आफै धर्मी र परमेश्वरबाट ग्रहणयोग्य भएको ठान्छन् (मत्ती ७:२१-२३) । परमेश्वरलाई प्रशन्न तुल्याउन उसलाई परमेश्वरको इच्छा थाहा हुनुपर्छ र वचनलाई सही तरीकाले प्रयोग गर्नु पर्छ । अनि मात्र उहाँको इच्छा भएको प्रमाणित हुन्छ ।

तिमोथीलाई दिएको अरु अर्तीहरुबाट महत्वपूर्ण अवस्थाहरु ग्रहणयोग्य हुन्छन् भन्ने कुरा बुझ्न सहायता गर्छन् । यी पदहरुलाई विचार गर्नुहोस्:

- १ तिमोथी ६:२० - *"तिमोथी, जे तिमीलाई सुम्पिएको छ, त्यो सुरक्षित राख । भक्तिहीन गनथन र खण्डनहरु, जो झुटो ज्ञान हो, तिनलाई परित्याग गर ।"*
- २ तिमोथी २:२३ - *"तर मूर्ख र बेसमझका सवाल जवाफलाई इन्कार गर-तिमी जान्दछौ यिनीहरुबाट झगडा हुन्छ ।"*
- २ तिमोथी २:२४-२६ -*"प्रभुको सेवक झगडालु हुनुहुँदैन, तर हरेकको लागि दयालु, योग्य शिक्षक, सहनशील, र नम्रतासाथ आफ्ना विरोधीहरुलाई सुधार्ने हुनुपर्दछ, र शायद परमेश्वरले तिनीहरुलाई पश्चाताप गर्ने, सत्यतालाई बुझ्ने मन दिनुहुनेछ, र तिनीहरु चेतना पाएर दियाबलसको पासोबाट उम्कनेछन्, जसले तिनीहरुलाई त्यसको इच्छा अनुसार चल्नलाई कैदी बनाएको छ ।*
- २ तिमोथी ३:१६,१७ - *"सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस् ।"*

परमेश्वरबाट ग्रहणयोग्य होस भन्ने इच्छा गर्न वचन अध्ययन गर्ने पर्छ, सिक्नै पर्छ र प्रयोग गर्नैपर्छ । तै पनि २ तिमोथीमा परमेश्वरबाट ग्रहणयोग्य भएका मानिसलाई कामदार भनिएको छ । हामी परमेश्वरको काम गर्नुपर्छ । सुसमाचार सबै ठाउँमा भएका मानिसहरुलाई सुनाउनुपर्छ (मत्ती २८:१८-२०) । जसलाई परमेश्वरको वचन थाहा छ र काम गर्ने इच्छा गर्छन तिनीहरुले मात्र गर्छन् ।

स्वर्ग पुग्नको निम्ति हामी परमेश्वरबाट ग्रहणयोग्य हुनै पर्छ । जसको अर्थ हामीले उहाँको वचन अध्ययन गर्नै पर्छ । अध्ययनले ज्ञान, समझ, विश्वास र आज्ञापालन गर्ने सीपको विकाश गर्छ ।

## म अब खीष्टियन हुँ ।

मैले चाखेको छु कि प्रभु अनुग्रहकारी हुनुहुन्छ । म शुद्ध आत्मिक दुधको तृष्णा गर्नेछु । ताकि म आत्मिकरुपमा निरन्तर बढ्न सकूँ (१ पत्रुस २:२,३; मत्ती ५:६) । मैले याद गर्नै पर्छ कि जब म बालक थिए र विश्वासमा कमजोर थिए, मेरो बृद्धि विकासको चरणमा म फितलो थिए । शैतानले मेरो हृदयबाट वचनहरु खोसी परमेश्वरको निम्ति फल फलाउन नसकिने कुराहरु फिर्त्ता दिन चाहन्छ (मत्ती १३:१८-२३) । येशूले भन्नुभयो, *"तिमीहरुले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गऱ्यो भने यसैमा मेरा पिताको महिमा हुनेछ"* (यूहन्ना १५:८) । मैले स्मरण गर्ने पर्छ कि यो परमेश्वरको वचन हो जसले मलाई यो विन्दुसम्म ल्याएको छ र यो परमेश्वरको वचन हो जसले मेरो आत्मिक वृद्धि र मेरो विश्वास वृद्धि गर्नमा सहायता गर्छन् (२ तिमोथी ३:१४-१७) ।

अहिले मैले मेरो निम्ति परमेश्वरको प्रेम सिकेको छु । म उहाँलाई त्यो प्रेम फिर्त्ता दिन चाहन्छु र उहाँको निम्ति मेरो प्रेम प्रमाणित गर्छु (यूहन्ना ३:१६; १ यूहन्ना ४:१९) । जसरी याकूवले आफ्ना पाठकहरुलाई उनको पत्रमा काम गर्न आज्ञा गरेको छ (याकूव ४:८) । त्यसरी नै म पनि उहाँको नजिक खिचेर परमेश्वरको निम्ति मेरो प्रेम प्रदर्शन गर्न सक्षम हुन्छ । म परमेश्वरको सल्लाह खोज्नेछु, त्यसमै हिडनेछु र उहाँको पुत्रको आज्ञा पालन गर्नेछु (यूहन्ना १४:१५), जसलाई उहाँले प्रभु (प्रेरित २:३६) र मण्डलीको शिर (एफिसी १:२२, २३) बनाउनुभयो । सुनेर मात्र म आफैलाई धोका दिनेछैन । म वचनको पालन गर्ने हुनेछु (याकूव १:२२) ।

आफ्नै बलिदानमा येशूको रगतद्धारा अहिले म धोइएको, शुद्ध भएको र धर्मी भएको छु । व्यभिचारी, दुराचारी जस्ता शारिरीक पापहरुमा म अव सहभागी हुनेछैनन् (१ कोरिन्थी ६:९-११) । मलाई मोल तिरेर किनेदेखि म आफ्नै होइनन् (१ कोरिन्थी ६:१५-२०) । पापको जीवन शैलीमा रहेर परमेश्वरको अनुग्रहलाई निन्दा गर्ने कुनै पनि परीक्षाहरुलाई मैले इन्कार गर्नै पर्छ । म अहिले पापको लेखि मरेको छु, तर परमेश्वरको धार्मिकताको शक्तिमा जिवित छु (रोमी ६:१,२) । कुनै पाप या शरीरका कामहरु जसले मलाई येशू खीष्टको शक्ति र प्रभावबाट ताढा राख्दछन्, मैले ती कुराहरुलाई पर राख्नै पर्छ । यसमा नसालु पर्दाथ र गैर कानुनी वस्तुहरु पनि पर्छन । सबै दृष्टताका कुराहरुबाट विजयी हुन परमेश्वरले मलाई सुसमाचारद्धारा शक्ति दिनुहुनेछ र यसरी पापले मलाई अधिकार गर्नेछैनन् (रोमी ६:१४) ।

मेरो पापको कारणले क्रुसमा खीष्ट टाँगिनुभएको कुरा मैले बुझेको छु; म उहाँलाई बारम्बार क्रुसमा टँगाएर उहाँलाई लाजमा पार्दिन् (हिब्रू ६:६; यशैया ५३:६) ।

अब मलाई थाहा भैसक्यो कि परमेश्वर आफै प्रकृतिद्धारा मात्र नभई पवित्र धर्मशास्त्रद्धारा प्रकट हुनुभएको छ । उहाँ नै सम्मान र प्रशंसाका योग्य हुनुहुन्छ, उहाँलाई आत्मा र सत्यतामा आराधना गर्न परमेश्वरका सन्तानहरुसित हप्ताको पहिलो दिनमा म आराधना गर्नेछु (यूहन्ना ४:२४; हिब्रू १०:२५) । उहाँले साँचो आराधकहरुलाई खोज्नु हुन्छ भन्ने तथ्यलाई दृष्टिगत गरेर म आराधना गर्नेछु र त्यही ज्ञानसित हामी जुन आराधना गर्छौ त्यस्तै हुन खोज्छौं ।

अव मलाई यो थाहा छ कि जसले परमेश्वरलाई प्रेम गर्दछन्, उहाँको पुत्रलाई मित्र बनाउँछ । सत्यता र धार्मिकतामा उहाको आज्ञा पालन गर्छ, तिनीहरुको निम्ति स्वर्ग पर्खिरहेका छन् । मेरो जीवनको प्रत्येक दिन विश्वासको उत्तम लडाइ लडेर म उहाँलाई पछयाउनेछु । म स्वर्गीय ढोकालाई पूर्ण बलका साथ पछयाँउछु (हिब्रू ११:१०) ।

> *"तिमीहरुको शरीर पवित्र आत्माको मन्दिर हो, पवित्र आत्मा तिमीहरुले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरुभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरुलाई थाहा छैन? तिमीहरु स्वयम् आफ्नै हौइनौ । तिमीहरु मोल तिरेर किनिएका हौ । यसकारण तिमीहरुका शरीर परमेश्वरको महिमा गर"* (१ कोरिन्थी ६:१९,२०)

## ५ मिनेट बाइबल अध्ययन
## "प्रभु" भनेर कसले भन्यो?

| | |
|---|---|
| यूहन्ना १४:५ | *"हे प्रभु तपाई कहाँ जाँदैहुनुहुन्छ, हामी जान्दैनौ, तब हामीले बाटो कसरी चिन्ने?"* |
| यूहन्ना १४:८ | *"हे प्रभु हामीलाई पिता देखाइदिनुहोस् । त्यति भए हामीलाई पुग्छ ।"* |
| यूहन्ना १३:३६ | *"प्रभु, म किन अहिले नै तपाईलाई पछयाउन सक्दिनँ? तपाईको निम्ति म आफ्नो प्राण दिनेछु ।"* |
| यूहन्ना ११:२७ | *"हे प्रभु म विश्वास गर्दछु, तपाई संसारमा आउनुहुने ख्रीष्ट, परमेश्वरको पुत्र हुनुहुन्छ ।"* |
| यूहन्ना ६:६८ | *"हे प्रभु हामी कसकहाँ जाऔं? तपाइसित अनन्त जीवनका वचन छन् ।"* |
| यूहन्ना १४:२२ | *"प्रभु तपाइले के भन्नुभएको, तपाइले आफैलाई हामीमा प्रकट गर्नुहुन्छ, र संसारलाई चाहि होइन् ।"* |
| यूहन्ना २०:२८ | *"मेरा प्रभु र मेरा परमेश्वर ।"* |
| यूहन्ना २१:१५ | *"प्रभु तपाई जान्नु हुन्छ, म तपाईलाई माया गर्छु ।"* |

| | |
|---|---|
| यूहन्ना १४:५ | थोमा |
| यूहन्ना १४:८ | फिलिप |
| यूहन्ना १३:३७ | पत्रुस |
| यूहन्ना ११:२७ | मार्था |
| यूहन्ना ६:६८ | पत्रुस |
| यूहन्ना १४:२२ | यहूदा (इस्करियोट होइन्) |
| यूहन्ना २०:२८ | थोमा |
| यूहन्ना २१:१५ | पत्रुस |

# अब ममा के कमी छ?

एक जवान मानिसले येशूकहाँ आएर सोधे, *"हे गुरु, मैले अननत जीवन प्राप्त गर्न के गर्नु पर्छ"* (मत्ती १९:१६) । येशूले त्यसलाई भन्नुभयो, *"तर तिमी प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरु पालन गर"* (मत्ती १९:१७) । ती जवान मानिसले उहाँलाई भने, *"यी सब त मैले जवान अवस्थादेखि पालन गरेकै छु, अब ममा के कमी छ,"* (मत्ती १९:२०) । हामी आफैले आफैलाई यही प्रश्न गर्नुपर्छ । *"अव ममा के कमी छ?"* ताकि हामी स्वर्ग जान निश्चित हुन सकौं ।

हामीलाई भनिएको छ, *"तिमीहरु विश्वासमा दह्रिला छौ कि छैनौ भनी आफैले आफैलाई जाँचेर हेर । आफैलाई जाँच"* (२ कोरिन्थी १३:५) । हामीले आफ्नो जीवनलाई हेर्नुपर्छ । हाम्रो कमी भएका ठाँउलाई हेनुपर्छ र सुधार गर्नुपर्दछ । प्रभुलाई प्रशन्न पार्न हामीले के गर्न सक्छौ? हामीलाई भनिएको छ, *"यसैकारण भाइ हो, तिमीहरुको बोलावट र चुनाउ निश्चय गर्नलाई अझ जोशिला होओ"* (२ पत्रुस १:१०) ।

कुनै पनि पाप जसबाट हामीले पश्चाताप गर्दैनौ भने अनन्त सम्मै हराउन सक्छौ । येशूले भन्नुभयो, *"तिमीहरुले पश्चाताप गरेनौ भने तिमीहरु सबै त्यसरी नै नाश हुनेछौ"* (लूका १३:३) ।

*"एक पल्टको उद्धार सधैको उद्धार"* भन्ने झुठो शिक्षा देखि हामी होशियार रहनुपर्छ । यो शैतानको झुट हो, जसले हामी हराएको चाहन्छ । "अब ममा के कमी छ? भन्ने प्रश्न आफैलाई सोधेको उसले चाहदैन् । हामीलाई चेतावनी दिएको छ, *"यसकारण जसले खडा छु भनी सोचेको छ, त्यो होशियार रहोस्, नत्रता त्यो लड्नेछ"* (१ कोरिन्थी ११:१२) । थप चेतावनी दिइएको छ, *"होशियार रहो ! भुल कुरामा अल्लमलिएर आफ्नो स्थिरता नगुमाओ"* (२ पत्रुस ३:१७) । आत्मसन्तुष्टिको निम्ति शैतानले हामीलाई लालच नदेखाओस् । येशूले प्रतिज्ञा गर्नुभएको छ, *"मृत्यु सम्मै विश्वासी होओ र म तिमीलाई जीवनको मुकुट दिनेछु"* (प्रकाश २:१०) ।

बलियो हुनको निम्ति हामीले नियमित रुपमा परमेश्वरको आत्मिक वचन, बाइबलको भोजन लिनुपर्छ । हामीले *"नम्रता पूर्वक धारण गरे, जसले तिमीहरुका प्राणलाई उद्धार गर्न सक्छ"* (याकूव १:२२-२३) । *"...शुद्ध आत्मिक दूधको तृष्णा गर, र त्यसबाट तिमीहरु आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौ"* (१ पत्रुस २:२) । उहाँको वचन अध्ययन गर्नाले हामी आफैले आफैलाई वचाउनको निम्ति विश्वासमा मजवुट हुन्छौ । किनभने हामीलाई थाहा छ कि *"विश्वास सुनाइवाट आउँछ, सुनाई परमेश्वरको वचनबाट आउँछ"* (रोमी १०:१७) ।

अनन्त जीवन पाउनको लागि हामीले गर्नै पर्ने कुरामा हामीले ध्यान दिनै पर्छ ।

# आराधना

मानिस आराधना गर्ने प्राणी हो । तिनीहरुले केही कुराहरुलाई आराधना गर्छन । *"साँचो आराधकहरु"* हुनेछन् भनी येशूले अंकित गर्नुभयो (यूहन्ना ४:२३,२४) । यसको साथै झुठा आराधकहरु पनि हुनेछन् । साँचो र झुठा आराधकहरु एक अर्कामा फरक हुन्छन भनी येशूले स्पष्टसँग बताउनु भयो । साँचो आराधकहरुले पितालाई "आत्मा र सत्यतामा" आराधना गर्छन् । झुटा आराधकहरुले पिताको आराधना गर्न सक्लान अथवा कोहीले "ईश्वर" बनाएर आराधना गर्छन तर त्यहाँ सत्यता हुँदैन् । परमेश्वरको वचन सत्य हो । यदि उसले परमेश्वरको वचनले दिएको जस्तो आराधना गर्दैनन भने त्यो झुटो आराधक हो । येशूले भन्नुभयो, *"तिनीहरुले व्यर्थमा मेरो उपासना गर्छन..."* (मत्ती १५:९) । तिनीहरु प्रभुकै आराधना गर्छन । येशूले भन्नुभयो, *"व्यर्थमा आराधना गर्छन् किनभने ती मानिसहरुको शिक्षा र सिद्धान्त मात्रै हुन् ।"*

धेरै वर्ष सम्म विश्वास योग्य ख्रीष्टियनहरुले साँचो आराधनाको अभ्यास गरे तापनि आज धेरै मानिसहरु छन जसले साँचो आराधना गर्दा "के" वा "कसरी" भन्ने कसैले चासो राख्दैनन् । परिणाम स्वरुप आराधना भनेको मानिसले जे चाहयो त्यो सबै समेटौ भन्ने भइसक्यो । भावुकता भन्ने कुरा अहिलेको धार्मिकता समुहमा व्याप्तछन्, यसले परमेश्वरका मानिसहरुलाई कलंकित पारेको छ । चिच्याउने, ताली बजाउने, हात हल्लाउने (केही अन्यभाषा समेत बोल्ने) गर्छन । यसले मण्डलीमा नराम्रो प्रभाव पारेको छ । जव यस्ता भावनात्मक कार्यहरु हुँदैनन्, कोही भन्छन आराधनामा आत्माको कमी छ (उत्तेजना, उनीहरुले आवश्यक छ भन्ने बुझ्छन) । तिनीहरु भन्दछन् कि आराधना सुख्खा, उराठ लाग्दो भयो, पुनरुत्थानको खाँचो छ ।

आराधना भनेको परमेश्वरको सामु झुक्नु हो । परमेश्वरको भयानक शक्ति र वैभवलाई पहिचान गर्नु हो । आराधना भनेको आफैलाई परमेश्वरमा दिनु हो । एउटा ख्रीष्टियान परमेश्वरको पूजाहारीले गरेको अर्पण हो । आवश्यक तत्वहरुको कार्य र अवलोकन गर्नु नै आराधना हो-गाउनु, प्रार्थना गर्नु, शिक्षा दिनु, प्रभु भोजमा सहभागीता हुनु, भेटी दिनु आफ्नो अभिप्राय अनुसारको हो । आफ्नो आत्मा संलग्न नगराईकन कुनै एक जनाले यी मध्ये कुनै एक वा सबै कार्य गर्ला र स्वीकारयोग्य आराधना गर्नबाट चुक्छ । प्रत्येक ख्रीष्टियन यसबाट सचेत रहनुपर्छ ।

धेरै होहल्ला गर्नु आराधना होइन् । होहल्ला गर्ने, उत्सव मनाउने, मानिसहरुलाई यही नै संगती हो भनी उनीहरुका अगुवाले सोच्न लगाउँछन् । आराधनाको वारेमा तिनीहरु सत्यताबाट बरालिएका छन् । परमेश्वरको प्रकाशमा तिनीहरुले जे गरेका छन् त्यो मूर्खता हो भनी देखाउँछ । बृहत रुपमा अन्यभाषा बोल्ने, ठुलो विश्रंखलता अनियन्त्रित उत्तेजना (रक वैण्डको सहभागीता गर्नु जस्तै देखिन्छ) र साँचो आराधना गर्ने आत्मालाई अलझाउने, इन्कार गर्नेले विनाश गर्दछ । यसले प्रभुको निर्देशनलाई उल्लघंन गर्छ, *"तर सबै काम शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले हुनुपर्छ"* (१ कोरिन्थी १४:४०) ।

आराधनाको वारे बाइबलमा धेरै पदहरु पाइन्छन् । यो सप्ष्टसँग देखिन्छ कि आराधना भनेको परमेश्वरप्रति लक्षित हुनुपर्दछ; यो सत्यतामा आधारित हुनुपर्छ; यो कुनै एक जनाको अस्तित्व (आत्मा) को गहिराईबाट अर्पण गरेको हुनुपर्छ; विश्वास र प्रेमले प्रोत्साहित र झुटो विचार अथवा मानिसको रहस्यात्मक कुराको मिश्रण भएको हुँदैनन । यो परमेश्वरको महिमाको निम्ति हो, आराधकहरुको मनोरञ्जनको निम्ति होइन् ।

# आराधनालाई सरल राख्नुहोस् ।

शायद तपाईले यो अनुभव गर्नु भएको होला । तपाईले आफ्नो साथीलाई सेवा आराधनामा सहभागी हुन निमन्त्रणा दिनुभयो । उ/उनी आए, त्यसपछि तपाईले उसलाई सोध्नुभयो, "तपाइले के विचार गर्नुभयो? केही समय पछि आगन्तुकले भन्यो, "यो कसरी भन्ने ठयाक्कै थाहा भएन् तर तपाईहरुको सेवा आराधना अलि अनौठो लाग्यो, दोष लगाउन खोजेको होइन्, तर म गायन मण्डलीले सबै भजन गाउने कुरासँग परिचित छु, र बाजा अथवा पियानो मात्र भए पनि मलाई ठिकै लाग्थ्यो ।"

यस्तो प्रतिकृयामा (कहिले काँही माथीको भन्दा पनि धेरै गम्भीर हुन सक्छ) तपाइलाई अप्ठयारो महशुस हुन सक्छ, तपाईले गर्नुभएको सरल आराधनाको कारणले माफी माग्ने इच्छा जाग्न सक्छ । त्यसो नगर्नु होस् ।
प्रारम्भिक मण्डलीको सरल आराधना मूर्तिपूजक आगन्तुकहरुको निम्ति अचम्मपूर्ण थियो । वास्तवमा, अविश्वासीहरुको शत्रुताको मूल कारकको अवसर बनेको थियो ।

अर्को परिस्थितिमा सरल आराधनाले रोमीहरुलाई ख्रीष्टियनहरुको विरुद्धमा चिढाएको थियो । जसले अरु मानिसहरुको पवित्र अनुष्ठानसँग कुनै सरोकार राख्दैन् । तिनीहरुको बलिदान, मन्दिरहरु, आकृतिहरु, ईश्वरवाणीहरु अथवा पवित्र आज्ञा थिएनन्; र निन्दा गर्ने अज्ञानी भिडहरु ल्याउन पर्याप्त थियो, जसले यी कुराहरु नभए धर्म नै हुँदैन भन्ने अनुमान गरेका थिए" (मोसिजम, इक्लेकसिटिकल हिस्ट्री, पेज नं. ३०) ।

नयाँ करारले सिकाएको र उदाहरण दिएको कार्यहरु जव हाम्रो धार्मिक भक्तिभाव र अभ्यासमा सिमित राख्दछौ, आधुनिक धार्मिक संसारले वास्तवमा अझै पनि त्यो अनौठो मान्छ । यद्यपी आज यस्ता आगन्तुकहरुलाई पुरानो रोमको समयमा गरे जस्तो दोष दिने र प्रतिक्रिया जनाउने विरलै हुन्छन् ।

शुरुका सरल आराधनाले मूर्तिपूजकहरुको धुमधामको आराधनासँग भिन्नता देखाउँछ । यी अधर्मीहरु जसको वेदी, बली, पूजाहारी, बलिदानहरु छैनन् । तिनीहरु नास्तिक हुनुपर्छ, र संसारमा ईश्वर छैन भन्ने कुराको निष्कर्ष निकाल्छ (हविज् चर्च हिस्ट्री, पेज १८२) ।

कसरी हामीले भेलालाई आत्मिक वृद्धि र सहयोगी बनाउन सक्छौ, कुनै एक जना-सदस्यको वा आगन्तुकहरुको सल्लाह जहिले पनि स्वागत गर्छौ । तैपनि मानिसका विचारलाई पछ्याउनु अघि हामीले सोध्नु पर्छ कि, "नयाँ करारको शिक्षासँग यो सहमत हुन्छ कि हुन्दैन? परमेश्वरलाई हामीले आराधना गर्नुपर्छ, "उहाँलाई नै प्रशन्न तुल्याउनु पर्छ ।

# आत्मिक भोकमरी

मण्डली पूर्णरुपमा भोकमरी ख्रीष्टियनहरुले भरिएका छन् । उनीहरु रोगी, भोकाएका, कमजोर, शक्तिहिन र ठीकसँग वढ्न सक्दैनन् । तिनीहरु आत्मिक रुपमा कमजोरी र रोगी छन् । किनभने तिनीहरु आत्मिकतामा भोकाएका छन् । आमोस ८:११ मा *"भूमिको अनिकाल"* को बारेमा पढ्न पाउँछौ । "परमेश्वरको वचन नसुनेको" कारणले अनिकाल आएर मानिसहरु *"बेहोश"* हुने र *"लरबराउने"* भएका छन् ।

हामी प्रत्येक दिन हाम्रो भौतिक शरीरलाई दिनमा दुई, तीन र चार पल्ट पनि खुवाउँछौ होला । कुनै एक जना व्यक्ति स्वस्थ वा ठीक तरिकाले बढिरहेको छ, वा थकित कमजोर वा शक्तिहिन छ भन्ने कुरा हामी थाहा गर्न सक्छौ । यदि कुनै बालक मानसिक र शारीरिकरुपमा ठीकसँग हुर्केन भने हामी त्यो विरामी बच्चालाई डाक्टर कहाँ देखाउँदछौ । कहिलेकाँही सही पोषण नहुँदा समस्या हुन सक्छ, तर पोषणले त्यसको स्वास्थलाई सुधान सकिन्छ ।

ठुलो भोजन खाने प्रयास गर्नुहोस् र अर्को ६ दिनसम्म खाना नखानुहोस् । त्यो हप्ताको अन्त्यमा तपाईले कस्तो महसुस गर्नुहुन्छ होला? तपाईको जीवन भरी नै यस्तो गर्नु भने के तपाई स्वस्थ हुनुहुन्छ होला? तपाईको शरीर कमजोर हुन्छ र विरामी पर्न सक्नुहुन्छ । तपाई खुशी हुनुहुन्न ।

केही ख्रीष्टियनहरुले आफ्नो शरीरलाई यस्तै प्रकारले खुवाउँछन् । प्रत्येक आइतवार सेवा आराधनामा उपस्थित हुन्छन तर अरु ६ दिन परमेश्वरको वचन खाँदैनन् । मत्ती ४:४ मा येशूले भन्नुभयो, *"मानिस रोटीले मात्र होइनन् तर परमेश्वरको मुखबाट निस्केको प्रत्येक वचनले जीवित रहँदछ ।"* येशूले आत्मिक भोजन शारीरिक खुवाई भन्दा धैरै महत्वपूर्ण छ भन्ने कुरालाई तुलना गर्नुभयो । येशूले हाम्रो शारीरिक स्वास्थ्य भन्दा पनि हाम्रो आत्मिक स्वस्थ बढी महत्वपूर्ण र मूल्यको हुन्छ भनेर भन्नुभयो । येशूको जस्तै स्वभाव र प्राथमिकता ख्रीष्टियनहरुको पनि हुनु पर्दछ (फिलिप्पी २:५-८; १ पत्रुस २:२१) ।

किन प्राय जसो ख्रीष्टियाहरुले आफैलाई आत्मिक रुपमा भोकभोकै राख्छन् होला? किन हामी परमेश्वरको मुखबाट निस्केको प्रत्येक वचन अक्सर गरेर उद्धार भोज खाँदैनौ? पुरानो र नयाँ करार दुवैले परमेश्वरको वचनको अध्ययन, ईश्वरीय निर्देशन र आज्ञाहरुको महत्वको वारेमा जोड दिएको छ । परमप्रभुको वचनवाट हामीलाई दैनिक रुपमा निर्देशन र प्रोत्साहन मिल्छ । हामीले आत्मिक भोजनको चाहना र खोजी गर्नु पर्छ । मत्ती ६:२४-३२ पढ्नुहोस् र त्यसपछि येशूले ३३ पदमा भन्नुभयो, *"पहिले उहाँको राज्य र धार्मिकताको खोजी गर र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछ ।"* यी कुराहरुको सल्लाह र यसको आज्ञाहरुलाई थप गहिराइमा विचार गर्नुहोस् ।

कुनै व्यक्तिको आत्मिक अनिकालको परिणाम के हुन्छ? *"मेरा प्रजाहरु ज्ञानको कमीले गर्दा नष्ट भएका छन् । तिमीहरुले ज्ञानलाई इन्कार गरेको हुनाले, म पनि तिमीहरुलाई.....इन्कार गर्नेछु । तिमीहरुले आफ्ना परमेश्वरको व्यवस्थालाई वेवास्ता गरेका हुनाले म पनि तिमीहरुका छोराछोरीको वेवास्ता गर्नेछु"* (होशे ४:६) । येशूले भन्नुभयो कि उहाँ हामीमा जीउनुहुनेछ, *"तिमीहरु म मा रहयौ भने र मेरा कुराहरु तिमीहरुमा रहे भने...."* (यूहन्ना १५:७) ।

*"तिमीहरुले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ"* (यूहन्ना ८:३२) ।

*"तिनीहरुलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो"* (यूहन्ना १७:१७) ।

हामीले अनन्त जीवन कहाँ बिताँउछौ भन्ने कुरा यो जीवनमा हाम्रो आत्माको स्वास्थ्यमा निर्भर हुन्छ ।

# पवित्र...भययोग्य...अति उत्तम...डरलाग्दो

भजनसंग्रह १११:९- *“उहाँको नाउँ पवित्र र भययोग्य”* - किङ्ग जेम्स भर्सन
“उहाँको नाउँ पवित्र र अति उत्तम” - न्यू अमेरिकन स्टयाण्डर्ड भर्सन
“उहाँको नाउँ पवित्र र भयानक” - रिभाइज् स्टयाण्डर्ड भर्सन

**भययोग्य** शब्द प्रायजसो मानिसमा सम्वन्धित छ र सामान्यतया धार्मिक शिर्षक हो ।
**अति उत्तम** भन्ने शब्द आजको समयमा सामान्यतया पिज्जा, संगीत वा अरु खेलकूद समुहलाई जनाउँछ ।
**डरलाग्दो** सँगै परमप्रभुको भय भन्ने शब्द बाइबलमा धेरै पटक परमेश्वर र उहाँको शक्ति जनाउन प्रयोग गरिएको छ । *“जीवित परमेश्वरको हातमा पर्नु डरलाग्दो कुरो हो”* (हिब्रू १०:३१) । *“यसकारण प्रभुको भय थाहा गरेर हामी मानिसहरुलाई मनाउदछौं”* (२ कोरिन्थी ५:११) । *“किनभने हाम्रो परमेश्वर भष्म पार्ने आगो हुनुहुन्छ”* (हिब्रू १२:२९) । *“अरुलाई आगोबाट तानी निकालेर बचाओ”* (यहूदा २३) ।

परमेश्वर मानिस हुनुहुन्न । तैपनि परमेश्वरले पाउनुपर्ने आदर र सम्मान मानिसले दिएनन् । *“छोराले बाबुको र नोकरले मालिकको मान गर्छन । यदि म बाबु हो भने मलाई दिनुपर्ने मान खोई त? यदि म मालिक हो भने मेरो आदर खोइ त?* (मलाकी १:६) । परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ । शक्तिले दण्डको साथसाथै इनाम पनि दिन सक्छ । *“भय”, “भयानक”,* र *“अति उत्तम”* भन्ने शब्दले शक्तिको उपस्थितिको प्रतिविम्ब गर्दछ । *“भय”* शब्दको मूल अर्थ भनेको आदर गर्नु, सम्मान गर्नु, श्रद्धा गर्नु, आराधना गर्नु हो । कुनै मानिसले भन्दा पनि परमेश्वरले सही प्रकारको आदरको माग गर्नु उचित हुन्छ । *“पवित्र जनहरुको सभामा परमेश्वरको भय साह्रै मानिएको छ । उहाँको वरीपरी हुनेहरु मध्ये उहाँ धेरै विस्मयकार हुनुहुन्छ”* (भजनसंग्रह ८९:७) । खीष्टियनहरुको आराधना भेलामा कतिको भय र डरको साक्षी हुनुभएको छ? के हाम्रो दैनिक वोलीवचन र व्यवहारको परमेश्वरको आराधनामा उहाँ प्रति हामीले डर मान्छौ? हाम्रो दैनिक जीवन कसरी जिइएका छौ त्यसैबाट कसलाई हामीले पहिलो प्राथमिकता दिएका छौ भन्ने देखाउँछ, *“यसकारण हल्लाउन नसकिने राज्य पाएकोमा हामी कृतज्ञ होऔं, त्यसैले हामी भक्ति र भयसाथ परमेश्वरलाई ग्रहणयोग्य हुने आराधना चढाऔं”* (हिब्रू १२:२८) ।

परमेश्वर पवित्र हुनुहुन्छ किनभने उहाँको स्वभाव पवित्र छ । हामी स्वभावैले पवित्र छैनौ । हाम्रो पवित्रता परमेश्वरले हामीलाई दिनुहुन्छ जव हामीले उहाँलाई खुशी पार्ने काम र आराधना गर्दछौ । *“मेरो डर मान्ने र सधैं मेरा सबै कुरा पालन गर्ने तिनीहरुका हृदय भए त हुनेथियो...”* (व्यवस्था ५:२९) ।

हामी रोमी ७:२२ मा *“परमेश्वरको दया र गम्भीरता”* बारे पढ्न पाँउछौ । उहाँलाई प्रसन्न पार्नेहरुको निम्ति उहाँको दया आशिष र इनाम हो । परमेश्वरको कठोरता तिनीहरुको निम्ति हुन्छ, जसले आफैलाई खुशी पार्नको निम्ति परमेश्वरको वेवास्ता गर्दछ । परमेश्वरले आफ्नो कोध वा आशिषको निर्णय गर्नुहुन्छ किनभने उहाँमा नै सम्पूर्ण शक्ति र अधिकार छ ।

उपदेशक १२:१३ मा परमेश्वरले मानिसको सम्पूर्ण कर्तव्य वारे बताउनु भएको छ । *“अब सबै कुरा सुनिएका छन् र कुराको निष्कर्ष यहि हो: परमेश्वरको भय राख र उहाँका आज्ञाहरुको पालन गर । किनभने मानिसले गर्नुपर्ने सारा कतर्व्य यही नै हो ।”* किन भनेर १४ पदमा परमेश्वर भन्नुहुन्छ, *“किनकि हामीले गरेका हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुन्छ ।”*

रोमी २:४-११ म हामीलाई पवित्र आत्माले याद दिलाउनु हुन्छ *“अथवा परमेश्वरको कृपाले तिमीलाई पश्चातापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर, के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ? तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस कोधका दिनको लागि आफ्नो कठोर र अपश्चात्तापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति कोध थुपारिरहेछौ । किनकि उहाँले हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ । धैर्यसँग असल काम गरेर महिमा, इज्जत र अमरत्व खोज्नेहरुलाई चाहिँ उहाँले अनन्त जीवन दिनुहुनेछ । तर झगडालु, सत्यको पालन नगर्ने, र दुष्टतामा हिँडनेहरुमाथि चाहिँ कोध र रीस पर्नेछ । खराब काम गर्ने हरेक मनिसमाथि सङ्कट र आपद् आइपर्नेछ, पहिले यहूदीमाथि र अन्यजातिहरुमाथि पनि । तर असलकाम गर्ने हरेकलाई पहिले यहूदीलाई अनि अयजातिलाई पनि गौरव, इज्जत र शान्ति प्राप्त हुनेछ । किनकि परमेश्वरले पक्षपात गर्नुहुन्न ।”*

**परमेश्वर पवित्र हुनुहुन्छ र सबै शक्ति उहाँमा छ । हामीले यी कुराहरुद्धारा उहाँलाई प्रसन्न तुल्याउनु पर्छ....**

- **हाम्रो मन (सत्य)**
- **हाम्रो हृदय (स्वभाव)**
- **हाम्रो व्यवहार (विश्वासयोग्य आज्ञापालन) ।**

# उहाँ उहाँका पिताको पुत्र हुनुहुन्छ ।

कहिले काहीं यसो भनेको हामीले सुनेका छौ, “उ उसको बुबाको छोरा हो ।” यसको अर्थ त्यो जवान मानिस उसको बुबा जस्तै छ भन्ने हुन्छ । यो भनाईलाई खराब तरीकाबाट पनि प्रयोग गर्न सकिन्छ कि बुबा र छोरा दुवै बेकामको वा बेइमान छन् । यी दुवै आदरणीय र आदर गर्न योग्यका मानिस भनेर प्रशंसा गर्न सकिन्छ ।

के यो भनाई र वाक्यांसले पिता र पुत्र दुवै सिद्ध हुनुहुन्थ्यो भन्ने कुरा प्रयोय गर्न सकिन्छ? यदि पुत्रको वारेमा यस्तो भन्न पाए कस्तो हुने थियो होला? *“कि पुत्रको जीवनमा पाप थिएन ।”* अरुहरुले जति कठोर तरीकाबाट खोजे तापनि उहाँलाई कुनै पापको दोष लगाउन सक्दैनन् । उहाँका सोच, वचन र कार्यहरु अरुहरुको हितको निम्ति थियो ।

त्यस्तो पुत्रको वारेमा बाइबलले यसो भन्दछ, *“उहाँले परमेश्वर पिताबाट अपार र महिमा प्राप्त गर्नुभयो; जब त्यस तेजस्वी महिमाबाट एउटा वाणी निस्किआयो, “यिनी मेरा प्रिय पुत्र हुन्; जससंग म अति प्रसन्न हुँ” (२ पत्रुस १:१७) ।* अगाडी बताइएका चरित्रहरु पापरहित र सिद्ध येशूलाई व्याख्या गर्न प्रयोग गरिन्छ ।

*“उहाँले कुनै पाप गर्नुभएन र उहाँको मुखमा कुनै छलको कुरा पाइएन् । तिनीहरुले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नु भएन् । दुःख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन् । तर उचित न्याय गर्नुहुने माथि उहाँले भरोसा राख्नुभयो”* (१ पत्रुस २:२२-२३) । यो कथाको अन्त्य यही विन्दु होइन् । यहि सिद्ध पापरहित मानिसले हाम्रो निम्ति आश्चर्यजनक कार्य गर्नुभयो । *“हामी पापका लेखि मरेर धार्मिकताको निम्ति जिऔं भनी उहाँले क्रुसमा आफ्नो शरीरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरुद्धारा तिमीहरु निको भयौ”* (१ पत्रुस २:२४) । किनकि उहाँ जो हुनुहुन्छ, जे हाम्रो निम्ति गर्नुभयो, येशूले हामीबाट केही माग्नुहुन्, *“किनकि यसैका निम्ति तिमीहरु बोलाइका हौ । ख्रीष्टले पनि तिमीहरुका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरुका लागि एउटा उदाहरण छोडिजानुभयो; र तिमीहरु उहाँकौ पाइलामा हिड्नुपर्छ”* (१ पत्रुस २:२१) । किन हामीले येशू ख्रीष्टको पाइलालाई पछ्याउनुपर्छ? उहाँमा आज्ञाकारी विश्वासयोग्य भएर हामी *“परमेश्वरको सन्तान”* बन्न सक्छौ ।

*“तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो”* (यूहन्ना १:१२) ।

*“कि तिमीहरुचाहिँ निर्दोष र सुधा भएर टेढा र बरालिएका पुस्ताको विचमा परमेश्वरका निष्खोट सन्तान होओ, जुन पुस्ताको बीच संसारमा तिमीहरु ताराहरुभ्कैं चम्कन्छौ”* (फिलिप्पी २:१५) ।

येशूले जस्तै सिद्ध जीवन हामीले कहिल्यै जीउन सक्दैनौ । पापको दोषको कारणले हामी परमेश्वरबाट अलग हुन्छौ । येशू हाम्रो पापको निम्ति मर्नुभयो । येशूको रगतले हाम्रो पापको दोष क्षमा हुन्छ र परमेश्वर र उहाँका घरानामा हामीलाई मित्र बनाउँछ । *“तर तिमीहरु, जो त्यस बेला ख्रीष्ट येशूबाट ताढा थियौ अब ख्रीष्टको रगतले नजिक भएको छ”* (एफिसी २:१३) । संसारबाट हामी अलग हुनु पर्दछ । *“यसकारण तिनीहरुका बीचबाट निस्केर आओ, र तिनीहरुबाट तिमीहरु अलग होओ, परमप्रभु भन्नुहुन्छ । अशुद्ध कुरा केही नछोओ, र म तिमीहरुलाई ग्रहण गर्नेछु । म तिमीहरुमा पिता हुनेछु र तिमीहरु मेरा छोराछोरी हुनेछौ सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ”* (२ कोरिन्थी ६:१७-१८) ।

स्वर्गीय पिताको सन्तान हुन पाउनु कति अचम्मको आशिष र अवसर हो । कति प्रेमिलो, बलिदान, हाम्रा मुक्तिदाता येशू ख्रीष्टले गर्नुभयो । आउनुहोस् हामी धन्यवादी, विश्वासयोग्य र आज्ञाकारी परमेश्वरको सन्तान बनौं ।

# खीष्टियन आराधनामा बाद्यय संगीत?

## अधिकार कति महत्वपूर्ण छ?

मण्डली खीष्टको अधिनमा छ (मत्ती १६:१८; रोमी १६:१६) र येशूको अधिकार अनुसार नै यो सञ्चालन हुनु पर्छ (कलस्सी ३:१६,१७)। अहिलेका मानिसहरुले मोशाको व्यवस्था वा पुरानो करारका अगमवक्ताहरु अथवा अहिलेका मानिसहरुको वचनहरु भन्दा खीष्टको वचन सुन्नुपर्छ। येशूको रुप परिवर्तन हुँदा परमेश्वर पिताले यो कुरालाई जोड दिएर घोषणा गर्नुभयो, *"यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसंग म अति प्रसन्न छु, यिनको कुरा सुन"* ( मत्ती १७:१-५)। याद गरौ कि येशूको रुप परिवर्तन हुँदा मोशा (पुरानो करारको व्यवस्था दिइएको) र एलिया ( पुरानो करारको अगमवक्ताहरुको प्रतिनिधि) उपस्थित थिए।

परमेश्वरको सन्देश यो थियो, *"मोशा वा अगमवक्ताहरुलाई भन्दा मेरा पुत्र येशू खीष्टलाई सून"*। येशू आफैले पनि यहि सन्देशलाई आफ्नो संसारिक सेवाकाईमा जोड दिनुभएको थियो, *"मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एउटा न्यायधिश छन्, जो वचन मैले बोले त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ"* ( यूहन्ना १२:४८)। येशूसंग *"स्वर्ग र पृथ्वीमा...सबै अधिकार छ"* (मत्ती २८:१८)।

येशू खीष्ट हाम्रो व्यवस्था दिने व्यक्ति हुनुहुन्छ (याकूव ४:१२) र नयाँ करारको मध्यस्त हुनुहुन्छ (हिब्रू ९:१५)। मानिसहरुको आज्ञा र ईश्वरीय प्रकाशलाई परिवर्तन गर्नेहरुलाई येशू खीष्टले दोष लगाउने अधिकार छ ( मर्कूस ७:६-९)। प्रेरित पावलले पनि झुटो सुसमाचार (गलाती १:६-९) र परमेश्वरको इच्छा भन्दा मानिसहरुको विचारलाई (कलस्सी २:२३) दोष ठहराएका छन्। हामीले विशेष गरी खीष्टियन आराधनाको शिर्षकमा परमेश्वरले अधिकार दिनुभएको छ भन्ने कुरामा नयाँ करारको अध्ययन र भरोसा गर्नुपर्छ।

## *आजको आराधनामा संगीत प्रयोग गर्ने अधिकार दिनुभएको कुरालाई हेर्ने उचित स्थान पुरानो करार र स्वर्ग होइनन्।*

अहिलेका मानिसहरुको निम्ति नयाँ करारले पुरानो करारलाई स्थानान्तर गराएको छ। यो *"बितेर गयो"* ( २ कोरिन्थी ३:६-११), *"खारेज गर्नुभयो"* (एफिसी २:१५), *"क्रुसमा किल्ला ठोकी रद्द गर्नुभयो"* (कलस्सी २:१४)। अहिलेका मानिसहरु पुरानो करार साथै दश आज्ञाहरुबाट पनि छुटकारा भएको छ (रोमी ७:६,७)। यसको साथै नयाँ करार "उत्तम करार" हो (हिब्रू ८:६,७)। हामीले यो जान्नु पर्छ कि पुरानो करार हामीमा कुनै अधिकार छैनन। आज परमेश्वरले आराधनामा के अधिकार दिनुभएको छ भनेर हेर्ने स्थान पुरानो करार होइन्।

हामी प्रकाशको पुस्तकमा आराधना र प्रशंसा स्वर्गमा भएको देख्दछौ। यो आराधना स्वर्गदूतहरुले र मरेर स्वर्ग गएका सन्तहरुले गरेका हुन्। जव उनीहरु पृथ्वीमा खीष्टको मण्डलीको सदस्य थिए त्यति वेला कसरी आराधना गरे भन्ने कुनै कुरा गरिएको छैनन वा संकेट दिइएको छैन। येशू खीष्टको पुनरुत्थान पछि उनीहरुले पृथ्वीमा खीष्टको व्यवस्थामा जिइए अनुसार नै अन्तिम इन्साफ हुन्छ (प्रकाश २०:१२-१५)।

## स्वर संगीतलाई मात्र परमेश्वरले आजको आराधनामा प्रयोग गर्ने अधिकार दिनुभएको छ।

अब्राहाम भन्दा अघिदेखि मानिसहरुसँग वाद्यय संगीत थिए। यूबालले वीणा र बाँसुरीको आविष्कार गरे ( उत्पति ४:२१)। यहूदी आराधनामा दाऊदले वाद्यय संगीतको परिचय दिए (१ इतिहास २३:५; २ इतिहास ७:६; २९:२६; आमोश ६:५)। यदि तपाईले भजनसंग्रह १४९ र १५० बाट वाद्यय संगीत लिन्छौ भने हामी नाँच्नु पर्छ र हातमा दुईधारे तरवार लिएर प्रतिशोध पनि लिनुपर्छ (भजनसंग्रह १४९:५-७)। २ इतिहास २९:२५-२८ ले भन्दछ ती सबै जसले संगीत बजाउँथे तिनीहरु लेवी कूलको थिए। पशु बलिदान गर्दा उनीहरुले बाजा बजाउँथे र पशु बलिदान सकिँदा रोकिन्थ्यो। के यस्तो तरिकाले कुनै खीष्टियन समुहहरुले आज्ञापालन गरेको थाहा छ? यदि पुरानो करारलाई अधिकार मान्छौ भने यो सबै गर्नुपर्छ, जुन चाहिँ "उहाँलाई सुन्नु" को उल्टो हो भनी येशलाई देखाउँदछ (मत्ती ७:१-५)। सबै आराधनाको संगीत जुन नयाँ करारमा प्रभुको मण्डलीसंग सम्वन्धित छ त्यो वाद्यय संगीत विनाको भजन गाउनु हो (मत्ती २६:३०; मर्कूस १४:२६; प्रेरित १६:२५; रोमी १५:९; १ कोरिन्थी १४:१५; एफिसी ५:१९; कलस्सी ३:१६; हिब्रू २:१२; याकूव ५:१३)। पहिलो शताब्दीमा, "भजन, गीत र आत्मिक गानहरुद्धारा बोलिन्थ्यो, र धुन निकाल्नको निम्ति *"हृदय"* प्रयोग हुन्थ्यो (एफिसी ५:१९)। *"भजन, गीत र आत्मिक गानको"* एउटा उद्देश्य भनेको "परमेश्वरको वचन...एकले अर्कोलाई सिकाउने र उत्साह दिने हो। के बाद्यसंगीतले परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन गाउन हाम्रो ओठ र गला प्रयोग गर्नु हो? (कलस्सी ३:१६)। के कुनै बाजाले परमेश्वरको वचन सिकाउन वा परमेश्वरलाई धन्यवाद दिन सक्छ? सक्दैन्।

प्रेरितहरुको जीवनकालको मण्डलीको आराधनावारे नयाँ करारमा मात्र पाउँछौ। येशूले वाद्यय संगीतलाई अधिकार दिनु भएन्। प्रेरितहरु र शुरुवाटका मण्डलीले त्यो प्रयोग गरेनन्। बाइबलको अन्तिम अध्याय लेखेको ७०० वर्ष सम्म खीष्टियनहरुले वाद्यय संगीत प्रयोग गरेको थिएन भन्ने कुरा इतिहासले प्रमाणित गरेको छ। किनभने नयाँ

करारले कुनै अधिकार दिएको छैनन् । धेरै वर्ष पछि खीष्टको शिक्षा र उहाँका प्रेरितहरुको अभ्यासलाई मानिसको आफ्नै विचार, चाहना र अधिकारले बदली गरेका छन् ।

*मार्टिन लुथरले बाजागाजा मूर्तिपूजा गर्ने साधन भनियो । जोन क्यालभिनले वाद्यय संगीतलाई धुप र मैन बत्ती जस्तै भनेका छन्, जुन आराधनामा प्रयोग गर्नु उचित हुँदैनन् । जोन नक्सले बाजालाई सुसेल्ने बाकससंग तुलना गरको छन् । अरु सुधारकहरुले ३००-५०० वर्ष अघिसम्म यसको प्रयोगको विरोधमा बोलेका थिए । जुन सम्प्रदाय तिनीहरुले स्थापन गरे, आज तिनीहरु सबैले प्रयोग गर्छन् । मानिसलाई वाद्यय संगीत चाहिन्छ...परमेश्वरलाई होइन् ।*

## सारांश र निष्कर्ष

मानिसहरुलाई खीष्टको मण्डलीको सेवा आराधनामा वाद्यय संगीत थर्प्ने अधिकार दिएको छैन् । यदि तपाई खीष्टको अधिकारलाई सम्मान गर्नुहुन्छ र परमेश्वरलाई प्रसन्न पार्न चाहन्छौ भने, नयाँ करारले अधिकार दिएको संगीतलाई पेश गर्छौ...भजन गाउने मात्र । प्रभुको मण्डलीले येशूले प्रमाणित गर्नुभएका उदाहरण, अधिकारहरलाई पछ्याउने आज्ञा दिनुहुन्छ । खीष्टियन आराधनामा वाद्यय संगती प्रयोग गर्ने अधिकार उहाँले दिनुभएको छैन् ।

**नयाँ करारमा मात्र नौ वटा पदहरुले आराधनामा संगीतको वारेमा भन्दछ ।**

**उनीहरुको प्रेरणाप्राप्त अधिकारवाट तपाईले के सिक्नु भयो?**

मत्ती २६:३०　मर्कूस १४:२६　प्रेरित १६:२५　रोमी १५:९　१ कोरिन्थी १४:१५

एफिसी ५:१९　कलस्सी ३:१६　हिब्रू २:१५　याकूव ५:१३

# यो चाडको अर्थ के हो?

*"जब तिमीहरुका छोराछोरीले यस चाडको अर्थ के हो भनी सोध्छन्"* (प्रस्थान १२:२६) । फारोको कठोर हृदयको कारणले अझै पनि इस्रायलका सन्तानहरु मिश्रको कैदमा थिए । अब परमप्रभु परमेश्वरले मिश्रीहरुमाथि अर्को एउटा विपत्ति ल्याउनुहुनेछः मानिस र पशुहरुको पहिले जन्मेको मृत्यु हुनेछ ।

परमेश्वरले आफ्ना सन्तानहरुलाई मिश्रको डरलाग्दो दुर्भाग्य र परिणामबाट बचाउनु पर्छ । प्रत्येक घरानाले थुमा बलिदान गर्न र ढोकाको चौकोसमा रगतले चिन्ह कोर्नू भनी इस्रायलीहरुलाई आज्ञा दिनुभयो । त्यसको परिणाममा परेश्वरले प्रतिज्ञा गर्नुभयो कि जब मृत्यु दिने स्वर्गदूतले मिश्रीहरुलाई सखाप पार्दा उनले रगत देख्नेछन् र तिनीहरुको सन्तान र गाईबस्तुहरुलाई छोडनेछन् ।

मोशा र इस्रायललाई यो अन्तिम विपत्तिको तयारीबारे सम्पूर्ण आज्ञाहरु दिएका थिए । तिनीहरुले यो पहिलो उत्सवलाई पछि गएर तिनीहरुका पुस्ताभरि वार्षिक महान उत्सवको रुपमा मनाउनु पर्‍यो । जब त्यो भूमिमा मृत्यु फैलिदै जान्छ, तिनीहरुले प्रभुको निस्तार चाड मनाउनुपर्थ्यो ।

परमेश्वरले इस्रायलीहरुलाई दिनुहुने नयाँ घरमा जब तिनीहरुका सन्तानहरुले, "यस चाडको अर्थ के हो" भनेर सोध्दा तिनीहरुले आफ्ना सन्ताहरुलाई निस्तारको वास्तविक अर्थ बताउनु पर्छ ।

पछि जब परमेश्वरले आफ्ना दास मोशालाई सिनै पर्वतमा इस्रायलीहरुलाई व्यवस्था दिँदा मानिसहरुले उहाँका आज्ञाहरुलाई सिक्नु पर्थ्यो र आफ्ना बच्चाहरुलाई सिकाउनु पर्थ्यो । व्यवस्था ६:४-९ मा हामी पढ्न पाउँछौ, *"हे इस्रायल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ । तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदय आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर । मैले आज तिमीहरुलाई सुनाएका आज्ञाहरु आफ्नो मनमा राख । ती तिमीहरुले आफ्ना छोराछोरीहरुलाई होशियारीसाथ सिकाओ । घरमा बस्दा, बाटोमा हिँडदा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर । ती आफ्ना हातमा चिन्हको लागि कसिराख । ती तिमीहरुको निधारमा बाँधिराख । ती आफ्ना घरका द्वारको चौकोस र मूल ढोकाहरुमा लेख ।"*
*तिनीहरुका छोराहरुले सोधेका प्रश्नहरुलाई अभिभावकहरुले राम्रोसंग जवाफ दिन सक्षम हुनुपर्छ, "भविष्यमा जब तिम्रो छोराले "परमप्रभु हाम्रा परमेश्वरले दिनुभएका यी नियम र विधिविधानहरुको अर्थ के हो भनी सोध्ला,"* ( व्यवस्था ६:२०) ।

परमप्रभुका मार्गहरुलाई सिकाउने जिम्मेवारी आफ्ना अभिभावकहरुमा हुन्छन् । प्रेरित पावलले एफिसी ६:४ मा लेख्दछ, *"बाबु हो, आफ्ना छोराछोरीलाई रीस नउठाओ, तर तिनीहरुलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ ।"*

मण्डली र ख्रीष्टयन विद्यालयहरुले तालीम दिने कुरामा सहायता गर्न सक्छन् । आफ्नो जिम्मेवारी पुरा गर्नको निम्ति अभिभावकहरुले यस्ता उपलब्ध भएका संस्थाहरुलाई प्रयोग गर्नु पर्छ । तै पनि, तिनीहरुले जहिले पनि याद गर्नु पर्छ कि आफ्ना सन्तानहरुलाई तालिम दिने अन्तिम जिम्मेवारी तिनीहरुका आफ्ना अभिभावकहरु नै हुन्छन ।

जब बच्चाहरुले "यसको अर्थ के हो" भनेर परमेश्वरको अस्तित्व, येशू ख्रीष्टको ईश्वरत्व, पवित्र धर्मशास्त्रको प्रेरणा, संसारको सृष्टि, ग्रहण योग्य आराधना, प्रभुभोज, बप्तिस्मा, वाद्य संगीत र संसारको कुराहरुबाट आफु कसरी दागरहित हुने भन्ने आदिबारे सोध्दा बुबा, आमाहरुले बुद्धिमानी पूर्वक र धर्मशास्त्रको आधारमा जवाफ दिन सक्षम हुनुपर्छ ।

के तपाईले आफ्ना बच्चाहरुलाई आइतबारको सेवा र बुधबारको रात्री बाइबल अध्ययनमा लिएर गईराख्नुभएको छ? के तपाईका बच्चाहरु आराधनाका सबै भागहरुमा सहभागी भएका छन्? के तपाई दैनिकरुपमा आफ्ना बच्चाहरुसँग बाइबल अध्ययन गर्ने र "तपाई हिडनुभएको बाटोमा" हिडने लगाउने कुरा सिकाउँदै हुनुहुन्छ? के तपाईले आफ्ना बच्चाहरुलाई बाइबल पढ्न, धार्मिक पुस्तकहरु पढ्न र हाम्रा दाज्य-भाइहरुले लेखेका पुस्तकहरु निरन्तररुपमा अध्ययन गर्न हौसला दिनुभएको छ? जसले तिनीहरु परमेश्वरप्रतिको विश्वासमा दह्रो होस् । यदि तपाईले आज तिनीहरुको प्रश्नको जवाफ दिन सक्नुहुन्न भने तपाईले तिनीहरुका छोराछोरीहरुको प्रश्नको जवाफ दिन सक्नुहुन्छ भन्ने अपेक्षा नगर्नुहोस् ।

## बच्चाहरुलाई तालीम देऊ ।

*"बालकलाई ऊ हिँडनुपर्ने बाटोमा तालीम देऊ, र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन"* ( हितोपदेश २२:६) । यो निकै प्रचलित पद हो । जब कसैका सन्तानहरु बाटो बिराएर जान्छन भने त्यस्तो बेला प्राय जसो प्रमाणको निम्ति यो पद प्रयोग हुन्छ । परिवारहरु बच्चाहरुप्रति आफ्नो जिम्मेवारीमा असफल भएको देखिन्छ, तर जहिले पनि होइनन् । सामान्य नियम यो छ कि हामीले दिने तालीमबाट हामी पर नहटौं । अरु पनि परिणामहरुलाई पनि विशेषरुपले विचार गर्नुपर्छ ।

अभिभावकहरुले बच्चा वेलामा दिएका तालीमहरुको मूल्यलाई छुट दिनुहुँदैन । छोराछोरीहरु यसको निम्ति सानै बच्चा छ भनेर आफूले ढाल्नुपर्ने कुरा नगरिदिएर धेरै परिवारहरु बहाना गर्छन् । निश्चय नै, तिनीहरु आफ्ना बच्चाहरु फूर्तिलो छ भनी घमण्ड गर्छन् र त्यही समयमा तिनीहरुले आफ्ना बच्चाहरुलाई सही व्यवहारहरु सिकाउन सानै छ भनी रक्षा गर्छन् । बच्चाहरुले दुर्व्यवहार गर्दा तिनीहरुलाई राम्रो लाग्न सक्छन् । उ बच्चै हुन सक्छ, तर उसले छिट्टै कुराहरु टिप्छन् । उनका बुबाआमा वा अभिभावहरुले उसका ठुलाठुला कुराहरुलाई मजाकको रुपमा लुकाउन सक्दैनन् । उसले अझै पनि हिड्ने वा कुरा गर्न सिकेको छैनन होला, तर उसले तपाईका "शारीरिक भाषाहरु" छिट्टै पढ्नेछ ।

हाम्रा बच्चाहरु कार्यक्रम भएको कम्प्युटर होइन जहाँ निष्कर्ष के हुन्छ भन्ने कुरा अग्रिम थाहा हुन्छ । हामीलाई परमेश्वरले खराब वा असल कुरा रोज्ने अनुमति दिनुहुन्छ । दुःखलाग्दो कुरा प्रायजसो हामीले हाम्रै इच्छाले गलतकुराहरु रोज्छौं ।

हामीहरु सबैले शब्दहरु हेर्छौ, *"वृद्धवस्थासम्म ऊ त्यसवाट तर्किएर जाँदैनन"* । *"तालीम दिनु"* भन्ने शर्तलाई बारम्वार हेर्नुहोस् । धेरै अभिभावकहरुले धेरै कुरा गर्छन र थोरै तालीम दिन्छन । तिनीहरुलाई थाहा दिनुपर्ने कुराहरु हामीले बच्चाहरुलाई भन्नै पर्छ । तर, हामीले अरु धेरै कुराहरु पनि गर्नु पर्छ । हामीले तिनीहरुलाई हाम्रा अनुभवका कुराहरु बताइदिनु पर्छ जसले तिनीहरुलाई ती कुराहरु अभ्यास गर्न खोज्छन् । तिनीहरुले सही कार्य गर्न र सही तरीकाले सोच्नको निम्ति तालीमको आवश्यकता पर्दछ । जब हाम्रो सही ज्ञान र हाम्रो भावना समानान्तर रुपले जान्छन, तव हामीले राम्रो काम गर्नेछौं ।

यसकारण, आउनुहोस् हामी हाम्रा बच्चाहरुलाई तालीम दिऔं ।

मण्डलीको आशनबाट देख्ने सबभन्दा सुन्दर दृश्य त्यो हो जहाँ परिवारका सबै सदस्यहरु बेन्चको एउटै लहरमा बसेको हुन्छ । आराधना सेवा त्यो होइन् जहाँ परिवारका सदस्यहरुलाई प्रतिनिधिको रुपमा मण्डलीमा पठाउँछन् ।

# प्रभु मलाई अर्पण गर्नुहोस्
# १ इतिहास २९:५

**(१) परिचय**

(क) हामी सोधौः के मेलै मेरो उत्कृष्ट काम गरे? के म विगतमा भन्दा मजबुट छु? के मलाई अरु बढी थाहा छ? के मैले पापलाई त्यागेको छु? म परमेश्वरमा कहाँ उभिएको छु?

(ख) *"मलाई अर्पण गर्नुहोस्"* ।

(१) परिभाषाः "अलग राख्नु" । हामी *"समर्पण"* र *"शुद्ध गर्ने"* वारे सोच्छौ । (एफिसी ५:२६; २ तिमोथी २:२१)

(२) पुन-अर्पण

**(२) छलफल**

**(क) कस्तो आत्मिकी अवस्थामा अर्पणलाई नविकरण गर्नुपर्छ?**

(१) पापले कसैलाई परमेश्वरबाट अलग पार्छ (यशैया ५९:२) ।

(क) मण्डलीको भेलामा उपस्थित नहुने (हिब्रू १०:२५) ।

(ख) प्रभु भोज खान असफल हुने ।

(ग) जिब्रोलाई दुरुपयोग गर्ने ।

(१) कठोर बोली र घृणा गर्ने ।

(२) अश्लिल वचन बोलेर ।

(घ) मतवाली (१ कोरिन्थी ६:१०) ।

(ङ) विपरित लिङ्गप्रति अप्रत्यक्ष शारीरिक सम्वन्ध (एफिसी ५:३,५) ।

(च) बेइमानी (रोमी १२:१७; २ कोरिन्थी ८:२१) ।

(१) ऋण तिर्न असफल हुनु

(२) जुवा खेल्नु, छली ।

(छ) असमानता । *"वास्ता नगर्नु", "इच्छा नगर्नु", "अझ धेरै काम कुरामा विचार नहुनु", "मण्डलीलाई वृद्धि गर्ने कुरामा सहायता नगर्ने"* ।

(ज) अनाज्ञाकारिता (लूका ९:५) ।

(२) अर्पणलाई रोक्ने कठोर हठी हृदय हो (मत्ती १३:१५,१६; प्रेरित २८:२४-२७) ।

**(ख) आज किन अर्पण गर्ने?**

(१) मण्डली दोषरहित हुन, संसारलाई चिनाउन र प्रभाव पार्न (एफिसी ५:२७) ।

(२) तिमीहरुका पाप क्षमा भएका छन् र प्रभुको आगमनको समयको निम्ति तयारी हुन (२ तिमोथी ४:६-८) ।

(३) अर्पणको नविकरणले तपाईमा भरोसा हुन्छ र भविष्यमा परमेश्वरको धेरै कामहरु गर्न, हौसला प्राप्त गर्न (२ पत्रुस १:८) ।

(४) यसले विगतलाई विर्सन सहायता गर्छन, थाहा नभए जस्तो होइन् तर पश्चाताप गरेर र नयाँ कुरालाई थालनी गर्न (फिलिप्पी ३:१३,१४) ।

**(ग) अर्पणको बोलावट**

(१) रोमी १२:२; १ पत्रुस १:१४-१६; २:९

(२) पश्चातापी हृदयहरुको निम्ति पतित भएकाहरुलाई आव्हान (यर्मिया ३:१२; १४:२२; ५:६; ३१:२२) ।

(३) परमेश्वरमा फर्कन निमन्त्रणा (यशैया १:१६-१८) ।

**(घ) अब आज परमप्रभुलाई अर्पण गर्न को राजी छ?**

(१) तपाईको सेवालाई अर्पण गर्नुहोस्

(२) प्रभुलाई ।

(३) आजको दिन ।

(४) इच्छा अनुसार (१ इतिहास २९:६,९) ।

**(३) निष्कर्ष**

(क) परमेश्वरको अर्पणको निम्ति को तयार छन्?

(ख) तपाईलाई निमन्त्रणा गरिएको छ (मत्ती ११:२८-३०) ।

*"अब आज परमप्रभुलाई अर्पण गर्न को राजी छ?"* (१ इतिहास २९:५)

## सबै भन्दा महान आज्ञा कुन हो?

**के हत्या नगर्ने? के परमेश्वरलाई सेवा गर्ने? के परमेश्वरलाई प्रेम गर्ने? के असल कामहरु गर्ने?**

**के व्यभिचार नगर्ने? के आफ्ना छिमेकीलाई असल गर्ने? के शवाथ पालन गर्ने? के छिमेकीहरुलाई प्रेम गर्ने?**

(१) **सबैभन्दा महान आज्ञा परमेश्वरलाई आफ्नो सारा हृदय, प्राण र समझले प्रेम गर्ने हो ।** *"तिनीहरुमध्ये एक जना व्यवस्थाका अध्यापकले उहाँको परीक्षा गर्ने विचारले उहाँलाई सोधे, "गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन हो?" उहाँले तिनलाई भन्नुभयो, "तैले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू । महान र प्रथम आज्ञा यही हो"* (मत्ती २२:३५-३८) ।

(क) फरिसीहरुले त्यस्तो जवाफको अपेक्षा गरेको छ भन्ने कुरामा मलाई शंका लाग्छ ।

(ख) शायद येशूले यस्तो भन्नुहुन्छ होला भन्ने तिनीहरुले सोचेका होला, *"हत्या नगर"* वा *"शवाथ पालना गर"* वा *"असल काम गर"* वा *"व्यभिचार नगर"* वा *"परमेश्वरको सेवा गर"* ।

(ग) उहाँको सुन्दर जवाफमा येशू विषय बस्तुको केन्द्र विन्दुमा पुग्नुभयो ।

(घ) पहिलो शताब्दीका मानिसहरुको निम्ति उहाँको जवाफ असल थियो र यो आज हामीलाई पनि असलै छन् ।

(ङ) सबैभन्दा महान आज्ञा परमेश्वरलाई प्रेम गर्नु हो ।

(२) **मानिसले परमेश्वरलाई कसरी प्रेम गर्छन भन्ने कुरा उनले देखाउनै पर्छ ।**

(क) मानिसहरुलाई प्रशन्न तुल्याउने कामहरु गरेर यो हुँदैनन (मत्ती ७:१-८) ।

(ख) हामी परमेश्वरलाई कति प्रेम गर्छौ भन्ने कुरा मात्र गरेर हुँदैन् ।

(ग) उहाँको आज्ञापालन गरेर मानिसले आफ्नो प्रेम देखाँउछ ।

(१) येशूले भन्नुभयो, *"तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौ ।"*

(२) जसले उहाँको आज्ञा पालन गर्छन, तिनीहरु उहाँको प्रेममा रहन्छ, *"यदि मेरा आज्ञाहरु पालन गर्‍यो भने तिमीहरु मेरा प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरु पालन गरेको छु र उहाँका प्रेममा रहन्छु"* (यूहन्ना १५:१०) ।

(घ) तपाई र मैले परमेश्वरको आज्ञा पालना नगरेसम्म हामीले उहाँलाई प्रेम गरेको देख्दैनन । उहाँको आज्ञा थाहा छैनन् भन्ने हुन्छन् ।

(३) **केही अरु आज्ञाहरुलाई हेरौ, जसलाई आज धेरैले वेवास्ता गर्छन ।**

(क) येशू खीष्ट परमेश्वरको पुत्रको नाँउमा विश्वास नगर्नू, *"उहाँको आज्ञा यही हो, कि हामीले उहाँका पुत्र येशू खीष्टको नाँउमा विश्वास गर्नुपर्छ, र उहाँले हामीलाई आज्ञा दिनुभएबमोजिम एउटाले अर्कालाई प्रेम गर्नुपर्छ"* (१ यूहन्ना ३:२३) ।

(ख) सबै पापीहरुले पश्चाताप गर्ने, *"यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाँउमा सब मानिसहरुलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ"* (प्रेरित १७:३०) ।

(ग) मुक्तिको निम्ति बप्तिस्मा लिने, *"विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ"* (मर्कूस १६:१६) ।

(घ) उहाँको इच्छा अनुसार काम गरेर विश्वास योग्य हुने (१ कोरिन्थी १५:५८; प्रकाश २:१०) ।

(४) **येशूले हामीलाई दोस्रो महत्वपूर्ण आज्ञा दिनुहुन्छ ।**
*"दोस्रो पनि त्यस्तै छ, तैले आफ्ना छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू । सारा व्यवस्था र अगमवक्ताहरुका शिक्षाको आधार नै यी दुइ आज्ञाहरु हुन्"* (मत्ती २२:३९,४०) ।

(क) हो, हामीले आफैलाई प्रेम गरे झै हाम्रा छिमेकीहरुलाई प्रेम गर्नुपर्छ ।

(ख) जव हामी गर्न चुक्छौ, परमेश्वरको वारेमा र सबै मानिसहरुप्रति उहाँको प्रेमवारे हामी थोरै सोच्छौ ।

(ग) हामीसँग मौका भए अनुसार अरुको आवश्यकता पुरा गरेर छिमेकीहरुलाई प्रेम गर्छौ भनी देखाउँछौ, *"यसैबाट प्रेम के हो हामी थाहा पाउँछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो । हामीले पनि आफ्ना दाज्यू-भाइहरुका निम्ति आफ्नो प्राण दिनुपर्छ । कसैसित संसारको धन-सम्पति छ, र पनि आफ्ना दाज्यू-भाइलाई खाँचोमा परेको देख्दा उनीहरुप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ? साना बालकहरु, वचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौ"* (१ यूहन्ना ३:१६-१८) ।

**(५) जसले आफ्ना छिमेकीहरुलाई प्रेम गर्न असफल हुन्छौ त्यो मृत्युमा जीएको हुन्छ ।** *"तिमीहरुले शुरुदेखि नै सुनेको सन्देश यही हो, "हामीले एउटा अर्कालाई प्रेम गर्नुपर्छ ।" कयिनजस्तो नहोओ, जो शैतानको थियो । उसले आफ्नो भाइको हत्या गऱ्यो । उसले आफ्नो भाइको हत्या किन गऱ्यो? किनकि उसका आफ्ना कामहरु दुष्ट थिए, अनि उसको भाइका कामहरुचाहिँ धार्मिक थिए । भाइ हो, संसारले तिमीहरुलाई घृणा गर्दा अचम्म नमान । हामी जान्दछौं, कि हामी त मृत्युबाट पार भएर जीवनमा सरिसकेका छौं, किनभने हामी आफ्ना दाज्यू-भाइहरुलाई प्रेम गर्छौ । जसले प्रेम गर्दैनौ, त्यो मृत्युमा रहिरन्छ । आफ्नो दाज्यू-भाइलाई घृणा गर्ने हरेक हत्यारा हो, र कुनै हत्यारासँग अनन्त जीवन रहँदैन भन्ने तिमीहरुलाई थाहै छ"* (१ यूहन्ना ३:११-१५) ।

**निष्कर्ष:** के तपाईले परमेश्वरलाई प्रेम गर्नुहुन्छ? त्यसो हो भने आज उहाँको आज्ञाहरु पालन गर्नुहोस् । यहि नै पहिलो र सबैभन्दा महत्वपूर्ण आज्ञा हो ।

# भरपर्दो गवाहीहरु

**"गवाही दिने त पवित्र आत्मा नै हुनुहुन्छ, किनकि पवित्र आत्मा सत्य हुनुहुन्छ । किनभने गवाही दिनेहरु तीन छन् अर्थात् पवित्र आत्मा, पानी र रगत सबै कुरामा यी सहमत हुन्छन्" (१ यूहन्ना ५:७,८) ।**

यी तीनवटा साक्षीहरुले येशूको ईश्वरत्व, खीष्टको मानवता, उहाँको शक्ति, उहाँका कार्यहरु र उहाँका वचनको गवाही दिन्छन् । हो, परमेश्वरसँग साक्षीहरु छन् । येशूले गवाहीविना केही छोडनुभएन् । तर उहाँले भन्नुभयो, *"म तिमीहरुको निम्ति सल्लाहाकार पठाउनेछु" (यूहन्ना १४:१६-१८) । उहाँले भन्नुभयो, "तिनीहरुलाई सत्यतामा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो"* (यूहन्ना १७:१७) ।

(१) साक्षीहरुको उद्देश्य नै गवाहीहरुलाई अगााडी ल्याउनु हो, जुन **आत्माले** गर्नुहुन्छ, आत्माले बोल्नुभएको कुरा सुन्नुहोस् । पवित्र आत्माले खीष्टको मृत्यु, गडाई र पुनरुत्थानबारे भन्नुहुन्छ (प्रेरित २) । कुनै मानिसको कुरा नसुन्नुहोस्, तर परमेश्वरको आत्माको कुरा सुन्नुहोस् । जब हामीले परमेश्वरको आत्माको सट्टामा आधुनिक दर्शनलाई सुन्न खोज्छौ, हामीले परमेश्वरका एउटा गवाहीलाई दोष लगाएका हुन्छौ र उहाँको गवाहीलाई होच्याउँछौ ।

(२) परमेश्वरको दोस्रो गवाही **पानी** हो । बप्तिस्मामा खीष्टलाई परमेश्वरको पुत्र भनियो (मत्ती ३:१७) । खीष्टियानिटीमा पानी सम्लग्न भएको एउटै कुरा बप्तिस्मा हो, जुन खीष्टको मृत्यु, गडाई र पुनरुत्थान जस्तै हो (रोमी ६:३-५) । बप्तिस्माको निम्ति छर्किनु वा खन्याउनु ठीक हो भन्छन् । जब यस्तो कुराहरु अभ्यास गरिन्छ, दोस्रो गवाहीलाई होच्याइएको हुन्छ ।

(३) तेस्रो गवाही **रगत** हो । खीष्टले आफ्नो रगत उहाँको मृत्युमा बगाउनुभयो (यूहन्ना १९:३४) । हप्ताको पहिलो दिनमा खीष्टियनहरु भेला हुँदा रोटी भाँच्ने (प्रेरित २०:७) र दाखको रस लिने गर्छन् (१ कोरिन्थी ११:२५) । यो रगत उहाँको नयाँ करार हो, जुन खीष्टको बलिदान सारा संसारमा घोषणा गर्छन । जब मानिसहरु प्रभुको दिनमा सेवामा उपस्थित हुन्छन, तर प्रभु भोजमा सहभागी हुँदैनन् भने तिनीहरुले तेस्रो गवाहीलाई होच्याईरहेको हुन्छन् ।

परमेश्वरका गवाहीहरुलाई जाँच गर्न दिनुहोस् । यसरी तपाई सही हुन सक्नुहुन्छ र गलत हुन सक्दैनन् ।

# शैतानलाई बाहिर फालिने

**"...दियाबलसका कामहरु नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो" (१ यूहन्ना ३:८ख) ।**

पहिलो शताब्दीको अन्त्यको समयमा प्रेरित यूहन्नाले यसरी लेखे, *"...दियाबलसका कामहरु नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो"* (१ यूहन्ना ३:८ख) । दियाबलसका कामहरु के थियो? आदम र हव्वालाई छलेर परमेश्वरको आज्ञालाई उलंघन गर्न लगाए (उत्पति ३) । शैतानले संसारमा पाप र मृत्यु ल्याउन सफल भए (रोमी ५:१२) । हो, उसले मानवतालाई पाप र मृत्युमा डोऱ्याए, जसमा लाज, मन दुख्ने, पिडा र कष्टहरु छन् । यी नै उसका कामहरु थिए । शैतानको कारणबाट आएका दयनियतका पूर्ण जिम्मेवारीहरु उसले नै लिनुपर्छ ।

तर ठीक तरीकाले परमेश्वरको ठीक समयमा प्रेमिलो स्वर्गीय परमेश्वर पिताले पापको श्रापबाट छुटकारा दिन (कलस्सी १:१४) र मानव जातिलाई मृत्युबाट विजय गराउन संसारमा पुत्रलाई पठाउनुभयो (गलाती ४:४) । यो कुरा पुरा हुनको निम्ति, मानव जातिको पापको प्रायश्चित हुनको निम्ति ख्रीष्टले बलिदान दिर्नै पथ्यो (१ यूहन्ना २:२; ४:९,१०) । प्रेरणाप्रापक एकजना लेखकले येशूबारे यसो भन्दछ, *"तर यस युगको अन्त्यमा आफ्नै बलिद्धारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ"* (हिब्रू ९:२६ख; १०:१२) । *"...ताकि मृत्युद्धारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात दियाबलसलाई उहाँले नष्ट गरुन"* (१ यूहन्ना २:१४ख) ।

यसरी आफ्नो व्यक्तिगत सेवाकाइमा उहाँ विजयीसाथ यरुशलेम प्रवेश गर्दा भन्नुभयो, *"अब यो संसारको न्याय हुन्छ । यस संसारको शासक बाहिर फालिनेछ । अनि जब म पृथ्वीबाट उचालिन्छु,म सबै मानिसलाई आफूतिर खिँच्नेछु"* (यूहन्ना १२:३१,३२) । हल्लेलूयाह ! *"उहाँको वर्णन गर्न नसक्ने वरदानको निम्ति परमेश्वरलाई धन्यवाद होस्"* (२ कोरिन्थी ९:१५) ।

## त्यो मानिस जसले जहाज बनायो ।

बाइबलको पहिलो पुस्तकमा हामी एकजना मानिस बारे पढ्न पाउँछौ जसको विश्वास ठुलो थियो । उनको नाम नोआ थियो । उनी मानब जगतको १० औ पुस्तमा जिइएको थियो । संसार पूर्णरुपमा भ्रष्ट र दुष्टताले भरिएको थियो (उत्पति ६:५) । दुष्टताको कारणले गर्दा परमेश्वर दु:खित हुनुभयो (६:६) । उहाँले मानिस लगायत सबै जिवित प्राणीहरुलाई नष्ट गर्ने विचार गर्नुभयो (६:७) ।

तैपनि, परमेश्वरले धर्मी नोआलाई जहाज बनाउने काम दिनुभयो (६:९) । उहाँले नोआलाई जहाजको वास्तविक नाप दिनुभयो । जहाजको लम्बाई १४० मिटर, चौडाई २३ मिटर र उचाई १४ मिटर थियो ।

### सुख्खा भूमिमा ठुलो जहाज

यति बेलासम्म पृथ्वीमा कहिल्यै पनि पानी परेको थिएन । तर पृथ्वीका खोलाहरु निस्की उठेर समस्त भूमिलाई भिजाउने गर्थे (उत्पति २:६) ।

नोआ विश्वासको मानिस थियो (उत्पति ११:७) । बाइबलको बिद्यार्थीहरुलाई थाहा छ कि *"विश्वास नदेखिएको कुराको प्रमाण"* हो (हिब्रू ११:१) । नोआलाई आफ्नो कामको जिम्मा दिएको थियो र त्यो कामको समर्पणमा ऊ हलचल भएन् ।

१२० वर्षसम्म जहाजमा काम गरे र आफ्ना छिमेकीहरुलाई प्रचार गरे । तिनीहरुले उनलाई यसरी गिज्यायो होला, "हे नोआ, तिमीले बनाएको यति ठुलो डुङ्गालाई के गर्छौ? तिमीसँग डुङ्गा खियाउनको लागि पानी छैन ।"

अन्त्यमा, काम पुरा भयो । नोआले पाएको आदेश अनुसार शुद्ध र अशुद्ध प्राणीहरु, खाना र आफ्ना परिवारहरुलाई जहाजभित्र लगे । त्यसपछि परमेश्वरले ढोका बन्द गर्नुभयो (उत्पति ७:१६) ।

### बर्षा हुन थाल्यो ।

हामी उत्पति ७:११ मा पढ्न पाँउछौ कि, *"..स्वर्गका ढोकाहरु उघ्रिए"* । चालिस दिन र चालिस रात पानी पऱ्यो (७:१२) । संसारका सबै जिवित मानिस र प्राणीहरु नष्ट भए । जहाजभित्र चढेका आठ आत्माहरु र प्राणीहरुमात्र बाँचे । नोआको विश्वास अवास्तविक जस्तो देखिन्थ्यो तर त्यो यर्थाथमा परिणत भए । नोआका समयका मानिसहरु व्यभिचारी र दुष्ट थिए । नोआका दुष्ट छिमेकीहरु थिए जसले परमेश्वरका धर्मी सेवकहरुमाथी ठट्टा गरे । त्यसपछि परमेश्वरले नोआलाई सम्झनु गर्नुभयो (उत्पति ८:१) । पानी सुख्खा भयो, जहाज आरारातको पहाडमा अडियो (उत्पति ८:४) ।

जब नोआ, उनका परिवार र सबै प्राणीहरु जहाजबाट बाहिर निस्के, नोआले गरेको पहिलो कुरा भनेको उनले बेदी बनाएर परमेश्वरको निम्ति बलिदान चढाए (उत्पति ८:२०) । हिब्रू ११ अध्यायमा विश्वासका महान व्यक्तिहरुको यात्राको सूचीमा उनले नामको दावी गर्ने अधिकार छ । *"विश्वासद्धारा नोआले त्यति बेलासम्म अदेख रहेका घटनाका बारेमा परमेश्वरबाट चेतावनी पाएर भक्तिसाथ आफ्नो घरानालाई बचाउन एउटा जहाज बनाए । यसरी संसारलाई दोषी ठहराएर विश्वासद्धारा उनी आउने धार्मिकताका उत्तराधिकारी भए"* (हिब्रू ११:७) । जो आज हामी बाँचिरहेका छौ त्यो जहाज बनाउने मानिस देखेर गर्भ गर्नु पर्छ ।

# गिदोनः हिचकिच्याउने नायक

बाइबल अध्ययन गर्नेहरुले गिदोनलाई पहिलो पल्ट न्यायकर्त्ता ६:११ मा पढ्न पाँउछौ । दबोरा र बाराकले कनान देशका राजा याबीनलाई हराइसकेपछि इस्रायलीहरुको माझमा ४० वर्षसम्म शान्त भयो । त्यसपछि, मानिसहरुले दुष्ट काम गरे । प्रभुले तिनीहरुलाई मिद्यानहरुको हातमा सुम्पिदिनु भयो । मिद्यानीहरुले इस्रायलीहरुलाई निकै कठोर र निर्दयी व्यवहार गर्न थाले । तिनीहरुका गाईबस्तुहरु र बालीनालीहरु नष्ट गरे । मानिसहरु भोकमरीमा परे । सतावट यति भयानक थियो कि तिनीहरु लुक्नको निम्ति ओढार र गुफाहरु खन्न थाले ।

योआशका छोरा गिदोन मिद्यानीहरुबाट लुक्न दाखको कोलमा गहुँ चुटदैथिए । अचानक स्वर्गदूत गिदोन कहाँ देखापरेर तिनलाई भन्नुभयो, *"तँ वीर मानिस होस् र परमप्रभु तँ सँग हुनुहुन्छ ।"*

स्वर्गदूतले वर्णन गरे कि इस्रायलीहरुले परमेश्वरको आज्ञा उलंघन गरेको कारणले गर्दा यसो भएको हो, परमेश्वरले तिनीहरुको निम्ति धेरै गर्नुभयो । इस्रायलीहरुलाई वचाउनको निम्ति गिदोनलाई चुनेको कुरा स्वर्गदूतले भन्नुभयो ।

गिदोनले विरोध गरेर जवाफ दिए, *"मेरो गोत्रलाई हेर्नुहोस्, त्यो त मनश्शेमा सबभन्दा कमजोर छ, मेरा पिताको घरमा म सबभन्दा सानो छु ।"* गिदोनलाई शंका लाग्यो र उनले खाना तयार गरुन्जेल स्वर्गदूतलाई पर्खिरहन अनुरोध गरे । स्वर्गदूतले पर्खे । खाना खानुको सट्टामा स्वर्गदूतले त्यो खानालाई बलिदानको रुपमा अर्पण गर्नू भनी गिदोनलाई आज्ञा गर्नुभयो । यो आगोद्धारा भष्म भयो ।

गिदोनको बुबा योआशले पाप गरे । उनले बालदेवताको बेदी बनाए र काठको मूर्ति बनाएर त्यसको छेउमा राखिदिए । गिदोनलाई बाल देवताको बेदी भत्काउन र मूर्तिमा आगो लगाउन आज्ञा गरियो । गिदोनले आफ्ना नोकरहरुबाट दश जनालाई लिएर परमप्रभुले भन्नुभए बमोजिम गरे । आफ्ना पिताका घराना र नगरवासीहरुका डरले उनले यो काम राती गरे ।

बालदेवता र काठको मूर्ति पूजा गर्ने ती मानिसहरु निकै रिसाए र तिनीहरुको पवित्र चिजलाई भत्काउने मानिसलाई मार्न खोज्यो । धेरै कूलहरुबाट सिपाहीहरु जम्मा पारे, तिनीहरु गिदोनको घर नजिकैको डाँडामा छाउनी हाले ।

फेरी पनि इस्रायलीहरुलाई बचाउनको निम्ति स्वर्गदूत गिदोनकहाँ मार्गदर्शनको निम्ति देखा पर्नुभयो । गिदोनको सिपाहीसँग परमप्रभु हुनुहुनेछ र लडाईमा विजय हुनेछन् भनी परमप्रभुले प्रतिज्ञा गर्नुभयो । तै पनि, गिदोनलाई प्रमाण चाहिएको थियो । उनले दुइपल्ट चिन्हहरु मागे, त्यो सोधेकोमा परमेश्वर नरिसाउनुहोस भनी उनले बिन्ति गरे । परमेश्वरले धैर्य गर्नुभयो र गिदोनले चिन्ह मागेअनुसार दिनुभयो ।

कथा अगााडी बढे अनुसार गिदोनले धेरै संख्यामा आफ्ना सिपाहीहरुलाई पछि हटाए । शत्रु सिपाहीहरु यस्तो अवस्थामा पुगे कि तिनीहरु आफैले आफैलाई आफ्नै तरवारले काटिरहेका थिए ।

इस्रायलका मानिसहरु गिदोनप्रति धन्यवादी भए र तिनीहरुका राजा हुन अनुरोध गरे । सबैले उनलाई पछयाए । तै पनि उनले राजा हुन इन्कार गरे । उनले भने, *"परमप्रभुले तिमीहरुलाई राज गरुन ।"* न्यायकर्त्ता ८:२८ ले भन्दछ कि गिदोनको जीवन पर्यन्त चालीस वर्षसम्म देशमा शान्ति भयो र उनी पूरा बुढेसकालमा मरे ।

आजको हामी खीष्टियनहरुले यो बाइबलको लेखाबाट धेरै पाठहरु सिक्न सक्छौ । जब परमप्रभुले उहाँको काम गर्न बोलाउँदा हामी प्रायजसो अयोग्य ठान्छौं । यदि परमेश्वरको इच्छा हो भने जस्तै काम भएपनि जव हामी गछौ उहाँले हामीलाई सफलता दिनुहुन्छ । गिदोन आफैले आफैलाई साने र कमजोर ठानेता पनि परमेश्वरले उसलाई शक्तिशाली बनाउनु भयो र चाहिने कुराहरु सहायता गर्नुभयो ।

परमेश्वर आफ्ना सन्तानहरुसित धैर्यवान हुनुहुन्छ । यदि हामी इमान्दारिताकासाथ सोध्छौ भने, उहाँले पक्का गर्नुहुन्छ कि उहाँका इच्छालाई हामीले राम्ररी बुझेका छौ ।

परमेश्वरले गिदोनको सैनिकहरुलाई घटाएर ३०० मात्र राख्नुभयो र तिनीहरुलाई हातहतियार दिनुभएन् । के तपाईले कल्पना गर्नुहुन्छ कि ठुलो विश्वास र साहसले तिनीहरु शत्रुहरुको छाउनीमा गए? यसमा कसैले शंका गर्न सक्दैनन् कि परमेश्वरको शक्तिले जित भएको हो र मानिसको बलले होइन् । यसै कारणले गर्दा परमेश्वरले आफ्ना योजनाहरु पुरा गर्नको निम्ति प्राय साना कुराहरुलाई चुन्नुहुन्छ ।

अर्को समय जव तपाईलाई आफ्नो क्षमताभन्दा पनि परको कामको सामना गर्नुपर्‍यो भने परमेश्वरमा भरोसा राख्नुहोस् । मत्ती १४:२८-२९ मा पत्रुसले गरेअनुसार गर्नुहोस्ः डुङ्गाबाट हामफाल्नु होस् र पानीमा हिड्न थाल्नुहोस्, तपाईको ध्यान येशूमा केन्द्रित गर्नुहोस् ।

## मेरो निम्ति येशू मर्नुभएको हुनाले....
## म चाहन्छु ......
## मलाई खाँचो छ....

| | |
|---|---|
| उहाँको वचन सिक्न | २ तिमोथी २:१५ |
| उहाँ परमप्रभुका पुत्र हुनुहुन्छ भनी विश्वास गर्न | यूहन्ना ८:२४ |
| उहाँ नम्र हुनु भए जस्तै नम्र हुन | फिलिप्पी २:५-८ |
| आफैलाई इन्कार गर्ने....येशूलाई पछ्याउन | लूका ९:२३ |
| उहाँको अधिकारलाई सम्मान गर्न | मत्ती २८:१८ |
| परमेश्वरको सन्तान बन्न | तीतस ३:५ |
| प्रायजसो प्रार्थना गर्न | १ थेसलोनिकी ५:१६-१८ |
| परीक्षालाई इन्कार गर्न | १ कोरिन्थी १०:१३ |
| मेरो जीवनमा पापलाई मृतक तुल्याउन | रोमी ६:५-११, १७-१८ |
| आत्मा र सत्यतामा आराधना गर्न | यूहन्ना ४:२४ |
| उहाँको बोलावटमा योग्यसाथ हिड्न | एफिसी ४:१-३ |
| असल उदाहरण बन्न | १ तिमोथी ४:१२ |
| सुसमाचार अरुलाई बाँड्न | मत्ती २८:१९-२० |
| असल प्रोत्साहन दिने व्यक्ति बन्न | एफिसी ४:२९ |
| अरुलाई क्षमा दिन | एफिसी ४:३२ |
| मृत्यु/पुनरुत्थानलाई स्मरण गर्नुहोस् | १ कोरिन्थी ११:२३-२६ |
| उदार चित्तले दिन | २ कोरिन्थी ९:६-७ |
| येशूका निम्ति खडा हुन | मत्ती १०:३२-३३ |
| विश्वासयोग्य दौड दौडन | २ तिमोथी ४:७-८ |
| येशूको निम्ति जिउन | २ कोरिन्थी ५:१४-१५ |
| परमेश्वरको धार्मिकता हुन | २ कोरिन्थी ५:२१ |

# खीष्टियन परिवारको निर्माण

परमेश्वरले मानिसहरुको आवश्कता पूरा गर्न परिवार स्थापना गर्नुभएको हो (उत्पति २:८-२५)। जब घर असफल हुन्छ तब समाजले दुःख पाउँछ। कमजोर र फुटेको घरहरुको कारण आजको समाजले दुःख पाइरहेको छ ।

शुरुदेखि परमेश्वरको योजनामा एउटा मानिसको निम्ति एउटा स्त्रीको साथ जीवनभरी रहोस् भन्ने थियो । *"एउटी विवाहित स्त्री तिनको पति बाँचुल्जेल आफ्नो पतिसँग कानूनले बाँधिएकी हुन्छन्, तर यदि तिनको पति मऱ्यो भने पति सम्वन्धको कानूनबाट मुक्त हुन्छे"* (रोमी ७:२) । घर, परिवार परमेश्वर र येशूको निम्ति गम्भीर विषय हो । येशूले भन्नुभयो, *"ती अब दुई होइनन्, तर एउटै शरीर हुनेछन् । यसकारण परमेश्वरले जसलाई एकसाथ जोड्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्याओस्"* (मत्ती १९:६) ।

यो घरभित्र हो जहाँ पति र पत्नीले माया, साथी र साथै पारस्परिक संसर्ग पाउँछन् (१ कोरिन्थी ७:२-५) । परमेश्वरले बालबालिकालाई यस संसारमा ल्याउने र परिवारमा आमाबाबुसंग हुर्काउने उद्देश्य राख्नुभयो । आज घर शैतानको आक्रमणमा छ । शैतानको विपक्षमा युद्ध गर्न हामीले हाम्रो परिवारलाई बचाउन जे गर्न सक्छौ, सो गरौ ।

**खीष्टियन परिवारहरु बन्धनमा स्थापना भएका छन ।** मानिस र उनको श्रीमतीले आफ्नो जीवन परमेश्वरमा समर्पण गरेको हुनुपर्छ (१ कोरिन्थी १५:१-४; कलस्सी ३:१-४) । त्यहाँ एक अर्काबिच बाचा हुनुपर्छ । एउटा शक्तिशाली खीष्टियन परिवार निर्माणको लागि हरेक सदस्यहरुको खुशी र सार्थक जीवनको लागि अझ बढी धर्मनिष्ठा चाहिन्छ । प्रसन्न घर निर्माण गर्न तपाईले आफ्नो निःस्वार्थ समय, क्षमता, धन र आफैलाई नै अर्पण गर्नुपर्ने हुन्छ । स्वार्थीपन बन्धनको दुश्मन हो ।

**खीष्टियन परिवारहरु परमेश्वरको सेवामा स्थापना भएको हुन्छन ।** खीष्टियन परिवारहरु सबै मण्डलीको सेवामा रहेका हुन्छन् । *"कति जनाको सङ्गततिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं । तर प्रभुको दिन नजिक आइरहेको तिमीहरुले देखेका हुनाले एउटाले अर्कोलाई झन प्रोत्साहन देओ"* (हिब्रू १०:२५) तपाईले कुनै एउटा सेवा आराधना वा बाइबल कक्षामा सहभागी हुन सक्नहुथ्यो तर तपाई सहभागी भएनौ भने, यसले तपाईको बालबच्चाहरुमाा खीष्टियानिटी त्यति महत्वपूर्ण छैनन् भन्ने सन्देश जान्छ ।

स्वस्थ परिवारको लागि प्रार्थना र बाइबल अध्ययनले निकै महत्वपूर्ण भूमिका खेल्छ । परमेश्वरः (१) अनन्त- भजनसङग्रह ९०:२ (२) सर्वशक्तिमान- उत्पति १:३ (३) असल- याकुब १:१७ (४) पवित्र- १ पत्रुस १:१६ (५) सर्वव्यापी- भजनसङ्ग्रह १३९ हुनुहुन्छ भन्ने कुरा परिवारहरुले चिन्नु पर्छ । यदि जसले हाम्रो पहिलो घर बनाउनु हुने अनन्त परमेश्वरको सेवा गर्दैनौ भने उसले बलियो, खुशी र सफल परिवार कहिल्यै पनि स्थापना गर्न सकिँदैन । खीष्टियन परिवारहरु एक अर्काको प्रशंसामा स्थापना भएको हुन्छ । मानव जातिको एउटा महान् आवश्यकता भनेको प्रशंसा गर्नु हो । श्रीमती, श्रीमान र बालकहरु सबैले यो आवश्यकता बाँडेको हुन्छन । हाम्रो उद्देश्य भनेको हामीले हाम्रो साथी, बालबालिका र आमाबाबुलाई प्रशंसा व्यक्त गर्न सक्नु हो । *"मानिसहरुले तिमीहरुसँग जस्तो व्यवहार गरुन् भन्ने तिमीहरु चाहन्छौ, तिमीहरुले पनि तिनीहरुसँग त्यस्तै व्यवहार गर"* (मत्ती ७:१२) । प्रशंसा व्यक्त गर्नु भनेको साधारणतय सुनौलो नियमलाई काममा प्रयोग गर्नु हो ।

**खीष्टियन परिवारहरु दयामा स्थापना भएको हुन्छन ।** दया सबै खीष्टियन परिवारको आवश्यक गुण हो । *"जसरी परमेश्वरले खीष्टमा तिमीहरुलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरु एक-अर्काप्रति कोमल मनका र दयालु होओ"* (एफिसी ४:३२) । 'कोमल हृदय' मूल गुण हो । जो भलादमी, भावुक, ख्याल गर्ने र बुझ्न सक्ने छ, त्यसले आफ्नो परिवारको निर्माण गर्छ । पतिहरुलाई विशेष गरेर कठोर व्यवहार नगर्न प्रोसाहन गर्नुपर्छ । *"पति हो, आ-आफ्ना पत्नीहरुलाई प्रेम गर र तिनीहरुप्रति कठोर नहोओ"* (कलस्सी ३:१९) । नम्रता र कोमल हृदय दह्रो परिवारको निम्ति आवश्यक तत्व हो ।

खीष्टियन परिवारहरुमा (१) साथी बन्ने अभ्यास (२) एक अर्काको कुरा सुन्ने (३) एक-अर्कालाई प्रेम गर्ने (४) सँगै समय बिताउने (५) परिवार र परमेश्वरप्रति दह्रो समर्पित भएको (६) दयालु र कोमल हृदयको (७) एक-अर्कालाई क्षमा गर्ने र (८) एक-अर्काको प्रशंसा गर्ने हुनैपर्छ ।

**दह्रो परिवारहरुले दह्रो मण्डलीको स्थापना गर्छन् ।**
**खीष्टियन परिवारहरुले एक-अर्कालाई स्वर्ग जान सहयोग गर्छन् ।**

# कलस्सी

## शुरुवाटको बुँदाहरु

१:१३-१४ *"अन्धकारका शक्तिदेखि" "परमेश्वरको प्रिय पुत्रको राज्यभित्र"*।
२:१२-१३ तिमीहरुका पापमा मरेको देखि *"येशूसंगै जीवित पारिनु भयो ।"*
परिणामः पापको क्षमा - *"छुटकारा"* (खीष्ट)
*"विश्वास"* (हाम्रो)

## नयाँ जीवन

खीष्टियन : ३:१-४ खीष्टियनहरुको आत्मिक जीवनको निम्ति जग ।
प्राथमिकता नम्बर १: *"माथिका कुराको निरन्तर खोजी गर्ने"* संसारिक/शारीरिक कुरा होइन ।
लक्ष्य : ३:४ उहाँ न्यायको निम्ति प्रकट हुनुहुँदा खीष्टलाई अनन्त महिमाको रुपमा पाउन ।

## खीष्टियन परिवारको दैनिक जीवन

**स्वभाव :**

१:४,८; ३:१४ प्रेम एकता
१:११ स्थिरता धैर्य
१:२३ विश्वासमा दृढता मन
३:१२ हृदय - करुणा...दया...दीनता...नम्रता...धैर्य
३:१५ खीष्टको शान्ति

**जीउनु :**

१:६,१० फल फलाउने ।
१:१० योग्य तरीकामा हिँडने । ज्ञानमा बढ्दै जाने ।
१:१२ धन्यवाद चढाओ ।
२:६ खीष्टमा हिँडनु । (येशू तिम्रो छेउमा हुनुहुन्छ)
२:८ झुटा शिक्षाहरुलाई इन्कार गर्नुहोस् ।
३:१ आत्मिक व्यवहार, आशिष र उद्देश्यहरुको खोजी गर्दै रहनुहोस् ।
३:५-९ पाप नगर्नु होस् ।
३:१३ अरुहरुलाई क्षमा गर्नुहोस् ।
३:१७ येशूलाई प्रसन्न हुने सबै काम गर्नुहोस् (प्रकाश २ र ३- *"मलाई तिम्रा कामहरु थाहा छ ।"*)
४:२ प्रार्थना गर्नु होस् ।
४:३ परमेश्वरको वचनलाई घोषणा गर्नुहोस् ।
४:६ दयालु वचन ।

**(१) परमेश्वरको सन्तान हुनुहोस्.......खीष्टियन ।**
**(२) विश्वासयोग्य खीष्टियन जीवन जीउनुहोस् ।**
**(३) अनन्तता स्वर्गमा विताउन परमेश्वर र येशूसँग जीउनुहोस् ।**
*"...अनि तिमीहरु पनि उहाँसँगै महिमामा प्रकट हुनेछौ ।"* कलस्सी ३:४

## एफिसी ४:४-६...एक

| | | |
|---|---|---|
| एउटै शरीर (एउटै मण्डली) | एउटै आत्मा (पवित्र आत्मा) | एउटै आशा |
| एउटै प्रभु (येशू खीष्ट) | एउटै विश्वास **एउटै बप्तिस्मा** | एउटै परमेश्वर, |

**आजको <u>एउटै बप्तिस्मा</u> के हो ?**
बप्तिस्मा भनेको गाडिनु, डुबाउनु वा चोपल्नु हो । पानीमा डुब्नु हो ।
बप्तिस्मा खीष्टसँग गाडिनु हो (रोमी ६:४; कलसी २:१२) ।
अभ्यासमा बप्तिस्मा भनेको पानीमा डुब्नु हो (प्रेरित ८:३६-३९; मत्ती ३:१६) ।

**बप्तिस्माको उद्देश्य के हो?**
- तपाईको पाप-क्षमाको निम्ति (प्रेरित २:३८) ।
  *".....तिमीहरुका पाप क्षमाको निम्ति येशू खीष्टको नाउँमा बप्तिस्मा लेऊ...।"*
- तपाईका पापहरु धुन (प्रेरित २२:१६) ।
  *"...बप्तिस्मा लिनुहोस्.....अनि उहाँको नाउँको पुकार गरेर आफ्नो पाप धुनुहोस् ।"*
- खीष्टमा प्रवेश हुनको लागि (गलाती ३:२७, रोमी ६:३) ।
  *"....तिमीहरुमध्ये जतिको खीष्टमा बप्तिस्मा भयो...।"*
- मुक्तिको लागि आवश्यक (१ पत्रुस ३:२१; मर्कूस १६:१६) ।
  *"बप्तिस्माले अहिले तिमीहरुलाई बचाउँछ ।"*
  *"विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ ।"*
- परमेश्वरले बप्तिस्मा लिन आज्ञा गर्नुहुन्छ (प्रेरित १०:४७-४८) ।
  *"अनि तिनले (पत्रुस) तिनीहरुलाई येशू खीष्टको नाउँमा बप्तिस्मा दिन भनी आज्ञा गरे ।"*
- येशूले बप्तिस्मा लिन आज्ञा गर्नुहुन्छ (मत्ती २८:१९-२०) ।
  *"...सबै देशका जातिहरुलाई चेला बनाओ,...नाँउमा बप्तिस्मा देओ ।"*
- जीवनको नयाँचालमा हिड्न; पुन जन्मिनु (रोमी ६:४; तीतस ३:५-६; यूहन्ना ३:३-५) ।
  *"...बप्तिस्माद्वारा उहाँसँगै गाडियौं...नयाँ जीवनको मार्गमा हिडौं ।"*
  *"उहाँले हामीलाई बचाउनुभयो...पुनर्जीवनको स्नानद्वारा..."* *"...पानीद्वारा जन्म..."*
- मानिसको निम्ति बप्तिस्मा परमेश्वरको उद्देश्य हो (लूका ७:३०) ।
  *"...परमेश्वरको उद्देश्यलाई अस्वीकार गऱ्यो...बप्तिस्मा नलिएर..."*

**नयाँ करार अनुसार बप्तिस्मामा परमेश्वरको के उद्देश्य छ?**
- तपाईको पाप क्षमा गर्न र पाप धुन ।
- हामीलाई शैतानको राज्यबाट बाहिर निकाल्न र हामीलाई खीष्टमा राख्न ।
- हामीलाई खीष्टको मण्डलीमा थप्न...परमेश्वरको घराना ।
- ईश्वरीय आज्ञा पालना गर्न ।
- मुक्तिको निम्ति बप्तिस्मा महत्वपूर्ण र आवश्यक छ ।

आफूलाई खीष्टियन भन्ने धेरै मानिसहरु आज येशूको वचन अनुसारको विश्वास, सिकाई र बप्तिस्माको अभ्यास र उहाँका प्रेरितहरुको सिकाईको अभ्यास गर्दैनन् । नयाँ नियमले हामीलाई वारम्वार झुटा शिक्षकहरुबाट होसियार हुन चेतावनी दिन्छ जसले आफुलाई खीष्टियन भनी दावा गर्छन र सुन्नमा विश्वासलाग्दो हुन्छन् (मत्ती ७:१५,२१; प्रेरित २०:२८-३१; १ तिमोथी १:३-५; २ तिमोथी ४:३-४; १ यूहन्ना २:१८-१९; ४:१) ।

हाम्रो विश्वास, शिक्षा र अभ्यास प्रेरितहरुको जस्तै हुनुपर्दछ ।
*"हामीले मानिसहरुको भन्दा परमेश्वरको आज्ञाको पालना गर्नै पर्छ ।"* प्रेरित ५:२९

## दिमागको विश्वास वा हृदयको विश्वास?

बाइबल अध्ययनले विभिन्न प्रकारका विश्वासको अवस्था, तह र स्तरहरु हुन्छन भन्ने कुराको प्रकट गर्छ। परमेश्वरमा गरेको सबै विश्वासले हामीलाई बचाउन सक्दैंनन् ।

हामीले हाम्रो दिमागमा परमेश्वर र येशूलाई विश्वास गर्न सम्भव छन्, तर त्यो विश्वास हाम्रो हृदयसँग कहिल्यै नजोडिएको हुन सक्छ।

दिमागः ज्ञान सत्यता समझ बुद्धि

हृदय : भावना स्वभाव मनोभाव प्राथमिकता

जुन तरिकाले यी दुई गुणहरु एकसाथ जोडिएका हुन्छन्, त्यसले नै हाम्रो सोच, बोलीवचन र कामलाई निर्धारण र मार्गदर्शन गर्दछन् ।

### विश्वासवारे केही बाइबलीय आधारभूत तथ्यहरु

हामीलाई हिब्रू ११:१ मा विश्वासको परिभाषा दिएको छ, *"अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो ।"* यो स्पष्ट हन्छ कि विश्वासको वृद्धि विकास गर्नु र यसलाई कायम राख्ने काम एक प्रकारको सिकिरहने क्रियाकलाप हो । यो हाम्रो माझमा अचानक घट्ने घटना होइन । परिश्रमी अध्ययनले सिकाईतर्फ डोऱ्याँउछ ।

हामीलाई रोमी १०:१७ ले भन्छ, *"जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ ।"* हामी यस्ता कुराहरु सुन्छौं र पढ्छौं जसले हामीलाई मानसिक रुप तिनीहरुसित सहमति हुने वा असहमिति हुने बनाउँछ। यसको निष्कर्षमा कि त स्वीकार गर्ने वा अस्वीकार गर्ने हुन्छ।

विश्वास सुरुमा सानो र बिस्तारै हुन्छ । बचाउन सक्ने विश्वास हुनुभन्दा अगाडि यो विश्वास अवश्य बढ्दै र पुर्ण रुपमा विकसित हुनुपर्छ। हाम्रो मनमा हामीलाई धेरै कुराको ज्ञान हुन सक्छन तरपनि हामी ती सबै कुराहरुलाई साँचो कार्यको रुपमा परिवर्तन गर्दैनौ किनभने हामी त्यस्ता कुराहरुको वास्तविक अस्तित्वमा विश्वास राख्दैनौ ।

२ कोरिन्थी १३:५ मा पावलले हामीलाई उत्साहित गदर्छन्, *"तिमीहरु विश्वासमा दह्रिला छौ कि छैनौ भनी आफैंले आफैलाई जाँच गर...।"* पावलले भनिराख्नुभएको छ कि विश्वास सधैको लागि हाम्रो सारा जीवनको सबैभन्दा महत्वपुर्ण भाग होइन। उहाँले हामीलाई चेतावनी दिनुहुन्छ कि हामी वास्तवमा विश्वासमा नभएको बेला पनि आफुलाई विश्वासमा छौ भन्ने सोच्दछौ ।

१ कोरिन्थी १६:१३ मा पावल अनुरोध गर्दछन्, *"सतर्क रहो, विश्वासमा दृढ भइरहो, साहसिलो र सामर्थी बन ।"* उहाँका सन्देश चाहि यो छ कि हामीमा दिमागको विश्वास हुन सक्छ जुनचाहिँ हाम्रो हृदयसँग कहिल्यै पनि नजोडिन हुन सक्छ।

### विश्वास...मुक्तिको जग

येशूले भन्नुभयो, *"विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ"* (मर्कूस १६:१६) । यूहन्ना ८:२४ मा मुक्तिदाता भन्नुहुन्छ, *"म उही हुँ भनेर तिमीहरुले विश्वास गरेनै भने आफ्ना पापमा मर्नेछौ ।"* हामी हिब्रू ११:६ बाट सिक्न सक्छौ कि, *"...विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरुलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ ।"* यो पूर्ण रुपले प्रस्ट छ कि, जसले मिहिनेतसँग परमेश्वरको खोजी गर्छ, उसको विश्वास दिमागमा मात्र सीमित हुँदैन । यस्तो दृढ विश्वास हृदयको गहिराइबाट काम गर्छ।

### पहिले दिमागको विश्वास आउँछ, अनि हृदयको विश्वास आउँछ ।

सुसमाचार यूहन्नाको मुख्य उद्देश्य यूहन्ना २०:३१ मा देखाइएको छ, *"तर यी लेखिएका छन्, कि तिमीहरुले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरुलाई जीवन प्राप्त होस् ।"* यो पदमा यूहन्ना कस्तो किसिमको विश्वासको बारेमा बोल्दै हुनुहुन्छ? दिमागको विश्वास?...वा....हृदयको विश्वास ? यस्तो प्रकारको विश्वास जसले परमेश्वरको नाउँमा मुक्ति आउँछ, त्यहाँ दिमागको विश्वास हृदयको विश्वासमा जोडिन्छ र परमेश्वरलाई प्रसन्न पार्ने कामहरु गर्छन् (हिब्रू ११:६) ।

### हृदयको विश्वास विना दिमागको विश्वास

*"तरै पनि शासकहरुमध्ये धेरैले उहाँमाथि विश्वास गरे, तर फरिसीहरुको डरले गर्दा, र तिनीहरुले सभाघरबाट निकालिदिन्छन् भन्ने डरले त्यो स्वीकार गरेन्न् । किनभने परमेश्वरको प्रशंसाभन्दा मानिसको प्रशंसा तिनीहरु बढी*

*रुचाउँथे"* (यूहन्ना १२:४२,४३) । बाइबलले परमेश्वर र खीष्टको बारेमा जे भन्छ, त्यो हामीलाई स्वीकार्न र बुझ्न सम्भव होला तर यो विश्वासलाई शासकहरुले जस्तै आफ्नो जीवनमा कहिल्यै लागु नगर्न सक्छौ ।

## दिमागको विश्वास विना हृदयको विश्वास

एक इमान्दार व्यक्ति जसले आफुलाई ईश्वरभक्त खीष्टियन भनेर भन्दछ र मानिसहरुले बनाएको परम्पराहरुलाई पछ्याउँछन र झुटा शिक्षाहरुलाई विश्वास गर्छन । *"झुटा अगमवक्ताहरुदेखि होशियार बस, जो तिमीहरुकहाँ भेडाको भेषमा आउँछन्, तर भित्रपट्टि चाहिँ डरलाग्दो ब्वाँसोहरुजस्ता हुन्छन्...मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिस मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ"* (मत्ती ७:१५,२१) । यो समस्या हुन जान्छ जब विभिन्न खीष्टियन समुहहरुले विभिन्न शिक्षा प्रचार गर्छन् ।

## दिमागको विश्वास + हृदयको विश्वास = मुक्ति = सत्य + स्वभाव

*"...तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, परमेश्वरले उहाँलाई मरेकाहरुबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ । किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ"* (रोमी १०:९,१०) ।
येशू हाम्रा मुक्तिदाता, र मुक्तिको बारेमा छलफल गर्दा, के तपाई बाइबलसँग मेलमिलापमा छौ वा के तपाई मानिसहरुले बनाएका परम्परामा जिइरहनु भएका छौ? के तपाई साँच्चै नै विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईको विश्वासलाई स्वीकार्नु हुन्छ भनेर जबकि तपाई उहाँको वचन पढ्ने, उहाँलाई प्रर्थना गर्ने र उहाँको मण्डलीको कार्यहरुमा सहभागी हुने जस्ता कुनै काम गर्दैनौ?

रोमी ६:१७ मा पावल हर्षित भएका छन् त्यस्ता खीष्टियनहरुप्रति जसले, *"...हृदयले पालना गरेका छन् ।"* जसले परमेश्वरलाई हृदयदेखि पालना गर्दछन् र विश्वासले आत्मा र सत्यतामा सेवा गर्छ, त्यस्तो व्यक्ति कहिले पनि डराउनु पर्दैन ।

परमेश्वरलाई प्रसन्न पार्न र अनन्त जीवनको इनाम प्राप्त गर्न हरेक खीष्टियनले दिमागको विश्वास (ज्ञान, सत्यता र समझ) मा बढ्नु र परिपक्व हुनुपर्छ र आज्ञाकारी सेवाद्धारा हृदयको विश्वासमा कठोर परिश्रम गर्नुपर्छ ।

तपाईको विश्वास कस्तो छ? के त्यो बलियो, अटल, र हृदयमा बढ्दै र काममा निरन्तर लागिरहेको छ ध्यानपूर्वक पुर्नविचार गर्नुहोस्? अरुले तपाईको विश्वासलाई कसरी मूल्याँकन गर्दछन्? तपाईले दैनिक जीवनमा प्रर्दशन गर्नुभएको विश्वास वारे येशूले के भन्नुहुन्छ ? के तपाईले उहाँलाई यो जीवन पछि न्यायको आशनमा भेट्नु हुन्छ?

***"किनकि परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गर्छ, र***
***संसारलाई जित्ने विजय हाम्रो विश्वास हो । संसारमाथि विजय***
***प्राप्त गर्ने के हो? त्यही हो, जसले येशू खीष्ट***
***परमेश्वरका पुत्र हुनुहुन्छ***
***भनी विश्वास गर्छ"***
**(१ यूहन्ना ५:४,५)**

## नम्रताबाट पवित्रता

**पवित्रताले** परमेश्वरसँग हाम्रो सम्बन्धको व्याख्या गर्छ । पवित्रता तब मात्र हासिल गर्न सकिन्छ जब हामीले हाम्रो प्राथमिकताहरु परिवर्तन नगरेर परमेश्वरलाई महत्वपूर्ण ठानी आफुभन्दा माथि राख्छौ । यसलाई **नम्रता** भनियो जुन आफुलाई पन्छाएर परमेश्वर पितालाई नै जीवनको केन्द्र बनाउनु हो ।

येशू भन्नुहुन्छ, *"...मन परिवर्तन भएर तिमीहरु साना बालकहरुजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ । जसले यो सानो बालकजस्तै आफुलाई नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा महान् हुनेछ"* (मत्ती १८:३-४) । मुक्तिको लागि नम्रता अति आवश्यक छ । *"सबै मानिसहरुसँग शान्तिमा बस्ने र पवित्र हुने प्रयत्न गर; पवित्रताविना कुनै मानिसले परमप्रभुलाई देख्न सक्दैन"* (हिब्रू १२:१४) । मुक्तिको लागि पवित्रता जरुरी छ ।

परमेश्वरको ढाँचा यो छ कि हामीले पहिले आफ्नो घमण्डलाई त्याग्नुपर्छ । अनि नम्रतामा बढ्नुपर्छ । त्यसपछि अन्तमा हामी आत्मिक पवित्रतामा बढ्न सक्छौ ।

नम्रताले हामीलाई परमेश्वरको वचन सुन्न उत्साह दिन्छ, जुन हाम्रो मुक्तिको निम्ति निकै आवश्यक छ ( रोमी १०:१७) ।

नम्रताले हामीलाई आफ्नो पापको पश्चाताप गर्न सिकाउँछ र संसारिक चालचलनहरु साँचो रुपमा परिवर्तन गर्न मदत गर्छ ताकि हामी स्वर्ग जानको लागि योग्य होऔ (लूका १३:३; प्रेरित १७:३०) ।

विनम्र ह्रदयले हामीलाई येशूनै प्रभुहरुका प्रभु हुनुहुन्छ भन्ने सत्य कुरा स्वीकार्न ल्याउँछ । यो विना हाम्रो उद्धार हुँदैनन् (रोमी १०:९) ।

नम्रताले हामीलाई पानीको बप्तिस्माको साँचो कारण बुझ्न सहयोग गर्छ, जुन हाम्रो पाप धुनको लागि हो (प्रेरित २:२८; १६:२२; १ पत्रुस ३:२१; रोमी ६:३,४) ।

नम्रताले हामीलाई परमेश्वरमा अर्पण गर्न र प्रत्येक दिन विश्वासयोग्य जीवन जिउन सहयोग गर्छ ( यूहन्ना १४:१५; रोमी १२:१,२; याकूब ४:६-१०; १ यूहन्ना १:६-९) ।

येशू र परमेश्वरविच रहेको हाम्रो सम्वन्धको एउटा भाग नम्रता हुनुपर्दछ (फिलिप्पी २:५-८) ।

नम्रताले हामीलाई परमेश्वरको नियम अनुसार मुक्तिको लागि हिड्नुपर्ने हरेक पाइला हिडाउन सहायता गर्छ ।

**घमण्डले** हामीलाई पापतर्फ बढाउँदछ ।

नम्रताले हामीलाई परमेश्वरतर्फ बढाउँदछ....पवित्रता र धार्मिकतामा ।

जब हामीले नम्रताको पाठ सिक्छौ र जीवनमा लागु गर्छौं तब मात्र परमेश्वरले हामीलाई पवित्रतातर्फ डोऱ्याउनु र हुर्काउनु हुन्छ । हामीले हाम्रो दृष्टि सधै कूसमा राख्नु पर्छ ।

येशूले लुका ९:२३ मा भन्नुहुन्छ, ...*"कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस्, र दिनहुँ आफ्नो कूस बोकेर मेरो पछि लागोस् ।"*

हिब्रू १२:१०-११ परमेश्वरले *"....हामी उहाँका पवित्रतामा सहभागी हुन सकौं भनेर हाम्रो फाइदाको निम्ति उहाँले ताडना दिनुहुन्छ....ताडनाद्वारा तालीम पाएकाहरुका लागि यसले पछि धार्मिकताको शान्तिपूर्ण फल उत्पन्न गराउँछ ।"*

१ पत्रुस १:१४-१६ *"आज्ञाकारी बालकहरु भएका हुनाले......तिमीहरुलाई बोलाउनुहुने जस्तो पवित्र हुनुन्छ, तिमीहरु आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ,...तिमीहरु पवित्र होओ किनभने म पवित्र छु ।"*

२ कोरिन्थी ७:१ *"...शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी आफैलाई शुद्ध पारौं, र परमेश्वरको भयमा पवित्रतालाई सिद्धतातर्फ बढाउँदै जाऔं ।"*

१ थेस्लोनिकी ३:१२-१३ *"...प्रभुले तिमीहरुलाई एकले अर्कासँग र सबै मानिससँग प्रेममा बढ्ने र प्रशस्त भइरहने तुल्याऊन्...परमेश्वर पिताको सामुन्ने तिमीहरुका हृदय पवित्र र निष्खोट तुल्याई स्थिर गराऊन् ।"*

कलस्सी १:२२-२३ *"...पवित्र, निष्खोट र निर्दोष प्रस्तुत...आफ्ना विश्वासमा अचल र स्थिर भइरहऱ्यौ...।"*

रोमी १:१७ *"धर्मीचाहि विश्वासद्वारा नै जिउनेछ ।"*

२ कोरिन्थी ५:२१ *"...हामी उहाँमा (येशू) परमेश्वरको धार्मिकता बन्न सकौं... ।"*

रोमी ८:९-१४ *"...परमेश्वरका आत्मा तिमीहरुमा वास गर्नुहुन्छ ....ख्रीष्ट तिमीहरुमा हुनुहुन्छ...येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरुमा वास गर्नुहुन्छ....तिमीहरुमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरुका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ...सबै जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरु नै परमेश्वरका सन्तान हुन् ।"*

हामी कहिल्यै पनि सिद्ध हुन सक्दैनौं । तै पनि परमेश्वरको अनुग्रह र ख्रीष्टको रगतको छुटकारा हामी परमेश्वरको दृष्टिमा पापरहित (क्षमा भएको) हुन सक्छौं । यस कार्यको लागि शुरुमा हामी नम्र भएर येशूको अधिनमा हुनुपर्छ । यसको अर्थ हामी आफ्नो शारीरिक इच्छा अनुसार जिउन छोडेर येशूमा जीवन अर्पण गर्नु हो । (२ कोरिन्थी ५:१४-१५)

## मानिसको एक नम्बरको उत्तरदायित्व के हो?

संसारको सबैभन्दा बुद्धिमानी व्यक्ति सोलोमनलाई मानिन्छ । जब उनले आफ्नो पिता दाऊदको स्थान लिएर इस्राएलका राजा भए तब परमेश्वरले उनलाई कुनै एउटा कुरा माग भन्नुभयो । सोलोमनले बुद्धि मागे । परमेश्वर उनको स्वभाव र प्राथमिकता देखेर प्रसन्न हुनुभयो कि उहाँले उनलाई धन सम्पति, नाम र उनका मानिसहरुको निम्ति शान्ति दिनुभयो ।

उपदेशकको पुस्तकमा सोलोमनले जीवनको उद्देश्य र अर्थको बारे राम्ररी व्याख्या गरेका छन् । उनले "सूर्यमुनि" भन्ने शब्दहरुको प्रयोगद्वारा संसारमा बिताउने जीवनको समयलाई देखाएका छन् । उनी बद्धि र व्यक्तिगत अनुभवद्वारा बोल्दछन् । उनले भनेका कुराहरु किन हाम्रो जीवनमा पहिलो प्राथमिकता हुनुपर्छ भन्ने कुरामा पुस्तकको निश्कर्ष टुङ्गिन जान्छ ।

सोलोमनले लेखेका हितोपदेशको पुस्तक जुन विवेकशील भनाइ, अर्ती, उपदेश र सल्लाहको पुस्तक पनि हो । इतिहासले उनलाई एक शक्तिशाली र धनी राज्यको प्रसिद्ध अगुवाको रुपमा स्थापित गरिदिएको छ । उनको जीवनको हरेक थोकले, उनले प्राप्त गरेका कुराहरुले, र उनका लेखहरुले हामीलाई उनको ज्ञानका शब्दहरु सुन्न र उनका अदभुत सल्लाहहरुमा विशेष विचार गर्न उत्साह दिन्छ ।

उपदेशक १२:१३ पदको शुरुमा यसो लेखिएको छ, *"...अब सबै कुरा सुनिएका छन्-कुराको निष्कर्ष यही हो ।"* अगाडि सोलोमनले नाम जीवन, धन, शक्ति, लोकप्रियता, र आनन्द आदिको महत्वको बारेमा विचार गर्छन् । यी हरेक मानिसका अभिलाषाहरुलाई, "व्यर्थ! व्यर्थ! सबै व्यर्थ!" भनेर भनियो । यी सबै प्राथमिकताहरु व्यर्थको, खाली, सिमित र अस्थायी मूल्यको लागि मात्र रहन्छ भनी सोलोमनले निष्कर्षमा बताउँछन् ।

सोलोमनको हृदयको बुद्धिमानी सल्लाह उपदेशक १२:१३ मा अभिलेख गरिएको छ, ***"परमेश्वरको भय राख र उहाँका आज्ञाहरु पालन गर । किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो ।"***

जब बाइबलले *"परमेश्वरको भय राख"* भनेर भन्छ तब यसबारे धेरै अलमल्ल हुन्छन् । *'भय'* भन्ने शव्दको मुख्य अर्थ, 'आदर, सम्मान, सत्कार र अभिवादन गर्नु' हो । परमेश्वर हामीबाट यही चाहनुहुन्छ । *"मेरो डर मान्ने र सधैं मेरा सबै कुरा पालन गर्ने तिनीहरुका हृदय भए त हुनेथियो, ताकि तिनीहरु र तिनीहरुका सन्तानको भलो सधैंभर होस्"* (व्यवस्था ५:२९) । यो सोचाइ बाइबलमा धेरै पटक दोहरिएको छ । *"...परमेश्वरले पक्षपात गर्नुहन्न, तर हरेक जातिमा जो उहाँसँग डराउँछ र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन्छ"* ( प्रेरित १०:३४-३५) । परमेश्वरको भय मान्नु भनेको आफुलाई उहाँको इच्छा अनुसार हाम्रो जीवन उहाँमा अर्पण गर्नु हो ।

परमेश्वरको भय राख्नुको अर्कोतिर दण्ड पनि छ । रोमी ११:२२ मा *"परमेश्वरको दया र कठोरता"* लेखिएको छ । यो अध्यायको लक्ष्य विश्वास हो । कमजोर विश्वासले अनाज्ञाकारी तर्फ दोहऱ्याँउछ, जहाँ *"तिमी पनि काटिनेछौ"* भन्ने शब्दहरुमा अन्त्य हुन्छ । पापको कारणले परमेश्वरबाट टाढा भइन्छ । दह्रो विश्वासले आज्ञापालन तर्फ डोऱ्याउँछ जसले परमेश्वरको परिवार हुने अवसरको सृजना गर्छ ।

परमेश्वरको भय मान्नु भनेको उहाँलाई प्रेम गर्नु हो । यूहन्ना १४:१५ मा येशू भन्नुहुन्छ, *"तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरुको पालन गर्नेछौ ।"* यूहन्ना ८:३१ मा येशू भन्नुहन्छ, *"तिमीहरु मेरो वचनमा रहयौ भने तिमीहरु साँच्चै मेरा चेला हौ ।"*

सोलोमनले उपदेशकको पुस्तकमा हामीलाई किन परमेश्वरको भय राख्नुपर्छ भन्ने कुराको ज्ञान दिएर पाठको अन्त्य गर्छन्, *"किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ"* (उपदेशक १२:१४) । उस्तै सन्देश हामीले २ कोरिन्थी ५:१० मा पाउँछौं, *"किनकि हामी सबै ख्रीष्टका न्याय आसनको सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफुले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ ।"* यी पदहरुको (बाइबलमा कतिपय ठाउँमा उल्लेख गरेको) मुख्य शब्द *'न्याय'* हो । सोलोमनको बुद्धिकौ हौसला, प्रोत्साहन, परमेश्वरको इच्छाहरु र येशूका वचनहरु, सबै पूर्ण मेलमिलापमा छन् ।

हाम्रो पहिलो प्राथमिकता र उत्तरदायित्व के हो?

*"परमेश्वरको भय राख्नु र उहाँको आज्ञाको पालन गर्नु....यो सबै मानिसको लागि हो ।"*

यो किन महत्वपुर्ण छ?

*"हामी सबै येशूको सामुन्ने न्यायको दिनमा देखा पर्नु पर्छ ।"*

हाम्रो मूर्खता वा बुद्धिको रोजाईको अन्तिम निश्कर्ष के होला?

| | | |
|---|---|---|
| **मूर्खता** | परमेश्वरको कठोरता | अनन्तको नरकको दण्ड |
| **बुद्धि** | परमेश्वरको कृपा | अनन्तको स्वर्गको सुख र महिमा |

# धेरै तोडिएका हृदयहरु

नेपालमा भएका मण्डलीहरुलाई आज के आवश्यक छ ?....**धेरै तोडिएका हृदयहरु !**

भजनसंग्रह ३४:१८ - *"चूर्ण हृदय भएकाहरु सबैका नजिक परमप्रभु हुनुहुन्छ, र निराश भएकाहरुलाई उहाँले बचाउनुहुन्छ ।"*

भजनसंग्रह ५१:१७ - *"तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो । हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाई तिरस्कार गर्नुहुन्न ।"*

यशैया ५७:१५ - परमेश्वर भन्नुहुन्छ, *"म उच्च र पवित्र ठाउँमा बस्दछु, विनम्रको आत्मा जागृत गराउन र पश्चात्तापीको हृदय जागृत गराउन, त्यससँग पनि बस्दछु जो आत्मामा पश्चातापी र विनम्र छ ।"*

मत्ती ५:३ - *"धन्य आत्मामा दीन हुनेहरु, किनभने स्वर्गको राज्य तिनीहरुको हो ।"*

**तोडिएको हृदय...आत्मामा दरिद्र र कुल्चिएका....पापप्रति शोक**

२ कोरिन्थी ७:९-१० - *"शोकले तिमीहरुलाई पश्चात्तापी बनायो ।"*
*"ईश्वरीय शोकको अनुभव"*
*"मुक्तिको निम्ति पश्चात्ताप उत्पन्न गर्छ, र त्यसमा पछुतो हुँदैन ।"*

**येशूसँग क्रूसमा टाँगिएका**

कसको लागि येशू क्रूसमा टाँगिनुभयो?

रोमी ५:६ - *"किनकि हामी दुर्वल हुँदा नै ख्रीष्ट अधर्मीहरुका निम्ति ठीक समयमा मर्नुभयो ।"*
रोमी ५:८ - *"....हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो ।"*
रोमी ५:१० - *"हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा...हामी बचाइनेछौ ।"*

के मैले आफुलाई इन्कार गरेर, ख्रीष्टको क्रूस बोकेर उहाँलाई पछ्याएको छु? यूहन्ना १४:६

गलाती २:२० - *"म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु.....ख्रीष्ट ममा जिउनुहुन्छ ।" "जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु ।"*

रोमी ६:४ - **बप्तिस्मा**: *"उहाँसँगै गाडियौं...नयाँ जीवनको मार्गमा हिँडौं ।"*

रोमी ६:५ - **बप्तिस्मा**: "उहाँसँग एउटै भएका छौं भने उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं ।"

रोमी ६:६ - *"पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो; अब उसो हामी पापका कमारा नहोऔं ।"*

रोमी ६:११ - **ख्रीष्टियन**: *"पापको लेखि मरेका....ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका"*

गलाती ५:२४ - **ख्रीष्टियन**: *"पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका"*

**आत्मा अनुसार जिऊ आत्मा अनुसार हिँड**

मन र ज्ञानः परमप्रभुको वचन अध्ययन गर्नुहोस् । छलफल कक्षा होशे ४:६

हृदय र स्वभावः येशूमा समर्पित ख्रीष्टको उदाहरण पछ्याउनु होस् ।

फिलिप्पी ४:७-९- *"परमेश्वरको शान्तिले तिमीहरुका हृदय र तिमीहरुका मनलाई येशूमा रक्षा गर्नेछ ।"*
सत्य, आदरणीय, न्यायसङ्गत, शुद्ध, प्रेम-योग्य, कृपामय, श्रेष्ठता *"यी कुराहरु गर, र शान्तिका परमेश्वर तिमीहरुमा हुनुहुन्छ ।"*

व्यवहारः मत्ती १५:१८-२०

| | |
|---|---|
| मानिसको हृदय र मन व्यवहारलाई अगुवाइ गर्नेछ | हितोपदेश ४:२३ |
| तिमीहरुको मनलाई परमेश्वरको वचनले भर्नुहोस् | मत्ती ४:४ |
| तिमीहरुको हृदय येशूको स्वभावले भर्नुहोस् | फिलिप्पी २:५-८ |
| तिमीहरु मृत्युसम्मै विश्वासी हुनेछौ र परमेश्वरलाई देख्नेछौ | प्रकाश २:१०, १४:१३ |

**हरेक ख्रीष्टियनहरुलाई तोडिएको हृदय चाहिन्छ,**
**हाम्रा पापको निम्ति दुःखी र इमान्दारसित पछुतो गर्ने,**
**जसले जीवनभरी पश्चाताप भक्तिभाव र विश्वासयोग्य सेवामा दोहऱ्याउँछ ।**

## बाइबलको उद्देश्य

हतौडा, करौंती, र मार्तोल सबै साधनहरु हुन् । तै पनि ती सामानहरुको फरक-फरक काम हुन्छन् । ती साधनहरु चलाउनु भन्दा पहिले हामीले तिनीहरु के कामको लागि प्रयोग गरिन्छ भन्ने कुरा बुझ्नुपर्छ । गाडी, हवाई जहाज, काँइयो, साबुन लगाएत अरु सबै कुराहरुमा पनि यो सत्य हो । यो मानिसहरुमा पनि लागु हुन्छ । जब हामीले तिनीहरुको काम र उद्देश्यहरु बुझ्छौ तब हामी तिनीहरुले के भन्छन् र किन त्यसो भन्छन् भनेर बुझ्न सक्छौं । उस्तै कुरा पुस्तकहरुमा पनि सत्य छन् । हामीले पुस्तकको सन्देश बुझ्नको लागि पहिले त्यस पुस्तकको उद्देश्य के छ भन्ने कुरा बुझ्न सक्नुपर्छ । यो कुरा बाइबलमा पनि सही छन् ।

कतिपय मानिसहरुले बाइबलद्वारा उनीहरुको संसारिक जीवन सफल हुन सक्छन् भन्ने विश्वास गर्दछन् । *"बाइबलले मेरो लागि के गर्न सक्छ?"* भन्ने प्रश्न लिएर उनीहरु अगाडी बढिरहेका देखिन्छन् । तर यो प्रश्न गलत हो । त्यसको सट्टमा उनीहरुले, *"बाइबलले मलाई के गर्न सक्छ?"* भन्ने प्रश्नसँग अगाडी बढ्नुपर्छ ।

बाइबलको उद्देश्य मानिसलाई परमेश्वरमा ग्रहण योग्य बनाउनु हो । यसको उदाहरण लेवीको पुस्तक हो । मोशाको व्यवस्था, कानूनहरु, ईश्वरीय विधानहरु र निषेधहरुको सङग्रह हो । तिनीहरुको उद्देश्य लेवीको पुस्तकमा राम्ररी व्याख्या गरिएको छ । लेवी २६:११-१२ *"तिमीहरुलाई घृणा नगरी म तिमीहरुकै बीचमा वास गर्नेछु । म तिमीहरुका बीचमा हिँड्डुल गर्नेछु, र म तिमीहरुका परमेश्वर हुनेछु, अनि तिमीहरुचाहिँ मेरा प्रजा हुनेछौ ।"* परमेश्वरले ती मानिसहरु उहाँ जस्तै भएको होस् भन्ने चाहनुहुन्थ्यो । तर उसो हुनको लागि तिनीहरु परेश्वर जस्तै पवित्र हुनु पर्छ (१९:२) ।

यो उद्देश्य सम्पूर्ण धर्मशास्त्रमा लगातार रुपमा वर्णन गरिएको छ । यी कुराहरु उहाँले स्वीकार्नु हुन्छ भनी पावलले आफ्नो पत्रमा परमेश्वरको चाहना उहाँको मण्डलीहरुको निमित्त यस्तो छ भनी लेख्दछ, *"यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून, र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून, र त्योचाहिँ पवित्र र निष्खोट होस्"* (एफिसी ५:२६-२७) ।

पत्रुसले यस उद्देश्यलाई अझ बलियो पार्न लेख्छन्, *"तर तिमीहरु त...परमेश्वरका निजी प्रजा..."* (१ पत्रुस २:९) । मानिसहरु जसलाई परमेश्वरले अङ्गाल्न सकून, मित्र बनाउँन र उहाँको आफ्नै भन्न सकून भन्ने परमेश्वरको चाहनु हुन्छ र यही उद्देश्य प्राप्त गर्न उहाँले हामीलाई प्रेरणा प्राप्त आज्ञाहरु र अर्तीहरु दिनुहुन्छ । पापले हामीलाई परमेश्वरबाट टाढा गर्छ । त्यो मुक्ति र मेलमिलाप (परमेश्वरसँग फेरि मित्रता) खीष्टद्वारा मात्र सम्भव हुन्छ । मण्डलीचाहिँ त्यो शरीर हो जो बचाइएका मानिसहरु, जो खीष्टको रगतद्वारा पापबाट धोइएका छन्, यस्तो जीवन जिउँछन् जुन उहाँमा ग्रहणयोग्य हुन्छ ।

### बाइबलले मलाई के गर्न सक्छ?

जब हामी महशुस गर्छौ कि बाइबलले हामीलाई हाम्रो जीवन परिवर्तन गर्छ, आकार दिन्छ र मार्गदर्शन दिन्छ । तब विशेष रुपमा बाइबलको उद्देश्यद्वारा पाएको ज्ञान र हेराइले हामीलाई परमेश्वरको प्रजा हुनको निम्ति आफ्नो जीवन परिर्वतन गर्न सहयोग गर्दछ ।

## **खीष्टियन जीवन के हो ?** यो यस्तो जीवन हो जो...

**बलिदान र सेवा** परमेश्वर र मानिस माः मत्ती ६:२४ - *"कसैले दुई मालिकको सेवा गर्न सक्दैन";* मत्ती २०:२६-२८- *"...जो तिमीहरुमा ठुलो हुने इच्छा गर्दछ, त्यो तिमीहरुको सेवक हुनुपर्छ....मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरुप आफ्नो प्राण दिन आयो ।"*

**वृद्धि विकासः** आत्मिक विकास र उन्नतिः १ पत्रुस २:२- *"नयाँ जन्मेका बालकहरुजस्तै शुद्ध आत्मिक दुधको तृष्णा गर, र त्यसबाट तिमीहरु आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौ ।"* २ पत्रुस ३:१८-*"तर हाम्रा प्रभु र मुक्तिदाता येशू खीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ ।"*

**डरबाट मुक्तिः** मत्ती १०:२८- *"तिनीहरुसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैन । बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ ।"*

**प्रशस्तताः** धनी र भरपुर जीवनः यूहन्ना १०:१०- *"म त तिनीहरुले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ ।''*

**हर्ष र आनन्दः** १ पत्रुस १:७-८- *"आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरुको विश्वास...तिमीहरुको यो विश्वास साँचो प्रमाणित होस्, र येशू खीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस; तिमीहरुले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ । उहाँलाई तिमीहरु अहिले देख्दैनौ, तापनि उहाँमाथि विश्वास गर्छौ र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ ।"*

**सङ्गतीः** १ यूहन्ना १:७- *"तर उहाँ ज्योतिमा हुनु भएझै यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एक-अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।"*

**आफैलाई इन्कार गर्नः** शारीरिक तृष्णाहरु र इच्छाहरु त्यागः तीतस २:११-१२- *"किनकि सबै मानिसहरुका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ, जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरु त्याग्न र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालिम दिन्छ ।"*

**१००% भरोसाः** मत्ती ६:३३-३४- *"तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन् । यसकारण भोलिको निम्ति फिकी नगर, किनकि भोलिको दिनले आफ्नो फिकी आफै गर्नेछ ।"*

**आशाः** अनन्त जीवनकोः १ पत्रुस १:३- *"परमेश्वर र हाम्रा प्रभु येशू खीष्टका पिता धन्यका हुनुहुन्छ! उहाँको महान् कृपाले मृतकबाट येशू खीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं ।"*

**असल कार्यहरुः** १ कोरिन्थी १५:५८- *"...स्थिर र अटल रहो, प्रभुको काममा सधैं बढ्दैजाओ किनभने तिमीहरु जान्दछौ, कि प्रभुमा तिमीहरुको परिश्रम व्यर्थ हुँदैन ।"* एफिसी २:१०- *"किनकी हामी असल कामहरुका निम्ति खीष्ट येशूमा सृजना गरिएका...हामी ती बमोजिम हिँडौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो ।"*

**खीष्टियन प्रभावः** मत्ती ५:१४-१६- *"तिमीहरु संसारका ज्योति हौ...तिमीहरुको ज्योति मानिसहरुका सामुन्ने चम्कोस्, र तिनीहरुले तिमीहरुका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरुका पिताको महिमा गरुन् ।"*

**धार्मिकता** क्षमा गरिएको र दोष रहित घोषणः रोमी ३:२४, २६, २८, ३०; ५:१- *"परमेश्वरका अनुग्रहको वरदानले खीष्ट येशूमा भएको उद्धारबाट तिनीहरु सित्तैंमा धर्मी ठहरिएका छन् ।"* याकूब २:१७, १८, २०, २४- *"यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो...म तिमीहरुलाई मेरो विश्वास कामद्वारा देखाउँछु....विश्वास कामविना व्यर्थ छ...तिमीहरु देख्दछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन ।"*

**भरोसा र आज्ञा पालना गर्नुहोस् ।**

# खीष्टियनलाई किन विवाह गर्ने?

चार हजार वर्ष अघि परमेश्वरले, प्रभुलाई नचिन्ने र उहाँको सेवा नगर्ने मानिसहरुसँग विवाह गर्दाको डरलाग्दो अवस्था वारेमा चेतावनी दिनुभएको थियो । *"तिमीहरुले उनीहरुसित सम्झौता नगर्नु । उनीहरुलाई नटिठयाउनू । उनीहरुसँग विवाहबारी नगर्नु । तिमीहरुका छोरी तिनीहरुका छोराहरुलाई नदिनू अथवा तिनीहरुका छोरीहरु तिमीहरुका छोराहरुका निम्ति नलिनू । किनभने तिनीहरुले तिमीहरुका छोराहरुलाई परमप्रभुबाट बहकाएर अन्य देवताको पुजा गर्न लगाउनेछन्; यसो गर्नाले परमप्रभुको कोध तिमीहरुमाथि दन्कनेछ..."* (व्यवस्था ७:२-४) ।

**मैले खीष्टियनलाई विवाह गरे** किनकि एउटा ईश्वीय श्रीमान/श्रीमती पुरुष वा महिलाको निम्ति आशिष हो । सहयोगीको साँचो आत्मियता कुनै हिरामोती वा संसारिक बहुमूल्य सम्पति भन्दा बढी मुल्यवानको हुन्छ । सत्यता, कृपा र दया जस्ता गुणहरु तिनीहरुका दैनिक वस्त्रहरु हुन् ।

**मैले खीष्टियनलाई विवाह गरे** किनकि जीवनको बाटोमा परीक्षाका घडीहरु घेरै आइपर्दछन् । उसको विवेकशील सोचाई र बुझाई नै कठिन र कष्टको अवस्थाहरुमा सहनशिलताको रुपमा काम गर्दछ । उनी मानविय कमजोरीप्रति निकै धैर्यवान हुन्छिन् र उनलाई पवित्र खीष्टियन प्रेमबाट मात्रै जित हासिल हुन्छ भन्ने कुराको राम्रो ज्ञान छ । जब अन्धकारले सबै छेक्छ र आशाहिन भइन्छ तब उनले मलाई कष्टको बादलमा सानो उज्यालेको किरणलाई देखाइदिन्छन् ।

**मैले खीष्टियनलाई विवाह गरे** किनकि मलाई थाहा छ कि मेरो प्रेम सय गुणले मलाई नै फर्किन्छ । उसले एक पती र साथीको रुपमा प्रेम गरिकन अझ बढी परमेश्वरको आशिषमय आत्मिक प्रेमद्वारा जस्तो सुकै कष्टहरु र मानिसका कमजोरीलाई भरिदिन्छ । यो प्रेम हो जसले हामीबिचको खाली ठाउँलाई बलियो सम्वन्ध जोडने काम गर्छ र जीवनमा आउने कुनै पनि सङ्घर्षबाट बच्ने हिम्मत दिन्छ । हाम्रो जीवनका लक्ष्यहरु, आशाहरु र प्राथमिकताहरु सबै एक हुन्छन् । यसले हाम्रो सम्वन्धमा साँचो खुशी ल्याउँदछ ।

**मैले खीष्टियनलाई विवाह गरे** किनकि मलाई यस्तो साथीको खोज थियो जसको विवेक र स्वभाव येशू खीष्टसँग मिल्छ ताकि उनले मेरो परिवारलाई असल बाटो देखाउन सकून । धन्यका हुन् मेरा बालबच्चाहरु जो सफा र असल घरमा एक दयालु हृदय भएकी आमाको साथ हुर्किन पाउँछन् जसले तिनीहरुका कुराहरुलाई प्रेमिलो हृदयले सुन्छिन् ।

**मैले खीष्टियनलाई विवाह गरे** किनकि उनको प्रेमले केवल उनको परिवारलाई मात्र नभई अन्य दुःखी र बिरामीहरुलाई पनि हेर्दछन् । उनले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर्दछन् । उनले आफ्नो बालबालिकाको निम्ति असल उदाहरण छोड्दछन् ।

**मैले खीष्टियनलाई विवाह गरे** किनकि मेरो जीवन साथी, जसलाई म निकै प्रेम गर्छु, यदि ऊ खीष्टमा नभइकन अन्य कुरामा विश्वास गर्छ भने मेरो दैनिक जीवन निकै कठिनाइले भरिन्थ्यो । खीष्टियन जीवन भनेको मेरो जीवनको सबैभन्दा महत्वपुर्ण भाग हो ।

**मैले खीष्टियनलाई विवाह गरे** किनकि यसको अर्थ हामी दुवै जना एउटै नियम, परमेश्वरको व्यवस्था अनुसारको बन्धन, प्रेम, क्षमा, विश्वास, र विवाहमा बाँचिरहेका हुन्छौ (१ कोरिन्थी ७:१-५; १ पत्रुस ३:७; एफिसी ५) ।

**मैले खीष्टियनलाई विवाह गरे** किनकि यो जीवन बितेपछि म स्वर्ग जान चाहन्छु । मेले विश्वास गरेको कुरा मेरो जीवन साथीले पनि गर्छ । हाम्रो एउटै इच्छा परमेश्वरको स्वर्गीय घर प्राप्त गर्न हामी दुवैले एकअर्काको साथ दिनुपर्छ र सहयोग गर्नुपर्छ ।

**पत्नीहरु......पतिहरु**

तपाईहरुले अगांल्नु भएको नाम र तपाईहरुलाई पर्खिरहेको मुकुटलाई धोका नदेओ ।

## सम्प्रदाय विनाको ख्रीष्टियानिटी

पत्रुस, यूहन्ना, याकूव, पेन्तिकोसका दिनका ३००० मानिसहरु (प्रेरित २:३८-४७), कर्नेलियस, इथियोपियाली नपुंसक, लिडिया, कोरिन्थीहरु, फिलिप्पीको हाकिम (हामीले प्रेरितको पुस्तकमा पढ्न पाउने जति सबै) कुन सम्प्रदायका हुन्? तिनीहरु कुनै पनि सम्प्रदायका होइनन् । तिनीहरु ख्रीष्टको शरीरको सदस्य मात्र हुन्, प्रभुको मण्डली हो (एफिसी १:२२, २३; कलस्सी १:१८, २४) । आज तिनीहरु कुनै सम्प्रदायका सदस्यहरु होइनन् (एफिसी ४:४-६) । सबै जो प्रभुको शरीरको अङ्ग बने (एफिसी ५:२३), तिनीहरुलाई प्रभुले मण्डलीमा थपिदिनुभयो (प्रेरित २:४७) र पनि तिनीहरु कुनै सम्प्रदाय होइनन् । उहाँले तिनीहरुलाई अन्धकारको राज्यदेखि अथवा संसारदेखि छुटाएर आफ्नो प्रिय पुत्रको राज्यमा अर्थात मण्डलीमा सार्नुभएको छ (कलस्सी १:१३, १८) र अझै पनि तिनीहरु सम्प्रदायका होइनन् । उनीहरुलाई एउटै शरीरमा बोलाइएको थियो (कलस्सी ३:१५) ।

त्यस्तै गरी, आज यदि एउटा पापीले ख्रीष्टमा विश्वास गर्छ र बप्तिस्मा लिन्छ, पेन्टिकोसको दिनमा ३००० मानिसले झैं, नपुसंक, लिडिया, कर्नेलियस, हाकिम आदिः यसले यो मानिसलाई सामान्य तया ख्रीष्टियन बनाउँछ । अरु कुराले होइन (मर्कूस १६:१६; प्रेरित २:३६-४१; ८:३५-३९; १६:१४,१५; १६:३०; रोमी ६:३-४; गलाती ३:२६, २७) । यो गर्नाले उसलाई कुनै सम्प्रदायको सदस्य बनाउदैन् ।

के यो संख्याले हप्ताको पहिलो दिनमा आराधना गर्न आउँछन्? (प्रेरित २०:७) । प्रेरितहरु र पहिलो शताब्दीका ख्रीष्टियनहरुलाई जस्तै ख्रीष्टको नामले मात्र यिनीहरुलाई परिचय दिँदछ । बाइबल नै विश्वासको आधार हो भनी स्वीकार गर्ने र सिकाउने, बाइबलिय अधिकार विश्वास गर्ने र अवलोकना गर्ने, सेवकहरुलाई अगुवाई दिने र बाइबलले भने जस्तै गर्ने, के यसो गर्नाले उनीहरु सम्प्रदाय नभई प्रभुको मण्डली हुँदैनन् र?

हामी विश्वास गर्छौ कि यो स्थानको वारेमा बाइबलले हामीलाई सिकाएको छ र हामी सबैले यो लिनु पर्छ । बाइबलले मात्र, नयाँ करारको ख्रीष्टियन बनाउँछ, घटी पनि होइन बढी पनि होइन् । नयाँ करारको ख्रीष्टियन भए पछि हामी नयाँ करारको मण्डलीका सदस्य हौ र त्यही हौ । यदि पश्चाताप गरेर बप्तिस्मा लिंदा पहिलो शताब्दीको मण्डलीमा जस्तै प्रभुले हामीलाई उहाँको मण्डलीमा थप्नुहुन्छ त कि अरु कुनैमा सामेल हुने? परमेश्वरको वचनको सम्पूर्ण सम्पतिसंग, किन हामीले मानिसले बनाएका पथ र विश्वासको नियमको विचार गर्ने? किन हामीलाई सम्प्रदायिक नामहरुद्धारा बोलाइने? हामी ख्रीष्टमा विश्वास गर्छौ । उहाँ नै हाम्रो सार हुनुहुन्छ र उहाले जे भन्नुहुन्छ हामी त्यही गर्छौ । फलस्वरुव नयाँ नियममनै हाम्रो विश्वासको सार र सिद्धान्त हो (मानिसले बनाएको सार होइन) ।

के यो तपाईलाई राम्रो लाग्यो? के तपाईलाई सत्य हुन राम्रो लाग्छ? धेरै मानिसले यो यस्तै हुनुपर्छ भनी विश्वास गर्दछन् तर पालन गर्ने वेलामा कुरो अर्कै हुन्छ । वास्तवमा यो कुनै विकल्प व वैकल्पिक कुरा होइन् । ख्रीष्टले आफ्नै रगतद्धारा मण्डलीलाई किन्नुभयो (प्रेरित २०:२८) । मण्डली उहाँको हो । यो हाम्रो खुशी अनुसार गर्नको निम्ति होइन् । यो एउटा गम्भीर कुरा हो र प्रभुले जे भन्नुहुन्छ सो सुन्नु र गर्नु अत्यन्तै महत्वपूर्ण हुन्छ (लूका ६:४६; यूहन्ना १२:४८) ।

### एफिसी ४:४-६

शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ- जसरी तिमीहरु बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरुको बोलावटसँग गाभिएको छ- एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ ।”

पद खोज्नेको जवाफ (पाना नम्बर.....बाट)

(१) व्यवस्था र अगमवक्ताहरु ।

(२) येशू खीष्ट

(३) होइन् । हामी सबैले पाप गरेका छौ ।

(४) धार्मिक घोषणा हुनु वा परमेश्वरद्धारा सही हुनु नै धर्मी हुनु हो । येशू खीष्टमा परमेश्वरको अनुग्रह पाउनु धार्मिकता हो ।

(५) येशू हाम्रो प्रायश्चित हुनुहुन्छ । खीष्टको आफ्नै बलिदानको रगतद्धारा परमेश्वरको क्रोधलाई फकाउनु नै प्रायश्चित हो ।

(६) परमेश्वरको धार्मिकता प्रकट गर्नु । पापी मानिसहरुलाई धर्मी ठहऱ्याउँदा पनि परमेश्वर धर्मी हुनुहुन्छ ।

(७) कुनै मानिसले पनि आफ्नै असल काममा घमण्ड गर्न सक्दैनन् ।

(८) विश्वास

(९) कुनै मानिसको समुहमा परमेश्वरको एकाधिकार भएको छैनन् । परमेश्वर सबै मानिसलाई बचाउन चाहनुहुन्छ ।

(१०) विश्वास

(११) यसले विश्वास स्थापना गर्छ ।

(११) सबै मानिसको उद्धार हुन्छ, तर क्रुसमा खीष्टको बलिदानद्धारा मात्र हुन्छ । उद्धार पाउनको निम्ति असल कार्य मात्र पर्याप्त छैनन् । तै पनि कामको आज्ञा पालनले हाम्रा विश्वास प्रमाणित हुनै पर्छ ।

**बाइबलबाट जोडा मिलाउनुहोस् ।**

१–घ
२–छ
३–झ
४–ट
५–ग
६–ङ
७–ख
८–ठ
९–ज
१०–ञ
११–च
१२–क
१३–ण
१४–ड


<u>**थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्नुहोस:**</u>

**सत्यवाणी नेपाल**
**नेपाल बाइबल अध्ययन केन्द्र**
**सेराफाँट, चापागाउँ, गोदावरी न.पा, ११, ललितपुर**
**पो.ब. नं. २५९९९**

## नेपाल बाइबल अध्ययन केन्दको छोटो इतिहास




नेपाल बाइबल अध्ययन केन्द्र (Nepal Center for Biblical Study) को परिकल्पना सर्वप्रथम सन् २००९, फरवरीमा डेनभर स्थित बीयर भ्याली बाइबल इन्स्टिच्यूटका समन्वयकर्ताबाट गरिएको थियो । नेपालमा हुनुभएका विश्वासयोग्य ख्रीष्टियनहरुले पनि यसलाई स्थापित गर्नुपर्ने आफ्ना प्रार्थना र विचारहरु प्रस्तुत गर्नुभएको थियो । विभिन्न मण्डलीहरु तथा अगुवाहरुद्वारा गरिएको प्रार्थनाको फलस्वरुप यस बाइबल अध्ययन केन्द्रको स्थापना भई परमेश्वरको अनुग्रहद्वारा नोभेम्वर २, २००९ बाट यो नेपाल बाइबल अध्ययन केन्द्रमा पठनपाठन संचालन भएको थियो । नेपाल बाइबल अध्ययन केन्द्र प्रार्थनापूर्वक र पूर्णरुपमा दाजुभाईहरुलाई ख्रीष्टको सुसमाचार प्रचार गर्न र परमेश्वरको वचनमा प्रेरणा भए अनुसारको सत्यतामा दुई वर्षे तालिम दिने उद्देश्यमा समर्पित रहेको छ । नेपाल बाइबल अध्ययन केन्द्रको लक्ष्य भनेको नेपाली अगुवाहरु, पुरुषहरु र स्त्रीहरुलाई ख्रीष्टियन सेवाको निम्ति र ख्रीष्टको राज्यलाई परिपक्वता तर्फ डोऱ्याउनको निम्ति व्यक्तिगत रुपमा तालिम दिनु र सुसज्जित पार्नु हो । नेपालमा विश्वासयोग्य ख्रीष्टियनहरुले प्रचारक र बुद्धिमान् अगुवाहरुलाई आत्मिकतामा तालिन दिने विद्यालयको निम्ति निरन्तर प्रार्थना गरिरहनुभएको थियो । यसमा तपाईहरु सबैलाई विद्यालय परिवारबाट धन्यवाद दिन चाहन्छौ । विद्यालय स्थापनाको समयदेखि यो वर्षसम्म २२ जना विद्यार्थीहरु दीक्षित हुनुभएका छन र उहाँहरु सबै आ-आफ्नो क्षेत्रमा प्रभुको राज्यमा असल कामदार हुनुभएका छन् । विद्यायमा पूर्व नेपालदेखि पश्चिम महाकाली लगायत भारत देशका विद्यार्थीहरुको आगमन रहेको छ ।

यहि वर्ष २०७३ साल तद अनुसार सन् २०१७ मा प्रभुको अनुग्रह र देश विदेशमा हुनु भएका विश्वासीजनहरुको आर्थिक सहयोगद्धारा नेपाल बाइबल अध्ययन केन्द्रले चापागाउ शेराफाँट अवस्थित गजेन्द्र देशारको निजी जग्गामा आफ्नै नयाँ भवन निमार्ण कार्य सम्पन्न गरी प्रभुको कामलाई तिव्रता दिएका छन् । विद्यालय भवन निमार्ण कार्यमा प्रत्यक्ष/अप्रत्यक्षरुपमा सहयोग गर्नुहुने सबै परमेश्वरका जनहरुलाई विद्यालयको तर्फबाट धन्यवाद दिन चाहन्छौ । हामी नेपाल बाइबल अध्ययन केन्द्र सत्य सिद्धान्तमा स्थापित भएर, ख्रीष्टियन प्रेम र सेवाको उदाहरण हुन सकोस् र संसारको निम्ति ज्योति भई हाम्रा परमेश्वर पितामा महिमा ल्याउन सकोस् भनी तपाईहरुले निरन्तर प्रार्थना गरिदिनुभएको होस् र सुझाव सल्लाह दिनुभएको होस् भनी हार्दिक अनुरोध गर्दछौं । धन्यवाद ।